# स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७८

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

प्रकाशक : निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

प्रकाशन मिति : २०७६ कार्तिक

छपाइ भएको प्रति : १000

# विषयसूची


| | | | |
|---|---|---|---|
| १. | परिच्छेद-१ | प्रारम्भिक | १ |
| २. | परिच्छेद-२ | मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था | ४ |
| ३. | परिच्छेद-३ | मतदान अधिकृत र अन्य कर्मचारी सम्बन्धी व्यवस्था | ९ |
| ४. | परिच्छेद-४ | निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार | १३ |
| ५. | परिच्छेद-५ | मतदाता नामावली उपलब्ध गराउने | १६ |
| ६. | परिच्छेद-६ | गाउँपालिका वा नगरपालिकाको निर्वाचन प्रणाली र निर्वाचन कार्यक्रम सम्बन्धी व्यवस्था | १७ |
| ७. | परिच्छेद-७ | उम्मेदवारको योग्यता तथा मनोनयन | १७ |
| ८. | परिच्छेद-८ | मतदान केन्द्र सम्बन्धी व्यवस्था | ३१ |
| ९. | परिच्छेद-९ | मतदान सम्बन्धी व्यवस्था | ३३ |
| १०. | परिच्छेद-१० | मतगणना सम्बन्धी व्यवस्था | ६२ |
| ११. | परिच्छेद-११ | अनुगमन सम्बन्धी व्यवस्था | ७८ |
| १२. | परिच्छेद-१२ | आचारसंहिता अनुगमन सम्बन्धी व्यवस्था | ८७ |
| १३. | परिच्छेद-१३ | पर्यवेक्षण सम्बन्धी व्यवस्था | ९४ |
| १४. | परिच्छेद-१४ | विविध | १०५ |
| १५. | अनुसूचीहरु | | ११७ |

# स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६

**निर्वाचन आयोगबाट स्वीकृत मिति**
**२०७६।०७।०५**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमनकर्ता" भन्नाले स्थानीय तहको उपनिर्वाचनको काम, कारबाही तथा आयोगले जारी गरेको आचारसंहिता कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(ग) "आचारसंहिता" भन्नाले निर्वाचन आचारसंहिता, २०७२ सम्झनु पर्छ र सो शब्दले स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ लाई समेत जनाउँछ ।

(घ) "अनुगमन टोली" भन्नाले आयोगले उपनिर्वाचन सम्बन्धी कामको अनुगमनको लागि खटाएको दफा १७१ बमोजिमको उपनिर्वाचन अनुगमन टोली सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "उपनिर्वाचन" भन्नाले स्थानीय तहको उपनिर्वाचन सम्झनु पर्छ ।

(छ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ज) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) “उम्मेदवार” भन्नाले उपनिर्वाचनमा कुनै पदको लागि दफा २३ बमोजिम मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) “ऐन” भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(ट) “गाउँपालिका” भन्नाले संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको गाउँपालिका सम्झनु पर्छ ।

(ठ) “दल” भन्नाले उपनिर्वाचन प्रयोजनको लागि प्रचलित सङ्घीय कानून बमोजिम आयोगमा दर्ता कायम रहेको राजनीतिक दल सम्झनु पर्छ ।

(ड) “नगरपालिका” भन्नाले संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको नगरपालिका सम्झनु पर्छ ।

(ढ) “नियमावली” भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(ण) “निर्वाचन अधिकारी” भन्नाले निर्वाचन कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(त) “निर्वाचन अधिकृत” भन्नाले दफा ३ वा ४ बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(थ) “निर्वाचन अनुगमन” भन्नाले उपनिर्वाचन व्यवस्थापनको लागि प्रचलित निर्वाचन कानून र आयोगले निर्धारण गरेका नीति, कार्यक्रम, कार्यप्रक्रिया, मापदण्ड, पर्यवेक्षकको आचारसंहिता, उपनिर्वाचन कार्यतालिका र आदेश बमोजिम हुनुपर्ने सबै प्रकारका काम व्यवस्थित एवं प्रभावकारी ढङ्गले सञ्चालन गर्ने तथा त्यस्ता कार्यको सञ्चालनमा कुनै अवरोध वा कठिनाई उत्पन्न भएमा निर्धारित नीति वा मापदण्ड बमोजिम गराउन निर्देशन दिने र यस निर्देशिका बमोजिम स्थलगत अवलोकन गर्ने, तथ्य सङ्कलन गर्ने, विश्लेषण गर्ने तथा प्रतिवेदन दिने समेतका कार्य सम्झनु पर्छ ।

(द) “निर्वाचन कार्यालय” भन्नाले जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ध) “निर्वाचन चिन्ह” भन्नाले उपनिर्वाचनको प्रयोजनको लागि दफा ४५ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन चिन्ह सम्झनु पर्छ ।

(न) “निर्वाचन प्रतिनिधि” भन्नाले उम्मेदवारले उपनिर्वाचन प्रयोजनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न दफा २१८ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(प) “पर्यवेक्षक” भन्नाले स्थानीय तह उपनिर्वाचनको पर्यवेक्षणको लागि आयोगबाट अनुमति पाई पर्यवेक्षक परिचयपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(फ) “पर्यवेक्षण संघ/संस्था” भन्नाले यस निर्देशिकाको दफा १९६ बमोजिम आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त राष्ट्रिय संघ/संस्था/सञ्जाल सम्झनु पर्छ ।

(ब) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(भ) “मतगणना प्रतिनिधि” भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि दफा २१९ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(म) “मतदाता” भन्नाले देहाय बमोजिमको उपनिर्वाचनको लागि प्रचलित सङ्घीय कानून बमोजिम मतदाता नामावलीमा नाम समावेश भएको देहाय बमोजिमको व्यक्ति सम्झनु पर्छ :-

(१) अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको उपनिर्वाचनका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(२) वडा अध्यक्षको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको ।

(य) “मतदाता नामावली” भन्नाले मतदाता नामावली ऐन, २०७३ को दफा ४ बमोजिम आयोगले तयार गरेको मतदाताको विवरण सहितको अन्तिम मतदाता नामावली सम्झनु पर्छ ।

(र) “मतदान अधिकृत” भन्नाले दफा ८ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ल) “मतदान केन्द्र” भन्नाले उपनिर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले दफा ५३ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(व) “मतदान प्रतिनिधि” भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि दफा २१८ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(श) “मतपत्र” भन्नाले उपनिर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ ।

(ष) “मतपेटिका” भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ ।

(स) “मनोनयनपत्र” भन्नाले उपनिर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृत समक्ष पेश भएको मनोनयनपत्र सम्झनु पर्छ ।

(ह) “वडा अध्यक्ष” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(क्ष) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(त्र) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२
## मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था

३. **मुख्य निर्वाचन अधिकृतको नियुक्ति तथा काम, कर्तव्य र अधिकार :** (१) संविधान, ऐन तथा प्रचलित सङ्घीय कानून बमोजिम उपनिर्वाचनमा सम्पादन गर्नु पर्ने काम गर्न वा गराउनका लागि आयोगले न्याय परिषद्को परामर्शमा उपनिर्वाचन हुने प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको उपनिर्वाचन सम्बन्धी कामको समन्वय र सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(३) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको स्थानीय तहको अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडाध्यक्षको उपनिर्वाचनको लागि निर्वाचन अधिकृतको रुपमा समेत काम गर्नेछ ।

(४) ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपनिर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न निर्वाचन कार्यालयबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा समायोजन भई आएका कर्मचारी वा स्थानीय सेवामा कार्यरत कर्मचारीको विवरण माग गर्ने,

(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि जिल्लाभित्र अन्य निर्वाचन अधिकृत भएमा निजसँग समेत समन्वय गरी सम्बन्धित जिल्ला भित्र मतदान हुने मतदान केन्द्रका लागि आवश्यक पर्ने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा सहयोगी कर्मचारीको नियुक्ति र खटनपटन गरी सोको विवरण सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) सम्बन्धित जिल्ला भित्र अन्य निर्वाचन अधिकृत भएमा निजसँग समन्वय गर्ने र उपनिर्वाचन सम्बन्धी कामलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यकता अनुसार निर्देशन दिने,

(घ) उपनिर्वाचन सम्पन्न भएपछि सम्बन्धित जिल्लाको उपनिर्वाचन सम्बन्धी एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने,

(ङ) जिल्लाभित्रका उपनिर्वाचन सम्बन्धी कामको सुपरीवेक्षण र समन्वयको लागि आयोगले तोके बमोजिमका अन्य काम गर्ने ।

(५) एउटै जिल्लामा स्थानीय तह सदस्य, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको उपनिर्वाचन हुने रहेछ भने प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनका लागि नियुक्त भएको मुख्य निर्वाचन अधिकृतले स्थानीय तहको सदस्यको उपनिर्वाचन प्रयोजनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रुपमा काम गर्नेछ ।

४. **निर्वाचन अधिकृतको नियुक्ति तथा काम, कर्तव्य र अधिकार :** (१) संविधान, ऐन तथा प्रचलित सङ्घीय कानून बमोजिम उपनिर्वाचनमा

सम्पादन गर्नु पर्ने काम गर्न वा गराउन आयोगले न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्नेछ ।

(२) आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडाध्यक्षको उपनिर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारबाही स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रुपमा गर्नु गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(३) ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट प्रकाशित उपनिर्वाचन कार्यक्रम आफ्नो कार्यालय र सम्बन्धित स्थानीय तहको कार्यालयमा र वडाध्यक्षको उपनिर्वाचन हुनेमा सम्बन्धित वडा कार्यालयमा समेत प्रकाशन गर्ने गराउने,

(ख) आयोगबाट प्राप्त भएको मतदान केन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्ने गराउने,

(ग) निर्वाचन कार्यालय मार्फत आयोगले उपलब्ध गराएका मतदाता नामावली, ऐन, नियम, निर्देशिका, कार्यविधि, अनुसूची फाराम, मतपेटिका, मतसङ्केत गर्ने स्वस्तिक छाप लगायतका निर्वाचन सामग्री प्राप्त गर्ने,

(घ) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि उपनिर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा आयोजना गरिने तालीम कार्यक्रममा सरिक हुने,

(ङ) मतदान केन्द्र तथा मतगणना गर्ने स्थान र सो कार्यमा खटिने कर्मचारी तथा निर्वाचन पर्यवेक्षकलाई आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(च) मतदानको दिन मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने,

(छ) मतदान कार्य समाप्त भएपछि मतदान केन्द्रबाट मतगणना गर्न तोकिएको स्थानमा मतपेटिका सङ्कलन

गर्ने व्यवस्था मिलाउने र मतपेटिका बुझी सुरक्षितसाथ राख्ने,

(ज) सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(झ) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको घोषणा गर्ने,

(ञ) उपनिर्वाचन सम्पन्न भएपछि सोको परिणामको विवरण निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,

(ट) आयोगबाट स्वीकृत उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ बमोजिम खर्च लेख्ने, लेखा राख्ने र तद्अनुसारको वित्तीय उत्तरदायित्व वहन गर्ने,

(ठ) उपनिर्वाचन सम्बन्धी सम्पूर्ण खर्चको आन्तरिक लेखा परीक्षण गराई सोको आर्थिक विवरण सहितको स्रेस्ता सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउने,

(ड) उपनिर्वाचनको पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,

(ढ) निर्वाचन आचारसंहिता पालना गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) निर्वाचन आचारसंहिताको पालना गर्नुपर्ने कर्तव्य भएका राजनीतिक दल तथा उम्मेदवार वा निजका प्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, आमसञ्चारका माध्यम, निजी तथा गैर सरकारी संस्था, पर्यवेक्षक लगायतका सबै निकाय, संस्था तथा व्यक्तिलाई निर्वाचन आचारसंहिताको पालना गर्न लगाउने ।

(२) उपखण्ड (१) बमोजिम आचारसंहिताको पालना गर्नुपर्ने कर्तव्य भएका निकाय, संस्था वा व्यक्तिबाट आचारसंहिता उल्लङ्घन भएको देखिए, बुझिए वा सुनिएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाउने,

(३) उपखण्ड (१) वा (२) बमोजिम आचारसंहिता उल्लङ्घन भएको देखिए वा पाइएमा

रोकथामको लागि स्थानीय प्रशासन वा सुरक्षा निकायको सहयोग लिन सक्ने, यसरी त्यस्तो कार्य तत्कालै रोकथामको लागि स्थानीय प्रशासन वा सुरक्षा निकायले प्रचलित कानून बमोजिम कारबाही गरी सोको जानकारी निर्वाचन अधिकृतलाई दिने,

(४) निर्वाचन अधिकृतले उपखण्ड (१), (२) र (३) बमोजिमको विवरण तुरुन्त मुख्य निर्वाचन अधिकृत र आयोग समक्ष पठाउने,

(५) उम्मेदवार वा निजका प्रतिनिधि, मतदान कार्यमा संलग्न कर्मचारी, स्वयम्सेवकलाई निर्वाचन सञ्चालन प्रतिवद्धतापत्रमा हस्ताक्षर गराई कार्यान्वयन गर्ने गराउने ।

(ण) उपनिर्वाचन सम्पन्न भएपछि सम्पूर्ण मालसामान र कागजात निर्वाचन कार्यालयमा बुझाउने,

(त) उपनिर्वाचन सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष बुझाउने,

(थ) प्रचलित संघीय कानूनी व्यबस्था र आयोगले समय-समयमा दिएका आदेश तथा निर्देशनको अधीनमा रही उपनिर्वाचन कार्यक्रम अनुसारका सबै कार्य सम्पन्न गर्ने,

(द) उपनिर्वाचन सम्बन्धी प्रचलित कानूनी व्यवस्था र आयोगले समय-समयमा दिएका आदेश तथा निर्देशनको पालना गर्ने ।

५. **निर्वाचन अधिकृत आयोगप्रति उत्तरदायी हुने :** (१) निर्वाचन अधिकृतको पदमा नियुक्त भएको कर्मचारी उपनिर्वाचन सम्बन्धी सम्पूर्ण कामको लागि आयोगप्रति उत्तरदायी हुनेछ ।

(२) निर्वाचन अधिकृतले उपनिर्वाचन सम्बन्धमा आयोगको निर्देशन अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ ।

६. **सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति :** (१) निर्वाचन अधिकृतले उपनिर्वाचन सम्बन्धी कार्य सञ्चालनको लागि मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी सम्बन्धित जिल्लास्थित संघीय वा प्रदेशस्तरका

कार्यालय र स्थानीय तहमा कार्यरत कर्मचारीहरू मध्येबाट यस निर्देशिकाको अनुसूची-१ मा उल्लेख भए बमोजिमको संख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीले निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही उपनिर्वाचन सम्बन्धी कार्य सञ्चालन गर्नु पर्नेछ ।

७. **अधिकार प्रत्यायोजन :** निर्वाचन अधिकृतले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम निर्वाचन अधिकृतलाई प्राप्त उपनिर्वाचन सम्बन्धी सम्पूर्ण वा केही अधिकार सहायक निर्वाचन अधिकृत वा उपनिर्वाचनको काममा नियुक्त कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच गर्ने, मनोनयनपत्र सदर, बदर वा खारेज गर्ने, मत सदर वा बदर गर्ने तथा उपनिर्वाचन परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

## परिच्छेद-३
## मतदान अधिकृत र अन्य कर्मचारी सम्बन्धी व्यवस्था

८. **मतदान अधिकृतको नियुक्ति :** (१) मुख्य निर्वाचन अधिकृतले उपनिर्वाचन प्रयोजनको लागि निर्वाचन कार्यालयबाट प्राप्त नामावली अनुसारका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारीलाई सम्बन्धित निर्वाचन अधिकृतसँग समन्वय गरी प्रत्येक मतदान केन्द्रको लागि एक जना मतदान अधिकृत नियुक्ति गर्नु पर्नेछ ।

तर यसरी नियुक्ति गर्दा उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ को दफा ८ मा उल्लेख भए बमोजिमका कर्मचारी मध्येबाट नियुक्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृत नियुक्ति गर्दा कर्मचारीको आफ्नो घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी नियुक्ति गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्राङ्कित तृतीय श्रेणी वा प्रदेश वा स्थानीय तहमा समायोजन भएका अधिकृतस्तर सातौं वा अधिकृतस्तर आठौं तह वा सो सरहको कर्मचारी र नगरपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्राङ्कित द्वितीय श्रेणी वा प्रदेश वा स्थानीय तहमा समायोजन भएका अधिकृतस्तर नवौं वा

अधिकृतस्तर दशौं तह वा सो सरहको कर्मचारीलाई मतदान अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएका मतदान अधिकृतको दस्तखत नमूना सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) मतदान अधिकृतले निर्वाचन अधिकृतको प्रत्यक्ष नियन्त्रण, निर्देशन तथा सुपरीवेक्षणमा रही आफूलाई तोकिएको मतदान केन्द्रमा मतदान सम्बन्धी कार्य स्वतन्त्र र निष्पक्ष भई सञ्चालन गर्नु पर्नेछ ।

९. **मतदान अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान गराउने सम्बन्धी सम्पूर्ण काम स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रुपमा सम्पन्न गराउने,

(ख) आयोगले व्यवस्था गरे वा गराएको तालीम लगायतका कार्यक्रममा सहभागी हुने,

(ग) आफू खटिएको मतदान केन्द्रमा खटाइएका कर्मचारीलाई कामको बाँडफाँड गरी काममा लगाउने,

(घ) आफू खटिएको मतदान केन्द्रमा पुग्ने कार्यक्रम निर्धारण गर्ने र मतदान केन्द्रमा खटिएका कर्मचारीलाई सोको जानकारी गराउने,

(ङ) निर्वाचन अधिकृतले उपलब्ध गराएको मतपत्र रुजु एवं जाँच गरी बुझ्ने,

(च) निर्वाचन अधिकृतबाट अख्तियारी पाए बमोजिम आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने,

(छ) सुरक्षा कर्मचारीसँग सम्पर्क र समन्वय गर्ने,

(ज) निर्वाचन आचारसंहिता सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) निर्वाचन आचारसंहिता पालना गर्नु पर्ने कर्तव्य भएका राजनीतिक दल तथा उम्मेदवार वा निजका प्रतिनिधिलाई निर्वाचन आचारसंहिता पालना गर्न लगाउने,

(२) कसैले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको देखिए, बुझिए वा सुनिएमा त्यस्तो कार्य तुरुन्त रोक लगाउने,

(३) आवश्यकता अनुसार स्थानीय प्रशासन एवम् प्रहरीको सहयोग समेत लिई आचारसंहिता उल्लङ्घन हुन नदिने,

(४) निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको काम कारबाहीको जानकारी निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त दिने ।

(५) उम्मेदवार वा निजका प्रतिनिधि, मतदान कार्यमा संलग्न कर्मचारी, स्वयम्सेवकलाई आयोगले निर्धारण गरेको मतदान कार्यान्वयन प्रतिबद्धतापत्रमा हस्ताक्षर गराई कार्यान्वयन गर्ने गराउने ।

(झ) निर्वाचन पर्यवेक्षणको सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) उपनिर्वाचनको लागि आयोग वा निर्वाचन अधिकृतको कार्यालयबाट पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका पर्यवेक्षकलाई आफू खटिएको मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षण गर्न आएमा आवश्यक सहयोग गर्ने, गराउने,

(२) पर्यवेक्षकलाई निर्वाचनको पर्यवेक्षण गर्न दिंदा मतदान भइरहेको समयमा मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप, छापदानी तथा मतपेटिका जस्ता मतदान सामग्री छुन वा मतदान कक्षमा प्रवेश गर्न र मतदाताले मतसङ्केत गरिरहेको हेर्न नदिने,

तर मतदाताले आफ्नो मत जाहेर गरिसकेपछि मतपेटिकामा मतपत्र खसाल्दाको दृश्य पर्यवेक्षकलाई टाढाबाट हेर्न दिन बाधा पर्ने छैन ।

(ञ) निर्वाचन अधिकृतले समय-समयमा दिएका निर्देशनको पालना गर्ने,

(ट) निर्वाचन अधिकृतबाट भएको अधिकार प्रत्यायोजन समेतको अधीनमा रही यस निर्देशिका र निर्वाचन सम्बन्धी प्रचलित कानूनले मतदान अधिकृतले गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण कामहरू गर्ने ।

१०. **<u>सहायक मतदान अधिकृत तथा अन्य कर्मचारीको नियुक्ति</u> :** (१) मुख्य निर्वाचन अधिकृतले उपनिर्वाचन प्रयोजनको लागि निर्वाचन कार्यालयबाट प्राप्त नामावली अनुसारका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय

तहका कर्मचारीलाई सम्बन्धित निर्वाचन अधिकृतसँग समन्वय गरी सहायक मतदान अधिकृत तथा अन्य कर्मचारी नियुक्ति गर्नु पर्नेछ।

तर यसरी नियुक्ति गर्दा उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ को दफा ८ बमोजिमका कर्मचारी मध्येबाट नियुसिक्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहायक मतदान अधिकृत र अन्य कर्मचारी नियुक्ति गर्दा कर्मचारीको आफ्नो घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी नियुक्ति गर्नु पर्नेछ।

(३) गाउँपालिकाको मतदान केन्द्रमा सामान्यतया: राजपत्र अनङ्कित प्रथम श्रेणी वा प्रदेश वा स्थानीय तहमा समायोजन भएका सहायकस्तर पाँचौ तह वा अधिकृतस्तर छैठौं तहको वा सो सहको कर्मचारी र नगरपालिकाको मतदान केन्द्रमा सामान्यतया: राजपत्राङ्कित तृतीय श्रेणी वा प्रदेश वा स्थानीय तहमा समायोजन भएका अधिकृतस्तर सातौं वा अधिकृतस्तर आठौं तहको वा सरहको कर्मचारीलाई सहायक मतदान अधिकृत नियुक्ति गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सहायक मतदान अधिकृत र अन्य कर्मचारी नियुक्ति गर्दा देहाय बमोजिम मतदाता संख्या भएको मतदान केन्द्रको लागि देहाय बमोजिम नियुक्ति गर्नु पर्नेछ :-

(क) दुईसय पचाससम्म मतदाता भएको मतदान केन्द्रको लागि एकजना सहायक मतदान अधिकृत, एकजना सहायक कर्मचारी र एकजना सहयोगी कर्मचारी,

(ख) दुईसय एकाउन्न देखि पाँचसय सम्म मतदाता भएको मतदान केन्द्रको लागि एकजना सहायक मतदान अधिकृत, दुइजना सहायक कर्मचारी र एकजना सहयोगी कर्मचारी,

(ग) पाँचसय एकदेखि माथि मतदाता भएको मतदान केन्द्रको लागि एकजना सहायक मतदान अधिकृत, दुइजना सहायक कर्मचारी र एकजना सहयोगी कर्मचारी।

(५) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम नियुक्त भएका सहायक मतदान अधिकृत र अन्य कर्मचारीको विवरण सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(६) सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीले मतदान अधिकृतको प्रत्यक्ष नियन्त्रण एवं निर्देशनमा रही मतदान सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सञ्चालन गर्नु पर्नेछ।

११. **सहायक मतदान अधिकृत तथा अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) सहायक मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू खटिएको मतदान केन्द्रमा मतदान सम्पन्न गर्न मतदान अधिकृतलाई सहयोग गर्ने,

(ख) मतदानलाई मर्यादित र व्यवस्थित बनाउन मतदान केन्द्रमा खटिएका मतदान प्रतिनिधि बीच समन्वय गर्ने,

(ग) मतदान अधिकृतले खटाएको अन्य जिम्मेवारी पूरा गर्ने,

(घ) मतदान केन्द्रमा मतदान अधिकृतले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको अवस्थामा मतदान अधिकृतको रुपमा कार्य गरी मतदान सम्पन्न गर्ने वा गराउने।

(ङ) मतदान कार्यमा संलग्न कर्मचारी, स्वयम्सेवकलाई मतदान कार्यान्वयन प्रतिबद्धतापत्रमा हस्ताक्षर गरी गराई कार्यान्वयन गर्ने गराउने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सहायक मतदान अधिकृतले मतदान अधिकृतको रुपमा कार्य गर्नु पर्ने अवस्थामा त्यसको जानकारी यथासिघ्र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(३) आफू खटिएको मतदान केन्द्रमा मतदान सम्पन्न गर्न मतदान अधिकृतलाई सहयोग गर्नु र मतदान अधिकृतले खटाएको जिम्मेवारी पूरा गर्नु मतदान केन्द्रमा खटिएका अन्य कर्मचारीको कर्तव्य हुनेछ।

## परिच्छेद-४
## निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार

१२. **निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार :** ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपनिर्वाचनको सन्दर्भमा निर्वाचन कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका स्थानीय तहमा मतदान केन्द्र रहने स्थानको सम्बन्धमा अध्ययन तथा जाँचबुझ गरी आयोगमा सिफारिस गर्ने,

(ख) आयोग र निर्वाचन अधिकृतको कार्यालय बीच समन्वयकर्ताको रुपमा काम गर्ने,

(ग) मतदान केन्द्रमा खटाउनु पर्ने जनशक्तिको विवरण तयार गर्ने,

(घ) उपनिर्वाचन सम्बन्धी कार्यमा खटाउने प्रयोजनको लागि जिल्लाभित्रका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारीको विवरण सङ्कलन गरी मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ङ) खण्ड (ग) बमोजिम तयार गरेको विवरणका आधारमा विभिन्न मतदान केन्द्रमा खटाउने कर्मचारीको विवरण तयार गर्न मुख्य निर्वाचन अधिकृतलाई सहयोग गर्ने,

(च) कर्मचारीको विवरण तयार गर्दा जिल्लास्थित कार्यालयका कुल जनशक्ति र उपनिर्वाचनलाई आवश्यक पर्ने जनशक्तिको विवरण देखिने गरी तयार गर्ने,

(छ) कार्यालयमा रहेका मतपेटिकाहरू मर्मत सम्भार गर्नु पर्ने भए गराई दुरुस्त राख्ने,

(ज) निर्वाचन अधिकृतको कार्यालय र उपनिर्वाचन सम्बन्धी अन्य कार्यको लागि प्रयोग गर्न जिल्लास्थित कार्यालयहरूबाट सवारी साधनहरूको विवरण लिई चालु अवस्थामा नभएका सवारी साधनलाई आयोगको निर्देशन बमोजिम चालु अवस्थामा राख्न लगाउने,

(झ) आयोगले उपनिर्वाचनका सन्दर्भमा पठाएका मतदाता नामावली, ऐन, नियम, निर्देशिका, कार्यविधि, अनुसूची फाराम, पोष्टर, पम्प्लेट लगायतका उपनिर्वाचन सामग्रीहरू बुझी सुरक्षित भण्डारण गर्ने,

(ञ) उपनिर्वाचन सम्बन्धी भए गरेका कामहरूको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउने,

(ट) उपनिर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयबाट सम्बन्धित कागजात बुझिलिने,

(ठ) सम्बन्धित निर्वाचन अधिकृतले आन्तरिक लेखा परीक्षण गराई बुझाएको आर्थिक विवरण सहितको स्रेस्ता बुझी आयोगमा बुझाउने,

(ड) आयोगबाट प्राप्त दलको विवरण, औपचारिकपत्र र कालोसूची, मतदाता नामावली, उपनिर्वाचन कार्यक्रम सञ्चालन गर्न चाहिने सामग्री निर्वाचन अधिकृतलाई बुझाउने,

(ढ) उपनिर्वाचन परिणाम घोषणा भएपछि विजयी उम्मेदवारलाई दिइएको प्रमाणपत्र निर्वाचन अधिकृतको कार्यालयबाट एक/एक प्रति प्राप्त गरी अभिलेखको रुपमा सुरक्षितसाथ राख्ने,

(ण) निर्वाचन अधिकृतको लागि आवश्यक पर्ने टेबुल, कुर्सी, दराज, टेलिफोन, फ्याक्स आदिको व्यवस्था मिलाउने,

(त) निर्वाचन अधिकृतबाट प्रत्यायोजन भएका अधिकार र जिम्मेवारीहरू वहन गर्ने,

(थ) उपनिर्वाचनको मिति घोषणा भई निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्म उपनिर्वाचन आचारसंहिता उल्लङ्घन भए नभएको विषयमा अनुगमन गरी वा गराई कसैले त्यस्तो आचारसंहिता उल्लङ्घन गरेमा त्यसको यथासमयमा नै रोकथाम गर्ने वा गराउने र सोको जानकारी सम्बन्धित अधिकारी तथा आयोगमा गराउने,

(द) निर्वाचन आचारसंहिताको पालना गराउनको लागि आवश्यक परेमा स्थानीय प्रशासन र प्रहरीसँग सहयोग लिने,

(ध) आयोगले निर्धारण गरे बमोजिमको निर्वाचन सञ्चालन र व्यवस्थापन कार्यान्वयन प्रतिवद्धतापत्रमा आयोगले तोके बमोजिमको व्यक्तिलाई हस्ताक्षर गराई कार्यान्वयन गर्ने गराउने,

(न) प्रचलित ऐन, नियम तथा आयोगले दिएको आदेश तथा स्वीकृत गरेका निर्देशिका, कार्यविधि बमोजिमको कार्य गर्ने,

(प) निर्वाचन आयोगले समय-समयमा दिएका निर्देशनहरूको पालना गर्ने ।

## परिच्छेद-५
## मतदाता नामावली उपलब्ध गराउने

१३. **आयोगले मतदाता नामावली उपलब्ध गराउने :** कुनै दललाई त्यस्तो दलको औपचारिकपत्रको आधारमा आयोगले फोटो बाहेकको मतदाता नामावलीको विद्युतीय रुप (सिडी) मा देहायको दस्तुर लिई उपलब्ध गराउन सक्नेछ :-

(क) कुनै गाउँपालिका वा नगरपालिकाको मात्र मतदाता नामावलीको लागि एकहजार रुपैयाँ र

(ख) कुनै गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मात्र मतदाता नामावलीको लागि पाँचसय रुपैयाँ ।

१४. **निर्वाचन अधिकृतले मतदाता नामावली उपलब्ध गराउने :** (१) निर्वाचन अधिकृतले कुनै मतदाता, दल वा उम्मेदवारले मतदाता नामावली हेर्न वा आफ्नै खर्चमा सार्न चाहेमा मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनु पर्नेछ ।

(२) आयोगको वेबसाइट www.election.gov.np मा रहेको फोटो सहितको मतदाता नामावली सम्बन्धित मतदाताले हेर्न सक्ने र फोटो बाहेकको मतदाता नामावली जोसुकैले हेर्न सक्ने कुराको जानकारी निर्वाचन अधिकृतले मतदाता, दल वा उम्मेदवारलाई दिनु पर्नेछ ।

(३) उम्मेदवार हुन चाहने कुनै व्यक्तिले मतदाता नामावलीको उतार लिन चाहेमा यस निर्देशिकाको अनुसूची-२ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिएमा निर्वाचन अधिकृतको कार्यालयले यस निर्देशिकाको अनुसूची-३ बमोजिमको ढाँचामा मतदाता नामावली उतार गरी दिनु पर्नेछ ।

१५. **निर्वाचन कार्यालयले मतदाता नामावली उपलब्ध गराउने :** (१) मतदाता, उम्मेदवार वा सरोकारवाला व्यक्तिले आफ्नो मतदाता नामावली लिन चाहेमा र निर्वाचन कार्यालयमा त्यस्तो मतदाता नामावली उपलब्ध भएमा सो कार्यालयले प्रति पृष्ठ तीन रुपैयाँका दरले हुन आउने रकम लिई त्यस्तो मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनिर्वाचन प्रयोजनको लागि कुनै दललाई सो दलको पत्रको आधारमा र स्वतन्त्र उम्मेदवारलाई निजको निवेदनको आधारमा निर्वाचन

कार्यालयले दफा १३ बमोजिमको दस्तुर लिई फोटो बाहेकको मतदाता नामावलीको विद्युतीय रुप (सिडी) उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-६
## गाउँपालिका वा नगरपालिकाको निर्वाचन प्रणाली र निर्वाचन कार्यक्रम सम्बन्धी व्यवस्था

१६. **गाउँपालिका वा नगरपालिकाको निर्वाचन प्रणाली** : अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षको उपनिर्वाचनका लागि गोप्य मतदानको प्रक्रियाद्वारा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ ।

१७. **निर्वाचन कार्यक्रम सञ्चालन** : निर्वाचन आयोगले ऐनको दफा ५ बमोजिम प्रकाशन गरेको निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले प्राप्त गरी सोही अनुसार सञ्चालन गर्नु पर्नेछ ।

१८. **निर्वाचन कार्यक्रम प्रकाशन गर्ने** : निर्वाचन अधिकृतले दफा १७ बमोजिमको निर्वाचन कार्यक्रम यस निर्देशिकाको अनुसूची-४ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र यस निर्देशिकाको अनुसूची-५ बमोजिमको ढाँचामा त्यसको मुचुल्का गर्नु पर्नेछ ।

## परिच्छेद-७
## उम्मेदवारको योग्यता तथा मनोनयन

१९. **उम्मेदवारको योग्यता** : देहायको योग्यता पूरा गरेको नेपाली नागरिक अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख वा वडा अध्यक्ष पदको लागि उम्मेदवार हुन सक्नेछ :-

(क) एक्काइस वर्ष उमेर पूरा भएको,

(ख) अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिका तथा वडा अध्यक्ष पदको लागि सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) कुनै कानूनले अयोग्य नभएको ।

२०. **उम्मेदवारको अयोग्यता** : देहायको व्यक्ति उपनिर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैन :-

(क) दफा १९ बमोजिमको योग्यता नभएको,

(ख) गैर नेपाली नागरिक,

(ग) नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(घ) कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ङ) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(छ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(झ) खण्ड (च) र (छ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ञ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,

(ट) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ठ) मानसिक सन्तुलन ठीक नभएको,

(ङ) संविधानको धारा २९१ बमोजिम विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको,

(ढ) कुनै लाभको पद धारण गरेको,

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने जुनसुकै पद सम्झनु पर्छ।

(ण) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको,

(त) प्रचलित कानूनले अयोग्य भएको।

२१. **उम्मेदवारको उमेरको गणना :** उपनिर्वाचनमा उम्मेदवार हुनको लागि मनोनयनपत्र दर्ता गर्ने मितिसम्ममा एक्काइस वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ र दुई फरक फरक जन्म मिति भएका कागजात पेश भएको अवस्थामा कम उमेर हुने कागजात अनुसार गणना गर्नु पर्नेछ।

२२. **एउटा पदमा मात्र उम्मेदवार हुने :** कुनै पनि व्यक्ति वडा अध्यक्षको पदको लागि सम्बन्धित वडाको र अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा आफ्नो नाम दर्ता भएको स्थानबाट एउटा पदमा मात्र उम्मेदवार हुन सक्नेछ।

२३. **उम्मेदवारको मनोनयन :** (१) दफा १९ बमोजिम योग्यता भएको र दफा २० बमोजिम अयोग्यता नभएको व्यक्तिलाई देहाय बमोजिमको एकजना मतदाताले प्रस्ताव गरी र अर्को एकजना मतदाताले सो प्रस्तावको समर्थन गरी नियमावलीको नियम ५ को उपनियम (१) को अनुसूची-१ बमोजिमको ढाँचामा मनोनयनमा गर्नु पर्नेछ :-

(क) गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षको पदको लागि सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति, र

(ख) अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति।

(२) उपदफा (१) बमोजिम उम्मेदवार मनोनयन गरी प्रस्ताव गर्ने र सो प्रस्तावको समर्थन गर्ने व्यक्तिले मनोनयनपत्रमा आफ्नो मतदाता सम्बन्धी विवरण खोली सहिछापसमेत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई मनोनयन गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी दस्तखत समेत गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै व्यक्तिको मनोनयनपत्र पेश गर्दा वा गराउँदा फरक-फरक व्यक्ति प्रस्तावक र समर्थक रहेका बढीमा दुइवटा मनोनयनपत्र पेश गर्न वा गराउन सकिनेछ ।

२४. **उम्मेदवारले धरौटी राख्ने** : (१) दफा २३ बमोजिम उम्मेदवारको मनोनयनपत्र दाखिला गर्दा देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछ :-

(क) वडा अध्यक्षको लागि एकहजार रुपैयाँ र

(ख) अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख पदको लागि एकहजार पाँचसय रुपैयाँ

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न व्यक्तिको हकमा पचास प्रतिशत छुट हुनेछ ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनका लागि “आर्थिक रुपले विपन्न व्यक्ति” भन्नाले वार्षिक पारिवारिक आय पचासहजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

(३) कुनै एउटा पदको उपनिर्वाचनमा एक व्यक्तिलाई उम्मेदवार मनोनयन गर्नको लागि एकभन्दा बढी मनोनयनपत्र दाखिला गर्नु परेमा एउटा मनोनयनपत्रको लागि मात्र धरौटी राख्नु पर्नेछ ।

(४) मनोनयनपत्र दर्ता गर्दा धरौटी वापतको रकम आयोगले तोकेको धरौटी खातामा जम्मा गर्न वा निर्वाचन अधिकृतको कार्यालयमा नगद जम्मा गर्न सकिनेछ ।

(५) उपदफा (५) बमोजिम धरौटी राखेको बैंक भौचर वा नगदी रसिद मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

२५. **दलको औपचारिक पत्र पेश गर्नु पर्ने :** (१) दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने प्रयोजनको लागि त्यस्तो दलले औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति वा प्रदेश समितिको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना सो दलको केन्द्रीय कार्यकारिणी

समितिको प्रमुख पदाधिकारी वा निजले तोकेको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दलको तर्फबाट मनोनयनको औपचारिकपत्र प्रदान गर्ने अधिकार पाएको पदाधिकारीको विवरण र दस्तखतको नमूना आयोगले मनोनयनपत्र दर्ता गर्न तोकेको मिति अगावै सम्बन्धित निर्वाचन अधिकृत समक्ष पठाइ सक्नु पर्नेछ ।

(३) दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिले सो दलले उम्मेदवार मनोनयन गरेको नियमावलीको नियम ५ को उपनियम (२) को अनुसूची-२ बमोजिमको ढाँचामा औपचारिक पत्र मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ, औपचारिक पत्रको ढाँचा निर्वाचन आयोगको वेब साइट www.election.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(४) दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा यस दफा बमोजिमको रीत नपुऱ्याई मनोनयनपत्र दाखिला भएमा त्यस्तो उम्मेदवारलाई सो दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन ।

२६. **मनोनयनपत्र दर्ता गराउने आधिकारिक व्यक्ति :** उम्मेदवार हुने व्यक्ति, निजले मनोनयनपत्र दर्ता गर्नको लागि यस निर्देशिकाको अनुसूची-६ बमोजिमको ढाँचामा वारिस मुकरर गरेको प्रतिनिधि, उम्मेदवारको प्रस्तावक वा समर्थकले उम्मेदवारको मनोनयनपत्र निर्वाचन अधिकृत समक्ष दर्ता गराउनु पर्नेछ ।

२७. **मनोनयनपत्र दर्ता गर्दा पूरा गर्नु पर्ने कार्यविधि :** मनोनयनपत्र दर्ता गर्दा देहायको कार्यविधि पूरा भएको हुनु पर्नेछ :-

(क) मनोनयनपत्रमा मनोनीत उम्मेदवार, प्रस्तावक र समर्थकको सहिछाप भएको हुनु पर्ने,

(ख) कुनै एउटा पदमा एकजना उम्मेदवारको प्रस्तावक वा समर्थक भएको व्यक्ति सोही पदमा अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन नहुने,

(ग) मनोनीत उम्मेदवार स्वयं अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन नहुने,

(घ) कुनै स्थानीय तहमा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुखको उपनिर्वाचन भएको अवस्थामा त्यस्तो पदमा दलले उम्मेदवारी दिँदा पचास प्रतिशत महिलाको उम्मेदवारी दिनु पर्ने,

तर दलले एकजना मात्र उम्मेदवारी दिएमा यो व्यवस्था लागू हुने छैन ।

(ङ) मनोनयनपत्र साथ देहायका कागजात वा विवरण संलग्न हुनु पर्ने :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) वडा अध्यक्ष पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(३) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(४) धरौटी राखेको बैंक भौचर वा नगदी रसीद,

(५) दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको औपचारिक पत्र ।

२८. **मनोनयनपत्र दर्ता गर्ने :** (१) निर्वाचन अधिकृतले उपनिर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा आफू समक्ष दर्ताको लागि दाखिला भएका मनोनयनपत्र दर्ता गर्नु अघि दफा ३३ मा उल्लिखित आधारमा मनोनयनपत्रको जाँच गरी मनोनयनपत्र रीत पुगेको छ छैन हेरी रीत पुगेको मनोनयनपत्र दर्ता गर्नु पर्नेछ र रीत नपुगेको जति सच्याउन लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सच्याउन लगाएको मनोनयनपत्र नसच्याई दर्ता गराउन चाहेमा रीत नपुगेको र सो नसच्याई दर्ता गराउन चाहेको व्यहोरा मनोनयनपत्रमा उल्लेख गरी सो मनोनयनपत्र दर्ता गरिदिनु पर्ने पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनयनपत्रको रीत नपुगेको व्यहोराको सूचना यस निर्देशिकाको अनुसूची-७ बमोजिमको ढाँचामा मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) वा (२) बमोजिम मनोनयनपत्र दर्ता गर्दा यस निर्देशिकाको अनुसूची-८ बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गरी त्यस्तो मनोनयनपत्र दर्ता गरेको नियमावलीको नियम ५ को उपनियम (६) को अनुसूची-३ बमोजिमको ढाँचामा निस्सा मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

२९. **मनोनयनपत्र जाँच गर्ने समयमा उपस्थित हुन सूचना गर्ने** : दफा २८ को उपदफा (४) बमोजिम मनोनयनपत्र दर्ता गरेको निस्सा दिँदा सो निस्सामा मनोनयनपत्र जाँच गर्ने समय र स्थानमा उपस्थित हुन मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई सूचना दिनु पर्नेछ ।

३०. **मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने :** (१) निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि दफा २८ बमोजिम मनोनयनपत्र दर्ता भएका सबै मनोनीत उम्मेदवारहरूको नामावली नियमावलीको नियम ७ को अनुसूची-४ बमोजिमको ढाँचामा दुईप्रति तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको नामावली प्रकाशन गर्दा प्रत्येक पदको उम्मेदवारको नामावली अलग-अलग प्रकाशन गर्नु पर्नेछ ।

३१. **उम्मेदवारको विरोधमा उजुरी दिन सकिने :** (१) दफा ३० को उपदफा (२) बमोजिम प्रकाशित नामावलीमा उल्लिखित मनोनीत उम्मेदवारको योग्यताको सम्बन्धमा अर्को उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उजुर गर्न चाहेमा नियमावलीको नियम ८ को अनुसूची-५ बमोजिमको ढाँचामा निर्वाचन अधिकृत समक्ष निर्वाचन कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गर्ने उम्मेदवार सोही पदको उम्मेदवार हुनु पर्नेछ । कुनै एउटा पदको उम्मेदवारले अर्को कुनै पदको उम्मेदवारको विरोधमा उजुरी गर्न सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम उजुरी दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले यस निर्देशिकाको अनुसूची-९ बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गरी यस निर्देशिकाको अनुसूची-१० बमोजिमको ढाँचामा त्यस्तो उजुरी दर्ता गराउने व्यक्तिलाई भर्पाई दिनु पर्नेछ ।

(४) निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित उजुरी दिने म्याद सकिएपछि निर्वाचन अधिकृतले उजुरीको व्यहोरा समेत उल्लेख गरिएको यस निर्देशिकाको अनुसूची-११ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतको कार्यालयमा उजुरीको सूची प्रकाशन गर्नु पर्नेछ ।

३२. **सफाइको मौका दिनु पर्ने :** दफा ३१ बमोजिम उजुरी दर्ता भएमा निर्वाचन अधिकृतले जसका विरुद्धमा उजुरी दर्ता गरिएको हो सो व्यक्तिलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

३३. **मनोनयनपत्र जाँच** : (१) दफा २८ बमोजिम दर्ता भएको मनोनयनपत्र जाँच गर्न निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार वा निजको प्रस्तावक, समर्थक वा निजले लिखित रुपमा अधिकार दिएको एकजना प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिको उपस्थितिमा त्यस्ता सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नेछ ।

तर त्यसरी उपस्थित हुनुपर्ने कुनै उम्मेदवार वा निजको प्रस्तावक, समर्थक वा प्रतिनिधि उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र त्यस सम्बन्धमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै मनोनयनपत्र रीत नपुगेको देखिएमा त्यस्तो मनोनयनपत्र खारेज गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै व्यक्तिको एकभन्दा बढी मनोनयनपत्र दर्ता भएकोमा त्यस्ता मनोनयनपत्रहरू रीतपूर्वक देखिएमा सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधिलाई कुनै एउटा मनोनयनपत्र कायम गर्न लगाई अर्को मनोनयनपत्र खारेज गर्नु पर्नेछ ।

तर सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा निर्वाचन अधिकृतले पहिले दर्ता भएको मनोनयनपत्र कायम गरी अर्को मनोनयनपत्र खारेज गर्नेछ ।

(५) उपदफा (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कानून बमोजिम रीत पुगेका मनोनयनपत्र स्वीकृत गर्नु पर्नेछ ।

(६) देहायको अवस्थामा निर्वाचन अधिकृतले यस दफा बमोजिम गर्नु पर्ने मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्न सक्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने र समयमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा वा

(ख) प्राकृतिक विपद्को कारणले काबुबाहिरको परिस्थिति उत्पन्न भएमा ।

(७) उपदफा (६) बमोजिमको अवस्थामा मनोनयनपत्र जाँच गर्ने कार्य स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गर्ने कार्य

स्थगित गर्नु परेको कारण समेत उल्लेख गरी मनोनयनपत्र जाँच गर्न तोकिएको स्थानमा यस निर्देशिकाको अनुसूची-१२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचनामा मनोनयनपत्र जाँच गर्ने मिति, समय र स्थान तोक्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम मनोनयनपत्र जाँच गर्ने काम स्थगित गर्दा केही मनोनयनपत्रको जाँच गर्ने कार्य पूरा भइसकेको रहेछ भने पुनः तोकिएको मिति, समय र स्थानमा जाँच गर्न बाँकी रहेका मनोनयनपत्रको मात्र जाँच गर्नु पर्नेछ ।

३४. **उजुरीमा निर्णय गर्ने :** कुनै मनोनयनपत्र दर्ता भएको उम्मेदवारको योग्यता वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा दफा ३१ बमोजिम कुनै उजुरी दर्ता भएको रहेछ भने निर्वाचन अधिकृतले दफा ३३ बमोजिम मनोनयनपत्रको जाँच गर्दा सो उजुरीको सम्बन्धमा पनि आवश्यक जाँचबुझ गरी सो उजुरी उपर निर्णय गर्नु पर्नेछ ।

३५. **मनोनयनपत्र बदर हुने :** निर्वाचन अधिकृतले दफा ३३ बमोजिम मनोनयनपत्रको जाँच गर्दा देहाय बमोजिमको अवस्थाको मनोनयनपत्र बदर गर्नु पर्नेछ :-

(क) संविधान, ऐन र दफा २० बमोजिम उम्मेदवारको अयोग्यता भएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निजको वा निजको प्रस्तावक र समर्थकको सहिछाप नभएमा वा कीर्ते सहिछाप भएमा,

(ग) निर्वाचन कार्यक्रम बमोजिम मनोनयनपत्र दर्ता गर्न तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(घ) दफा २३, २७ र २८ बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(ङ) दफा २४ बमोजिमको धरौटी नराखेमा र

(च) दफा २७ बमोजिम पूरा गर्नुपर्ने कार्यविधि पूरा नगरेमा ।

३६. **मनोनयनपत्र बदर नहुने :** मनोनयनपत्रको जाँच गर्दा मनोनयनपत्रमा रहेको सानोतिनो भूलचुकको कारणले मात्र सो मनोनयनपत्र बदर हुने छैन ।

**स्पष्टीकरण** : यस दफा र दफा ९० को उपदफा (२) को प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर,

वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटी सम्झनु पर्छ ।

३७. **काम स्थगित गर्न नहुने :** निर्वाचन अधिकृतले दफा ३३ को उपदफा (६) को अवस्थामा बाहेक निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्र जाँच गर्ने काम प्रारम्भ नगर्दै वा प्रारम्भ गरिसकेपछि सबै मनोनयनपत्रको जाँच गर्ने कार्य सम्पूर्ण रुपमा समाप्त नगरी बीचमा स्थगित गर्न सक्ने छैन ।

३८. **नामावली प्रकाशन गर्ने :** निर्वाचन अधिकृतले सबै मनोनयनपत्रको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमको उम्मेदवारको तीनप्रति नामावली नियमावलीको नियम १० को अनुसूची-६ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ र सो नामावलीको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

३९. **नाम फिर्ता लिन सक्ने :** (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट हटाउनको लागि नाम फिर्ता लिन चाहेमा दफा १८ बमोजिमको निर्वाचन कार्यक्रममा उम्मेदवारको नाम फिर्ता लिन तोकिएको समयभित्र निर्वाचन अधिकृतलाई नियमावलीको नियम ११ को उपनियम (१) को अनुसूची-७ बमोजिमको ढाँचामा लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैंले वा निजको निर्वाचन प्रतिनिधिले दाखिला गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना प्राप्त गरेमा त्यस्तो सूचना यस निर्देशिकाको अनुसूची-१३ बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गरी सो सूचना दर्ता गरेको यस निर्देशिकाको अनुसूची-१४ बमोजिमको निस्सा सूचना दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

(४) कुनै दलको तर्फबाट मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सम्बन्धमा त्यस्तो दलको दफा २५ को उपदफा (१) बमोजिम तोकिएको पदाधिकारीले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई दफा १८ बमोजिमको निर्वाचन कार्यक्रममा उम्मेदवारको नाम फिर्ता लिन तोकिएको समयभित्र लेखी पठाएमा निजलाई उम्मेदवारको रुपमा कायम राखिने छैन ।

४०. **सूचना फिर्ता दिन नहुने** : दफा ३९ बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भइसकेपछि निर्वाचन अधिकृतले सो सूचना निज उम्मेदवारलाई फिर्ता दिन हुँदैन । यसरी नाम फिर्ता लिएको सूचना दाखिला गर्ने उम्मेदवारले सो सूचना फिर्ता लिन वा बदर गर्न सक्ने छैन ।

४१. **उम्मेदवारको नाम हटाउने** : (१) निर्वाचन अधिकृत समक्ष दाखिला भएको उम्मेदवारको नाम फिर्ता लिएको सूचनाको बारेमा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाइएको निर्णय गर्नु पर्नेछ ।

(२) निर्वाचन कार्यक्रममा उल्लिखित उम्मेदवारले नाम फिर्ता लिन तोकिएको मिति र समय समाप्त भएपछि निर्वाचन अधिकृतले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाएको यस निर्देशिकाको अनुसूची-१५ बमोजिमको ढाँचामा तीनप्रति सूचना तयार गर्नु पर्नेछ र सो सूचनाको एकप्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

४२. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने** : उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि वा दफा ४१ बमोजिम नाम फिर्ता लिएको सूचना प्रकाशन गरिसकेपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारको नाम नियमावलीको नियम १२ को अनुसूची-८ बमोजिमको ढाँचामा नेपाली वर्णानुक्रम अनुसार तीनप्रति अन्तिम नामावली तयार गर्नु पर्नेछ । त्यस्तो नामावलीको एकप्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरी एकप्रति आयोगमा पठाउनु पर्नेछ ।

४३. **परिचयपत्र दिने** : दफा ४२ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा नाम उल्लेख गरिएको उम्मेदवारलाई निर्वाचन अधिकृतले नियमावलीको नियम १५ को अनुसूची-११ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

४४. **निर्विरोध निर्वाचित भएको घोषणा** : (१) दफा ४२ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदका लागि जति जना निर्वाचित हुने हो त्यति नै जना वा सो भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गर्दा निर्वाचन अधिकृतले नियमावलीको नियम १३ को उपनियम (१) को अनुसूची-९ बमोजिमको

ढाँचामा घोषणा गर्नु पर्नेछ र सो घोषणाको तीनप्रति तयार गरी त्यसको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्विरोध निर्वाचित भएको उम्मेदवारलाई निज निर्विरोध निर्वाचित भएको प्रमाणपत्र दिइनेछ ।

४५. **निर्वाचन चिन्ह प्रदान गर्ने :** (१) निर्वाचनका लागि दल र स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्नेछ ।

(२) उम्मेदवारको अन्तिम नामावलीमा कुनै पदको लागि एक जना भन्दा बढी उम्मेदवार कायम भएमा निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा दलको उम्मेदवारलाई सम्बन्धित दलको यस निर्देशिकाको अनुसूची-१६ बमोजिमको निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

(४) स्वतन्त्र उम्मेदवारलाई स्वतन्त्र रुपमा खडा भएको उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका यस निर्देशिकाको अनुसूची-१७ बमोजिमको निर्वाचन चिन्हको समूहबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपदफा (४) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्ता उम्मेदवारलाई निर्वाचन चिन्ह रोज्न लगाई उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

तर निर्वाचन चिन्ह प्रदान गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले रोजेर बाँकी रहेको निर्वाचन चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा निर्वाचन चिन्ह प्रदान गर्न तोकिएको समयमा उपस्थित भएका उम्मेदवारलाई प्राथमिकता दिई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एकभन्दा बढी स्वतन्त्र उम्मेदवारले एउटै निर्वाचन चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(८) कुनै दलले निर्वाचनमा उम्मेदवार मनोनीत नगरेको अवस्थामा सो दललाई प्रदान गरिएको निर्वाचन चिन्ह अन्य उम्मेदवारलाई प्रदान गरिने छैन ।

४६. **मतपत्रमा निर्वाचन चिन्ह समावेश गर्ने :** (१) दफा ४५ बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा देहायको क्रममा समावेश गर्नु पर्नेछ :-

(क) संवत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ख) संवत् २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचनमा मत प्राप्त नगरेको वा सो निर्वाचनमा भाग नलिएका दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह, र

(ग) स्वतन्त्र उम्मेदवारको नामको नेपाली वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिन्ह ।

(२) प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरू एकीकरण भएको वा गाभिएकोमा उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि मत सङ्ख्या गणना गर्दा त्यसरी एकीकरण हुनु वा गाभिनु अघि त्यस्ता दलहरूले प्राप्त गरेको कूल मत सङ्ख्यालाई हाल कायम भएको दलले प्राप्त गरेको मत सङ्ख्या मानिनेछ ।

४७. **निर्वाचन चिन्ह प्रदान गरेको मुचुल्का प्रकाशन गरी सूचना प्रकाशन गर्ने :** (१) निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको यस निर्देशिकाको अनुसूची-१८ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले आफ्नो दस्तखत गरी उम्मेदवार वा निजको प्रतिनिधिको पनि सहिछाप गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि प्रत्येक उम्मेदवार र निजलाई प्रदान गरिएको निर्वाचन चिन्ह समेत नियमावलीको नियम १४ को अनुसूची-१० बमोजिमको ढाँचामा तीनप्रति सूचना तयार गर्नु पर्नेछ र सो सूचनाको एकप्रति निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ र एक प्रति तुरुन्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।

४८. **दलबाट मनोनयन भएका उम्मेदवारको मृत्यु भएमा निर्वाचन सम्बन्धी कार्यक्रम स्थगित गर्नेः** (१) दफा ४२ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनुभन्दा अघि दलबाट मनोनयन भएको उम्मेदवारको मनोनयनपत्र रीतपूर्वकको ठहर भइसकेको र आफ्नो नाम फिर्ता नलिएको कुनै उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित दल वा अन्य कुनै व्यक्तिबाट प्राप्त भएमा र त्यस्तो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले त्यस्तो निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(२) दफा ४२ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि कुनै दलबाट मनोनयन भएको उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित दल वा अन्य कुनै व्यक्तिबाट प्राप्त भएमा र त्यस्तो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले त्यस्तो निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) वा (२) बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम स्थगित गर्न यस निर्देशिकाको अनुसूची-१९ बमोजिमको ढाँचामा निर्णय गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) वा (२) बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम स्थगित गरेको यस निर्देशिकाको अनुसूची-२० बमोजिमको ढाँचामा तीनप्रति सूचना तयार गरी एकप्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरी आयोगलाई जानकारी गराउनु पर्नेछ । त्यसरी सूचना प्रकाशन गर्दा यस निर्देशिकाको अनुसूची-२१ बमोजिमको ढाँचामा मुचुल्का समेत गर्नु पर्नेछ ।

४९. **निर्वाचन कार्यक्रम पुनः प्रकाशन गर्ने :** (१) दफा ४८ को उपदफा (४) बमोजिम निर्वाचन कार्यक्रम स्थगित भएको जानकारी प्राप्त गरेपछि त्यस्तो निर्वाचनको मतदानको कार्यक्रममा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम यथाशक्य छिटो पूरा गर्न आयोगले अर्को कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले निर्धारण गरी पठाएको निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले तुरुन्त आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित गर्नु पर्दा निर्वाचन कार्यक्रममा लेखिए बमोजिमको काम सम्पन्न गर्नुपर्ने अवधि सात दिन भन्दा बढी भएमा पुनः अर्को कार्यक्रम प्रकाशन गर्नुपर्ने छैन र सोही कार्यक्रमको समयावधिभित्र मतदानको काममा बाधा नपुग्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्नुपर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

५०. **निर्वाचन कार्यविधि पूरा गर्ने :** दफा ४९ बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित गरेपछि निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिमका सबै कार्यविधि पूरा गरी सो निर्वाचन कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

५१. **पुनः मनोनयनपत्र दर्ता गराउनु नपर्ने :** दफा ४८ बमोजिम कार्यक्रम स्थगित भएकोमा पहिले मनोनयनपत्र पेश गरी रीतपूर्वकको ठहर भइसकेको वा उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिला गर्नुपर्ने छैन र जुन दलको उम्मेदवारको मृत्यु भएको हो सोही दलको तर्फबाट मात्र पुनः उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

५२. **मतदान स्थगित नगर्ने :** दफा ४८ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वतन्त्र उम्मेदवारको रुपमा मनोनयनपत्र दर्ता गरेको उम्मेद्वारको मृत्यु भएमा त्यस्तो निर्वाचनको लागि मतदान कार्य स्थगित हुने छैन ।

## परिच्छेद-८
## मतदान केन्द्र सम्बन्धी व्यवस्था

५३. **मतदान केन्द्र तोक्ने :** (१) आयोगले उपनिर्वाचनका लागि आवश्यक सङ्ख्यामा मतदान केन्द्र तोक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा मतदाताको सङ्ख्या तथा सुरक्षा अवस्थालाई समेत ध्यान दिई सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा एउटा वडामा कम्तीमा एउटा मतदान केन्द्र पर्ने गरी तोक्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको मतदान केन्द्रको सूची नियमावलीको नियम १६ को उपनियम (३) को अनुसूची-१२ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ । यसरी

सूचना प्रकाशन गर्दा यस निर्देशिकाको अनुसूची-२२ बमोजिमको ढाँचामा मुचुल्का गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मतदान केन्द्रको सूची प्रकाशन गर्दा कतिदेखि कति क्रमसंख्या सम्मका मतदाताले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो सो कुरा समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(६) एउटा मतदानस्थलको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एक भन्दा बढी मतदान केन्द्र रहन सक्नेछन् ।

(७) सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट मतदान केन्द्र तोक्दा अपनाउनु पर्ने अन्य आधारहरू आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **मतदान केन्द्र थपघट गर्न सक्ने :** (१) निर्वाचन अधिकृतले दफा ५३ बमोजिमको मतदान केन्द्र थपघट गर्न आवश्यक ठानेमा त्यसरी थपघट गर्नु पर्ने आधार र कारण सहित आयोगलाई लेखी पठाउन सक्नेछ र आयोगले त्यस्तो व्यहोरा मनासिब ठानेमा मतदान केन्द्र थपघट गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले आवश्यक भएमा आयोगको पूर्व स्वीकृति लिई सुविधाजनक वा व्यवहारिक दृष्टिबाट उपयुक्त हुने ठाउँमा मतदान केन्द्र सार्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मतदान केन्द्र थपघट गरिएको वा सारिएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालय र त्यस्तो मतदान केन्द्र रहने स्थानमा यथाशीघ्र प्रकाशन गर्नु पर्नेछ ।

५५. **प्रचार प्रसार गर्न निषेध गरेको जानकारी गराउने :** (१) उपनिर्वाचनको लागि मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म उपनिर्वाचन हुने पदको लागि निर्धारित क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले कुनै प्रकारले कुनै किसिमको प्रचार प्रसार गर्न दिनु हुँदैन ।

**उदाहरणको लागि:** संवत् २०७६ साल मंसिर १४ गते शनिबारको दिन हुने मतदानको लागि संवत् २०७६ साल मंसिर ११ गते बुधवारको राति १२ बजेपछि प्रचार प्रसार निषेध गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम प्रचार प्रसार नगर्ने सम्बन्धमा यस निर्देशिकाको अनुसूची-२३ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा समेत सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-९
## मतदान सम्बन्धी व्यवस्था

**५६. मतदान अधिकृतलाई प्रशिक्षण दिने :** (१) निर्वाचन कार्यालयले मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई मतदान केन्द्रमा खटिनु अगावै उपनिर्वाचन सम्बन्धी देहाय बमोजिमको कामको विषयमा प्रशिक्षण दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतदान अधिकृतले गर्नुपर्ने काम,

(ख) मतदान केन्द्र र गोप्य मतदान कक्षहरू, गोप्य मतसङ्केत गर्न छाप लगाउने ठाउँ बनाउने, मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीले सम्पादन गर्नुपर्ने काम,

(ग) मतपेटिका, मतसङ्केत  गर्ने छाप र छापदानी राख्ने ठाउँ बनाउने काम,

(घ) मतपेटिका खोल्ने र बन्द गर्ने विधि,

(ङ) मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फारम भर्ने र मतदाताको औंलामा चिनो लगाउने प्रक्रिया,

(च) मतदातालाई मतपत्र उपलब्ध गराउने प्रक्रिया,

(छ) पुनः मतदान गराउनु पर्ने अवस्थामा अपनाउनु पर्ने कार्यविधि,

(ज) निर्वाचन आचारसंहिता पालना सम्बन्धमा,

(झ) उपनिर्वाचन पर्यवेक्षण तथा अनुगमन सम्बन्धी कार्य,

(ञ) मतदान केन्द्रमा गर्नुपर्ने अन्य कार्य ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण कार्यमा आवश्यकता अनुसार निर्वाचन अधिकृतको समेत सहयोग लिन सकिनेछ ।

**५७. कर्मचारीबारे जानकारी लिने :** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृतलाई दिने नियुक्तिपत्रमा सो मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीको पद, नाम थर र कार्यालय उल्लेख हुनेछ र मतदान अधिकृतले आफ्नो नियुक्तिपत्रबाटै आफू खटिने मतदान केन्द्रमा खटिएका सम्पूर्ण कर्मचारीको जानकारी प्राप्त गर्न सक्नेछ ।

(२) मतदान केन्द्रमा खटिने सुरक्षाकर्मीको विवरण जिल्ला प्रहरी कार्यालयले निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराउनेछ ।

५८. **मतदान केन्द्रमा प्रस्थानको तयारी :** मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नु अघि आफू खटिएको मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीसँग आपसी समन्वय गरी मतदान केन्द्रमा जाने व्यवस्था मिलाउनु पर्नेछ ।

५९. **उत्तरदायी हुने :** (१) मतदान अधिकृत उपनिर्वाचन सम्बन्धी कामका लागि निर्वाचन अधिकृतप्रति उत्तरदायी हुनेछ ।

(२) मतदान केन्द्रमा खटिएको सहायक मतदान अधिकृत, अन्य कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मी मतदान अधिकृतप्रति उत्तरदायी हुनु पर्नेछ ।

६०. **निर्वाचन सामग्रीका बारेमा जानकारी लिने :** मतदान अधिकृतले मतदान केन्द्रमा प्रयोग हुने मतदाता नामावली, मतपत्र, मतपेटिका, स्वस्तिक छाप, छापदानी, नउड्ने मसी भएको मार्कर पेन, छेकाबारा, अनुसूची फाराम, ऐन, नियम, निर्देशिका, कार्यविधि लगायत सबै प्रकारका निर्वाचन सामग्रीको बारेमा जानकारी लिई त्यस्ता सम्पूर्ण निर्वाचन सामग्री सम्बन्धित अधिकारी वा निकायबाट प्राप्त गर्नु पर्नेछ ।

६१. **निर्वाचन सामग्री बुझिलिने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नु अघि आफू खटिएको मतदान केन्द्रको मतदाता नामावली दुईप्रति (एकप्रति रङ्गिन र एकप्रति श्यामश्वेत), मतपत्र, मतपेटिका, सुरक्षण सिल, मत सङ्केत गर्ने स्वस्तिक छाप, छापदानी, नउड्ने मसी भएको मार्कर पेन, छेकाबारा, विभिन्न अनुसूची फाराम, ऐन, नियम, निर्देशिका, कार्यविधि लगायतका सामग्री बुझिलिनु पर्नेछ ।

(२) मतदान केन्द्रमा प्रयोग हुने मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट र अन्य निर्वाचन सामग्री निर्वाचन कार्यालयबाट बुझिलिनु पर्नेछ ।

(३) निर्वाचन सामग्रीको जाँच गर्दा मतदान अधिकृतले विशेष गरी देहायका कुरामा ध्यान दिनु पर्नेछ :-

(क) निर्वाचन सामग्री आफू खटिएको मतदान केन्द्रको हो, होइन ?

(ख) स्वस्तिक छाप, स्ट्याम्प प्याडमा मसी भए, नभएको ?

(ग) औंलामा लगाउने नउड्ने मसी भएको मार्कर पेन भए, नभएको ?

(घ) मतदाता नामावलीको दुवै प्रति पूर्ण छ, छैन ?

(ङ) मतदाता नामावली आफू खटिएको मतदान केन्द्रको हो/होइन ?

(च) मतदाता नामावलीमा रहेको मतदाता संख्या मतदान केन्द्रमा तोकिएको मतदाता संख्यासँग मिल्छ, मिल्दैन ?

(छ) मतदान सामग्री र मतदान कार्यमा प्रयोग हुने अनुसूची फारामहरू स्पष्ट र पर्याप्त छन, छैनन् ?

(ज) निर्वाचन सम्बन्धी आवश्यक पर्ने ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू छन्, छैनन् ?

(४) मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र बुझ्दा आफूलाई खटाइएको मतदान केन्द्रका लागि तोकिएको सङ्ख्या र नम्बरको मतपत्र हो होइन यकिन गरी बुझ्नु पर्नेछ ।

(५) मतदान अधिकृतले स्वस्तिक छाप बुझ्दा तोकिएको प्रक्रिया पूरा गरी स्वस्तिक छाप ठिक छ, छैन जाँची बुझी लिनु पर्नेछ ।

(६) निर्वाचन कार्यालयले मतदान अधिकृतलाई स्वस्तिक छाप, सुरक्षण सिल र मतपेटिका बुझाएको दुईप्रति भरपाई गराई राख्नु पर्नेछ र त्यस्तो भरपाईको एकप्रति निर्वाचन कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतलाई अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्वाचन कार्यालयले मतदान अधिकृतसँग भरपाई गराउँदा सुरक्षण सिलको नम्बर समेत उल्लेख गर्नु पर्नेछ र मतदान अधिकृतले आफूले बुझिलिएको सुरक्षण सिल नम्बर पोलबुकमा टिपोट गरी राख्नु पर्नेछ ।

६२. **मतदान अधिकृतलाई मतपत्र उपलब्ध गराउने :** (१) मुख्य निर्वाचन अधिकृतले मतदान अधिकृतलाई मतपत्र वितरण गर्दा प्रत्येक मतदान केन्द्रको लागि आवश्यक पर्ने मतपत्र आयोगबाट पठाएको कपडाको थैलोमा पोको पारी लाहाछाप लगाई बुझाउनु पर्नेछ । त्यसरी मतपत्र बुझाउँदा मुख्य निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रको लागि छुट्याइएको मतपत्रको क्रमसङ्ख्याको शुरु र अन्तिम क्रमसङ्ख्या खुलाई सोको अभिलेख राख्नु पर्नेछ । त्यसरी राखेको अभिलेखको एकप्रति सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) मुख्य निर्वाचन अधिकृतले मतदान अधिकृतलाई मतपत्र बुझाउँदा यस निर्देशिकाको अनुसूची-२४ बमोजिमको ढाँचाको फाराममा मतदान अधिकृतको दस्तखत नमूना लिई अभिलेख राख्नु पर्नेछ । त्यस्तो दस्तखत नमूना सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) मतदान अधिकृतलाई बुझाई बाँकी हुन आएका मतपत्र मुख्य निर्वाचन अधिकृतले आफ्नो जिम्मामा सुरक्षितसाथ राख्नु पर्नेछ । त्यस्ता बढी मतपत्र पुनः मतदान गर्नुपर्ने अवस्थामा आयोगको अनुमतिमा मात्र प्रयोग गर्नु पर्नेछ ।

६३. **निर्वाचन सामग्री मतदान केन्द्रमा पुऱ्याउने :** मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रको मतदान सामग्री सहायक मतदान अधिकृत, अन्य कर्मचारी, कार्यालय सहयोगी र सुरक्षाकर्मीसमेतसँग समन्वय गरी सुरक्षित रूपमा मतदान केन्द्रमा पुऱ्याउनु पर्नेछ । सामग्री लिइ जाँदा राती बास बस्नु पर्ने अवस्थामा निर्वाचन सामग्री र कर्मचारीको सुरक्षा व्यवस्थामा उचित ध्यान दिनु पर्नेछ ।

६४. **बसोबासको प्रबन्ध मिलाउने :** मतदान अधिकृतले स्थानीय व्यक्ति तथा मतदान टोलीका अरू सदस्यसँग समेत आपसी समन्वय गरी टोलीका लागि मतदान केन्द्र रहेको स्थलमा बसोबासको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

तर मतदान केन्द्र रहेको स्थलमा त्यस्तो व्यवस्था गर्न सम्भव नभएमा उम्मेदवार, निजको नातेदार तथा निजको निर्वाचन प्रतिनिधि बाहेकको घर वा होटलमा बसोबासको व्यवस्था गर्न सकिनेछ ।

६५. **मतदान केन्द्रको क्षेत्र तोक्ने :** मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि सो मतदान केन्द्र रहेको ठाउँको चारैतिर तीनसय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नु पर्नेछ र त्यसको सूचना मतदान केन्द्रमा सबैले देख्ने गरी नियमावलीको नियम १७ को अनुसूची-१३ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

६६. **प्रचार प्रसार गर्न वा शान्ति भङ्ग गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने :** (१) मतदान अधिकृतले मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार प्रसार गर्न वा गराउन नपाउने व्यहोरा यस निर्देशिकाको अनुसूची-२३

बमोजिमको ढाँचामा मतदान केन्द्रमा सबैले देख्ने गरी सो सूचना प्रकाशन गर्नु पर्नेछ ।

**<u>उदाहरणको लागि</u> :** संवत् २०७६ साल मंसिर १४ गते शनिबारको दिन हुने मतदानको लागि संवत् २०७६ साल मंसिर ११ गते बुधवारको राति १२ बजेपछि प्रचार-प्रसार निषेध गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदान कार्यमा असर पर्ने गरी त्यसको वरिपरीको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन नपाउने गरी यस निर्देशिकाको अनुसूची-२५ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ :-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग गर्न,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन ।

६७. **<u>मादक पदार्थ निषेध गर्ने</u> :** मतदान अधिकृतले प्रचार प्रसार निषेध गरेको अवधिमा मतदान केन्द्रको वरिपरीको क्षेत्रमा मादक पदार्थ बिक्री वितरण र सेवन गर्न निषेध गरिएको सूचना यस निर्देशिकाको अनुसूची-२६ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

६८. **<u>हातहतियार लिएर हिंड्न वा प्रयोग गर्न नदिने</u> :** (१) मतदान अधिकृतले मतदान केन्द्र र सोको वरिपरि मतदानको काममा खटिएका सुरक्षा कर्मचारी बाहेक अरु कसैलाई कुनै प्रकारको विष्फोटक पदार्थ, रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिंड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन रोक लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) को प्रयोजनको लागि यस निर्देशिकाको अनुसूची-२७ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

६९. **सर्वदलीय वा सर्वपक्षीय बैठक राख्ने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा पुगेपछि सकभर छिटो सर्वदलीय वा सर्वपक्षीय बैठक राखी मतदान केन्द्र वरपरको सुरक्षा व्यवस्था कायम राख्ने, मतदान केन्द्र निर्माण गर्ने, स्वच्छ, स्वतन्त्र रूपमा मतदान कार्य सञ्चालन गर्ने विषयमा आवश्यक सहयोग जुटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वदलीय वा सर्वपक्षीय बैठकमा दलका स्थानीय प्रतिनिधि, उम्मेदवार, उम्मेदवारका प्रतिनिधि, बुद्धिजीवीलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले सर्वदलीय वा सर्वपक्षीय बैठकका सहभागीलाई मतदान प्रक्रियाबारे जानकारी गराउनु पर्नेछ ।

७०. **मतदाता परिचयपत्र वितरण :** (१) मतदान अधिकृतले उपनिर्वाचनको मिति भन्दा अगावै आयोगबाट प्राप्त मतदाता परिचयपत्र सम्बन्धित मतदाता वा निजको परिवारका सदस्यलाई बुझाई बुझिलिनेको दस्तखत वा सहीछाप गराई राख्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम परिचयपत्र वितरण गरी बाँकी रहेका मतदाता परिचयपत्र र मतदाता परिचयपत्र बुझाएको भरपाई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ । त्यसरी मतदान अधिकृतले बाँकी फिर्ता बुझाएका मतदाता परिचयपत्र र मतदातालाई मतदाता परिचयपत्र बुझाएको भरपाई निर्वाचन अधिकृतले निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

७१. **मतदान केन्द्र निर्माण गर्ने :** (१) मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आफ्नो टोलीमा खटिएका कर्मचारी एवम् सुरक्षाकर्मीसँग समेत समन्वय गरी यस निर्देशिकाको अनुसूची-२८ बमोजिम सबैलाई सहज हुने किसिमले मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय व्यक्तिको सहयोग लिन तथा त्यस केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सो काममा लगाउन सक्नेछ ।

(३) मतदान केन्द्र निर्माणमा मतदान अधिकृतलाई सहयोग पुऱ्याउनु मतदान टोलीमा खटिएका कर्मचारी र सुरक्षाकर्मीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने डोरी, बाँस, घोचा, पाल, खर आदिको उपयोग गर्न सकिनेछ । यसरी निर्माण गरिएको मतदान केन्द्रमा मतदान कार्य सञ्चालनका लागि आवश्यक पर्ने टेबल, बेञ्च, कुर्सी लगायतका सामग्रीको व्यवस्था मिलाउनु पर्छ ।

(५) उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा त्यस्तो केन्द्रमा देहायको व्यवस्था गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्नका लागि गोप्य कक्ष बनाउने र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल राख्ने,

(ख) खण्ड (क) बमोजिम गोप्य कक्ष बनाउँदा सामान्यतया: देहाय बमोजिमको सङ्ख्यामा बनाउनु पर्नेछ :-

(१) आठ सयसम्म मतदाता स्ङख्या भएको मतदान केन्द्रमा एउटा,

(२) आठ सय एक भन्दा बढी मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा दुईवटा ।

(ग) मतसङ्केत गर्ने गोप्य कक्ष नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत सङ्केत गर्ने स्वस्तिक छाप तथा छापदानी राख्ने टेबुल राख्ने,

(घ) मतसङ्केत गरेपछि स्वस्तिक छाप मतपेटिका नजिक रहेको साविकको टेबुलमा ल्याएर राख्ने व्यवस्था गर्ने,

(ङ) मतपेटिका राखेको ठाउँको नजिक मतदान केन्द्रभित्रको समग्र कार्यको निरीक्षण गर्न सक्ने गरी मतदान अधिकृत बस्ने ठाउँ बनाउने,

(च) मतदान केन्द्रको बाहिरी भागमा खुला ठाउँमा महिला र पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग-अलग रूपमा लाम लाग्न सक्ने व्यवस्था मिलाउने,

(छ) लामबद्ध भएका मतदाता मतदान केन्द्रभित्र प्रवेश गर्ने स्थलमा मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फाराम भर्ने, औंलामा नउड्ने मसी भएको मार्कर पेनले चिह्न लगाउने र मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत वा कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

(ज) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध गर्ने,

(झ) मतदान गरिसकेको व्यक्ति पुनः मतदानस्थलतर्फ फर्कन नपाउने गरी बाहिर निस्कने व्यवस्था मिलाउने,

(ञ) प्रत्येक मतदान केन्द्रमा मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता लामबद्ध हुने ठाउँमा झुण्ड्याउने वा टाँस्ने ।

(६) मतदान अधिकृतले मतदान गर्न तोकिएको स्थानमा कुनै विद्यालय वा सार्वजनिक भवन नभएको अवस्थामा चौर वा अन्य कुनै खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार वा अन्य कुनै उपयुक्त वस्तुको प्रयोग गरी मतदान केन्द्र निर्माण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म अपाङ्गता भएका व्यक्तिको लागि समेत सहज हुने गरी निर्माण गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय बासिन्दाको सहयोगमा मतदान केन्द्रको वरपर सम्भव भएसम्म खानेपानी र शौचालयको प्रबन्ध मिलाउनु पर्नेछ ।

७२. **मतदान केन्द्रमा व्यवस्था गर्नुपर्ने अन्य कुराहरू :** मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि त्यस्तो केन्द्रमा देहाय बमोजिमका अन्य व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतदाता प्रवेश गर्ने द्वारमा “भित्र” र मतदाता बाहिर निस्कने द्वारमा “बाहिर” लेखिएको कार्ड सबैले देख्ने गरी टाँस्ने,

(ख) मतदान केन्द्रको प्रवेशद्वारमा महिला र पुरुष मतदाता अलग-अलग रूपमा लामबद्ध हुन सक्ने गरी डोरी वा बाँसले मतदाताको लागि लाम लाग्ने ठाउँ छुट्ट्याई “महिला”, “पुरुष” लेखिएको अलग-अलग कार्ड झुण्ड्याउने,

(ग) मतदाताको नाम रुजु गर्ने कर्मचारी र लाममा भएका मतदाताका बीच भागमा सुरक्षाकर्मीलाई राख्ने र सुरक्षाकर्मी नपुग भएको अवस्थामा स्वयंसेवकलाई खटाउने,

(घ) नाम रुजु गर्ने कर्मचारीपछि क्रमशः तथ्याङ्क फाराम भर्ने र नउड्ने मसी भएको मार्कर पेनले चिन्ह लगाउने महिला स्वयंसेवक, मतपत्र दिने सहायक मतदान अधिकृत बस्ने ठाउँको व्यवस्था गर्ने,

(ङ) उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिलाई मतदान कार्यमा खटिएका कर्मचारीको पछाडिपट्टि बस्ने प्रबन्ध मिलाउने,

(च) मतपेटिका राख्दा धेरै अग्लो ठाउँमा नराखी होचो कदका मतदाताले पनि सजिलै मत खसाल्न सक्ने गरी राख्ने व्यवस्था गर्ने,

(छ) गोप्य मतदान कक्ष बनाउँदा भऱ्याङ वा सिंढी चढेर जानुपर्ने ठाउँमा नबनाउने,

(ज) मतदाताले मतदान गरिसकेपछि सो मतदाता सजिलै बाहिर निस्कन सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने,

(झ) मतदान केन्द्रको बाहिरपट्टि सबैले देख्ने गरी धुम्रपान निषेध तथा हातहतियार निषेध लेखिएको कार्ड झुण्डयाउने,

(ञ) मतदान केन्द्रमा उपलब्ध भएसम्म आयोगले उपलब्ध गराएका पोष्टर टाँस्ने,

(ट) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पर्चा, पम्प्लेट, पोष्टर जस्ता प्रचार सामग्री रहेछ भने सो हटाउने,

(ठ) उम्मेदवार वा निजका प्रतिनिधि, मतदान कार्यमा संलग्न कर्मचारी, स्वयम्सेवकलाई मतदान कार्यान्वयन प्रतिबद्धतापत्रमा हस्ताक्षर गराई टाँस गर्ने ।

७३. **परिचयपत्र लगाउनु पर्ने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत,निर्वाचनमा खटिएका अन्य कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र स्वयम्सेवकले आयोगले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्नेछ ।

७४. **मतदान सम्बन्धी कार्यमा बाधा पुऱ्याउनेलाई गिरफ्तार गर्न सकिने :** (१) मतदान अधिकृतले मतदान कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग

गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ बमोजिम कसूर मानिने कार्य गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिमको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न मतदान अधिकृतले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान अधिकृतले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश पालना नगरेमा मतदान अधिकृतले निर्वाचन अधिकृत समक्ष लेखी पठाउनेछ र निर्वाचन अधिकृतले त्यस्तो सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउन सक्नेछ ।

७५. **निर्वाचन सामग्री मतदान केन्द्रबाट बाहिर लैजान नहुने :** मतदान कार्य समाप्त भई अन्य सम्पूर्ण प्रक्रिया पूरा नहुञ्जेलसम्म मतदान कार्यमा प्रयोग भएका मतदान सामग्री मतदान केन्द्रभन्दा बाहिर लैजान र अनधिकृत व्यक्तिलाई छुन दिनु हुँदैन ।

७६. **मतदान प्रतिनिधिको नियुक्ति :** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उपनिर्वाचनमा मतदान सम्बन्धी काम गर्न प्रत्येक मतदान केन्द्रको लागि आफूले गर्नुपर्ने काम नियमावलीको नियम ३५ को उपनियम (१) को अनुसूची-२४ बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतदान प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी मतदान अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्दा एकै दलको तर्फबाट उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा एकजना मात्र र स्वतन्त्र उम्मेदवारहरूले आपसमा समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म एकजना मतदान प्रतिनिधि रहने गरी नियुक्त गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतदान प्रतिनिधिलाई नियमावलीको नियम ३५ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

७७. **मतदान प्रतिनिधिको योग्यता :** दफा ७६ बमोजिम नियुक्त गरिने मतदान प्रतिनिधिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ख) लेखपढ गर्न जान्ने ।

७८. **मतदान प्रतिनिधिको कर्तव्य :** दफा ७६ बमोजिम नियुक्त मतदान प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्ने,

(ख) मतदानका क्रममा तयार हुने मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधिको तर्फबाट सहिछाप गर्ने,

(ग) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्ने ।

(घ) मतदातालाई सङ्केत गर्ने वा मतदान सम्बन्धी कागजात वा अन्य विवरणहरू छुन नहुने ।

७९. **अभिमुखीकरण गर्ने :** (१) मतदान अधिकृतले मतदानको पूर्व तयारी स्वरूप मतदान हुने दिन अगावै मतदान कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मीलाई मतदान प्रक्रियाका बारेमा अभिमुखीकरण गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिमुखीकरण गराउँदा प्रत्येक कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकले निर्वाचन प्रक्रियामा पूरा गर्नुपर्ने जिम्मेवारीबारे स्पष्ट पार्नु पर्नेछ ।

८०. **कार्य विभाजन :** (१) मतदान अधिकृतले मतदान कार्य सफलतापूर्वक सञ्चालन गर्न सहायक मतदान अधिकृत, अन्य कर्मचारी र स्वयंसेवकलाई देहाय बमोजिम कार्य विभाजन गरी जिम्मेवारी समेत तोक्नु पर्नेछ :-

(क) मतदानका लागि उपस्थित मतदाताको मतदाता परिचयपत्र हेरी मतदाता नामावलीमा नाम रुजु गर्ने,

(ख) नाम रुजु गरी आएको मतदाता महिला, पुरुष वा अन्य के हो ? सो अनुसार तोकिएको तथ्याङ्क फाराममा अभिलेख जनाई राख्ने,

(ग) मतदाताको औंलामा चिनो लगाउने,

(घ) मतदातालाई मतपत्र दिने,

(ङ) मतदान केन्द्रमा मतदाताको लाइन व्यवस्थापन र अन्य कार्यमा सहयोग पुऱ्याउने,

(च) मतदान गरिसकेको मतदाताले मतपेटिकामा मतपत्र खसाले नखसालेको निगरानी गर्ने तथा मतदान गरिसकेको मतदातालाई बाहिर पठाउने ।

(२) उपदफा (१) बमोजिम कार्य विभाजन गर्दा मतदातालाई मतपत्र दिने कार्य सहायक मतदान अधिकृतलाई र मतदाताको औंलामा चिनो लगाउने जिम्मेवारी महिला स्वयंसेविकालाई दिने गरी कार्य विभाजन गर्नु पर्नेछ ।

८१. **मतदान केन्द्रमा प्रवेश गर्न अनुमति :** (१) मतदान अधिकृतले देहायका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिनु पर्नेछ :-

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षसम्मको बालबालिका,

(च) दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

(२) मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा मतदान कार्यका लागि आवश्यक पर्ने हो, होइन यकिन गरेर मात्र अनुमति प्रदान गर्नु पर्नेछ ।

(३) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न उपदफा (१) को खण्ड (घ) बमोजिम अनुमति दिएको व्यक्तिलाई नियमावलीको नियम ३७ को अनुसूची-२७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपदफा ((३) बमोजिम मतदान केन्द्रभित्र प्रवेश गर्न अनुमति पाएका कुनै पनि व्यक्तिलाई मतदान केन्द्रभित्र मोबाइल फोन प्रयोग गर्न दिनु हुँदैन । मतदान केन्द्रमा प्रवेश गर्नु अगाडि मोबाइल फोन बन्द गर्न लगाएर मात्र मतदान केन्द्रमा प्रवेश अनुमति दिनु  पर्नेछ ।

(५) उपदफा (३) बमोजिम मतदान केन्द्रभित्र प्रवेश गर्न अनुमति पाएका व्यक्तिले मतदान केन्द्रभित्र क्यामेरा तथा फोटो खिच्ने सामग्री पनि साथमा लैजान पाउने छैनन् ।

८२. **<u>मतदानको तयारी</u> :** मतदान हुने दिन मतदान प्रारम्भ हुनु भन्दा अघि मतदान केन्द्रमा मतदान सम्बन्धी सबै व्यवस्थाको प्रबन्ध पूरा भए नभएको कुराको मतदान अधिकृतले देहाय बमोजिम निरीक्षण गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्ने गोप्य स्थान र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल ठीक छ, छैन,

(ख) गोप्य स्थान नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत सङ्केत गर्ने छाप छ, छैन र गोप्य कक्षमा राखिएको छापदानीको प्याड माथि प्लाष्टिक वा कागजले ढाकिएको भए सो काटेर हटाएको छ, छैन र त्यस्तो प्लाष्टिक वा कागज हटाई सकेको रहेछ भने प्याडको मसी सुकेको छ, छैन,

(ग) नउड्ने मसी भएको मार्कर पेन पर्याप्त मात्रामा छ, छैन,

(घ) मतपेटिका राखेको ठाउँको नजिकै मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(ङ) मतदान केन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा महिला र पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग-अलग पंक्तिबद्ध हुन सक्ने व्यवस्था गरिएको छ,

छैन, महिला, पुरुष लेखिएको कार्ड टाँसेको वा झुण्ड्याइएको छ, छैन,

(च) मतदान गर्ने मतदाताको क्रमसंख्या स्पष्ट देखिने सूचना मतदाता पंक्तिबद्ध हुने ठाउँमा झुण्ड्याइएको वा टाँसिएको छ, छैन,

(छ) पंक्तिबद्ध भएका मतदाता प्रवेश गर्ने स्थलमा मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फाराम भर्ने र औंलामा चिनो लगाउने तथा मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत तथा कर्मचारी बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(ज) मतदान गरिसकेको व्यक्ति पुनः मतदानस्थलतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाइएको छ, छैन,

(झ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध छ, छैन,

(ञ) उम्मेदवार वा मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधिहरू र स्वयंसेवक बस्ने स्थान ठीक छ, छैन,

(ट) मतदान केन्द्रमा मतदानका उपलब्ध मतदाता नामावली ठीक छ, छैन,

(ठ) मतदान केन्द्रभित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार सामग्री छ, छैन हेर्ने र भएमा त्यस्तो प्रचार सामग्री हटाउने,

(ड) उपनिर्वाचन हुने पदको लागि उम्मेदवारको संख्याको अनुपातमा निर्धारित निर्वाचन चिन्ह भएको मतपत्र छ, छैन ।

८३. **मतपेटिका सम्बन्धी व्यवस्था** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा उपनिर्वाचनको लागि एउटा मतपेटिका राख्नु पर्नेछ । त्यस्तो मतपेटिकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुन भन्दा पहिले नै मतदान केन्द्रको नाम, गाउँपालिका वा नगरपालिकाको नाम, वडा नम्बर तथा मतपेटिकाको क्रम उल्लेख भएको स्टीकर मतपेटिकाको बाहिरी भागमा टाँस्नु पर्नेछ र त्यसमा मतदान अधिकृतले आफ्नो दस्तखत समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको मतपेटिका मतपत्रले भरिएमा मतदान अधिकृतले दफा ८४ बमोजिमको रित पुऱ्याई अर्को मतपेटिका राख्न सक्नेछ ।

८४. **रित्तो मतपेटिका बन्द गर्ने :** (१) मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार वा निजका प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी यस निर्देशिकाको **अनुसूची-२९** बमोजिम मतपेटिका बन्द गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा आयोगबाट प्राप्त सुरक्षणसिल लगाई बन्द गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा सुरक्षणसिलमा उल्लेख भएको सुरक्षणसिल नम्बर यस निर्देशिकाको अनुसूची-३० बमोजिमको ढाँचाको मुचुल्कामा उल्लेख गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई सहिछाप गर्न लगाई मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ । त्यसरी प्रयोग भएका सुरक्षणसिलका नम्बरहरू मतदान अधिकृतले आफ्नो पोलबुकमा टिपोट गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहिछाप गराउनु पर्नेछ ।

८५. **स्वस्तिक छाप जाँच गर्ने र मतपत्रको सिलबन्दी प्याकेट खोल्ने :** (१) मतदान अधिकृतले मतदानको कार्य शुरु हुनु अघि उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा स्वस्तिक छाप जाँच गरी यस निर्देशिकाको अनुसूची-३१ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) मतदान हुने दिन मतदान शुरु हुने समय भन्दा अघि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपत्रको सिलबन्दी प्याकेट खोल्नु पर्नेछ र सो प्याकेटको सिल तोडी खोलेको यस निर्देशिकाको अनुसूची-३२ बमोजिमको ढाँचामा मुचुल्का समेत गर्नु पर्नेछ । सो मुचुल्कामा मतदान अधिकृतले आफ्नो दस्तखत गरी सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

८६. **<u>मतदान प्रारम्भ गर्ने</u> :** (१) मतदान अधिकृतले मतदान हुने दिन पूर्व निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

(२) मतदान प्रारम्भ हुने पूर्व निर्धारित समयमा मतदान गर्ने मतदाता उपस्थित भएमा वा नभएमा पनि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतदान प्रारम्भ भएको भनी यस निर्देशिकाको अनुसूची-३३ बमोजिमको ढाँचामा मुचुल्का गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहिछाप गराई आफूले समेत दस्तखत गरी मुचुल्का गराई राख्नु पर्नेछ ।

८७. **<u>मतपत्रमा दस्तखत गर्ने</u> :** (१) मतदान अधिकृतले दफा ८५ बमोजिम सिलबन्दी प्याकेट खोलिएको सम्पूर्ण मतपत्र आफ्नो जिम्मा राख्नु पर्नेछ र मतपत्रमा सही गर्नको लागि निर्देशित ठाउँमा आफ्नो पूरा दस्तखत गर्नु पर्नेछ । तर सबै मतपत्रमा एकै पटक दस्तखत गर्नु हुँदैन ।

(२) मतदान अधिकृतले आफूले दस्तखत गरेका मतपत्र मतदातालाई प्रदान गर्नको लागि सहायक मतदान अधिकृतलाई आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ । यसरी दस्तखत गरेका सबै मतपत्र सहायक मतदान अधिकृतलाई एकै पटक उपलब्ध गराउनु हुँदैन ।

(३) उपदफा (२) बमोजिम मतदान अधिकृतले मतदातालाई दिन सहायक मतदान अधिकृतलाई उपलब्ध गराएका सबै मतपत्रको छुट्टै लगत राख्नु पर्नेछ ।

(४) मतदान अधिकृतले दस्तखत गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नु पर्नेछ ।

८८. **<u>मतदान केन्द्रमा प्रवेश गर्न नदिने</u> :** (१) दफा ८१ को उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रकारको हतियार साथमा लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(२) मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदान गर्न बाँकी मतदाता बाहेक अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैनन् ।

८९. **<u>अशक्त मतदातालाई सहायता गर्ने</u> :** (१) दफा ८१ को उपदफा (१) को खण्ड (च) बमोजिम दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरु कुनै कारणले आफै मत सङ्केत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा

आएको एकाघरको परिवारको सदस्यलाई मत सङ्केत गर्ने गोप्य स्थानमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य स्थानमा प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।

(२) कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफैँ मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मतदान अधिकृतले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत सङ्केत गर्ने काममा सहयोग गर्नु पर्नेछ ।

९०. **<u>मतदाताको नाम जाँच गरी रुजु गर्ने :</u>** (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ, छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ, भिड्दैन सो जाँच गर्नेछ । यसरी जाँच गर्दा मतदाताको नाम, थर उमेर सो मतदाताको पिता/माताको नाम, विवाहिता महिला भए निजको पतिको नाम आदि सोधी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत वा सहायक मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडि रेजा (√) चिन्ह लगाउनु पर्नेछ ।

९१. **<u>महिला, पुरुष र अन्य मतदाताले मतदान गरेको तथ्याङ्क फाराम भर्ने :</u>** (१) मतदान अधिकृतले खटाएको स्वयंसेवकले कति समयभित्र कति पुरुष, कति महिला र कति अन्य मतदाताले मतदान गरे भन्ने तथ्याङ्क राख्नका लागि मतदाता नामावलीमा रेजा चिन्ह लगाएपछि यस निर्देशिकाको अनुसूची-३४ बमोजिमको तथ्याङ्क फाराममा क्रम अनुसार पुरुष, महिला वा अन्यको सङ्ख्यामा रेजा (√) चिन्ह लगाउनु पर्नेछ । आयोग, निर्वाचन

अधिकृत वा निजले खटाएको टोली वा पर्यवेक्षकले मतदान गर्ने पुरुष, महिला वा अन्य मतदाताको विवरण माग गरेमा सोही तथ्याङ्कको आधारमा जानकारी दिनु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान सम्पन्न भएपछि उपदफा (१) बमोजिमको फाराम अन्य कागजातको पोकामा नराखी निर्वाचन कार्यालयमा अलग्गै बुझाउनु पर्नेछ । साथै मतदान गर्ने पुरुष, महिला र अन्य मतदाताको सङ्ख्या मतदान अधिकृतले पोलबुकमा समेत उल्लेख गर्नु पर्नेछ ।

९२. **मतदाताको औंलामा चिनो लगाउने :** (१) दफा ९० बमोजिम मतदाताको नाम आदि रुजु भएपछि मतदान अधिकृतले खटाएको महिला स्वयम् सेवकले मतदाताको बायाँ (देब्रे) हातको बुढी औंलाको नङ र मासुको जोर्नीमा नउड्ने मसी भएको मार्कर पेनले चिनो लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको बायाँ हातको बुढी औंला नभएमा दायाँ (दाहिने) हातको बुढी औंलामा चिनो लगाउनु पर्नेछ । दायाँ हातको पनि बुढी औंला नभएमा बायाँ हातको चोर, माझी, साइली र कान्छी औंलामध्ये जुन औंला सद्दे छ क्रमशः ती मध्येको एक औंलामा चिनो लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कुनै औंला नभएमा दायाँ हातको कुनै औंलामा सोही बमोजिमको क्रम अनुसार चिनो लगाउनु पर्नेछ ।

(४) कुनै मतदाताको दुबै हात रहेनछ भने मतदान अधिकृतले सो व्यहोरा मतदाता नामावलीमा जनाई निजलाई मतदान गर्न दिनु पर्नेछ ।

९३. **मतपत्रको अर्धकट्टीमा मतदाताको सहिछाप गराउने :** (१) मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अर्धकट्टीको माथिको भागमा सो मतदाताको गाउँपालिका वा नगरपालिकाको वडा नम्बर र मतदाताको क्रमसंख्या समेत लेखी सो मतदाताको सहिछाप गराई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदाताको सहिछाप गराउँदा लेख्न नसक्ने मतदाताको दायाँ हातको बुढी औंलाको छाप लगाउनु पर्नेछ । दायाँ हातको बुढी औंला नभएमा बायाँ हातको बुढी औंला वा दुबै हातमा बुढी औंला नभएमा दायाँ हातको अन्य कुनै औला वा सो नभएमा बायाँ हातको अन्य कुनै औंलाको छाप लगाई र कुनै हातमा औंला नभएमा सोही व्यहोरा अधकट्टीमा जनाई मतपत्र दिनु पर्नेछ ।

९४. **मतपत्र दिने :** (१) दफा ९० बमोजिम मतदाता नामावलीमा नाम रुजु भई मतदान अधिकृत वा सहायक मतदान अधिकृतले दफा ९२ बमोजिम औंलामा नउड्ने मसी भएको मार्कर पेनले चिनो लागेको मतदातालाई दफा ९३ बमोजिम रीत पुऱ्याई मतपत्र दिनु पर्नेछ ।

(२) मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदातालाई मतपत्र दिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी मतपत्र दिनु पर्नेछ ।

९५. **मतदान गर्ने :** (१) दफा ९४ बमोजिम मतपत्र लिएको मतदाताले स्वस्तिक (卐) चिन्ह भएको मत सङ्केत गर्ने छाप लिएर मत सङ्केत गर्ने गोप्य स्थानमा जानु पर्नेछ ।

(२) मतदाताले मतसङ्केतका लागि गोप्य कक्षमा रहेको छापदानीमा मत सङ्केत गर्ने स्वस्तिक चिन्ह भएको छाप चोपी मतपत्रमा जुन पदको लागि जतिजना निर्वाचित गर्नुपर्ने हो आफूले रोजेका त्यति नै जना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छाप लगाउनु पर्नेछ । मत सङ्केत गरिसकेपछि मत सङ्केतको छाप छोपिने तर मतपत्रको मसी नलत्पतिने गरी पट्याउनु पर्नेछ ।

(३) मतदाताले उपदफा (२) बमोजिम मत सङ्केत गरेको मतपत्र अन्य कुनै व्यक्तिलाई देखाउनु हुँदैन ।

(४) मतदाताले मत सङ्केत गर्ने गोप्य स्थानबाट बाहिर आई सो मतपत्र मतपेटिका भित्र खसाल्नु पर्नेछ ।

९६. **मतदान गरेको मतदातालाई बाहिर पठाउने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदान गरेको मतदातालाई मतदान गर्ने ठाउँ तिर फर्कन नमिल्ने गरी तुरुन्त बाहिर जाने व्यवस्था मिलाउनु पर्नेछ ।

९७. **मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मत सङ्केत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनु पर्नेछ ।

तर दफा ८९ बमोजिम अशक्त मतदाताको साथमा जान अनुमति दिएको व्यक्तिलाई त्यस्तो मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य कक्षमा प्रवेश गर्न दिइनेछ ।

९८. **मतदान गर्ने प्राथमिकता :** मतदान अधिकृतले अपाङ्गता भएका, गर्भवती, अशक्त, बिरामी, वृद्ध मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था गर्नु पर्नेछ ।

९९. **मतदाताले नजानेको कुरा सिकाई दिने :** कुनै मतदाताले मतदान सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा मतदान अधिकृतले मतदाताले सोधेको कुरा सिकाउनु वा बुझाउनु पर्नेछ ।

तर कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्नु वा सङ्केत गर्नु हुँदैन ।

१००. **मतपत्र बाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदातालाई मतपेटिकामा मतपत्र बाहेक अन्य पदार्थ खसाल्न दिनु हुँदैन ।

१०१. **मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने :** मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान कार्यको लागि खटिएको कर्मचारी वा स्वयम् सेवकले मतदान गर्नको लागि मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदान केन्द्रबाट बाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न दिनु हुँदैन ।

१०२. **मत सङ्केत सार्वजनिक गरेको मतपत्र छुट्टै खाममा राख्ने :** (१) कसैले मतपत्रमा सङ्केत गरी सकेपछि त्यस्तो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा वा गोप्य मत सङ्केत गर्ने स्थानमा मत सङ्केत नगरी सोभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको कुरा सार्वजनिक गरेमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ९ को उपदफा (२) बमोजिम पन्ध्रहजार रुपैयाँसम्म जरिवाना गरी सो मतपत्र मतपेटिकामा खसाली नसकेको भए त्यस्तो मतपत्रलाई छुट्टै खाममा राख्नु पर्नेछ र सो खाममा सोही व्यहोरा उल्लेख गरी सिलबन्दी गरी यस निर्देशिकाको अनुसूची-३५ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएको मतपत्र गणना गरिने छैन ।

१०३. **नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजुरी :** (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएको हो भनी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान केन्द्रको मतदाताले मतदान अधिकृत समक्ष

एकसय रुपैयाँ धरौटी राखी सो मतदाताको विरोधमा नियमावलीको नियम २१ को उपनियम (१) को अनुसूची-१४ बमोजिमको ढाँचामा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक कुरा बुझी तत्काल निर्णय गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिमको विरोधको व्यहोरा र सोको निर्णय नियमावलीको नियम २१ को उपनियम (२) को अनुसूची-१५ बमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक नठहरेमा मतदान अधिकृतले सो धरौटी जफत गर्नु पर्नेछ । विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम उजुर गर्ने व्यक्तिलाई तुरुन्त फिर्ता दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ७ को उपदफा (३) बमोजिम तत्काल पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यसको रसिद सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम जरिवाना गरिएको रकम संचित कोषमा दाखिला गर्न निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(७) कसैले उपदफा (५) बमोजिमको जरिवाना वापतको रकम नबुझाएमा मतदान अधिकृतले निजलाई प्रचलित सङ्घीय कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाइ दिनु पर्नेछ ।

१०४. **मतदाताले फिर्ता दिएको मतपत्रको लगत राख्ने :** कुनै मतदाताले मतदान नगर्ने निश्चय गरी आफूले मतदान गर्न लिएको मतपत्र मतदान अधिकृतलाई फिर्ता दिएमा मतदान अधिकृतले त्यस्तो मतपत्रको लगत राख्नु पर्नेछ र फिर्ता गरिएको मतपत्रमा फिर्ता गरिएको व्यहोरा जनाई छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

तर मत सङ्केत गरिसकेको मतपत्र फिर्ता दिन आएमा तत्कालै मतपेटिका भित्र खसाली दिनु पर्नेछ ।

१०५. **मतदान केन्द्रको निरीक्षण गर्ने :** मतदान अधिकृतले मतदानको अवधिमा देहाय बमोजिमका ठाउँ र कामको निरीक्षण गर्नु पर्नेछ र त्यहाँ कुनै

समस्या रहेछ भने सो समस्याको तत्काल समाधान गरी मतदानको कार्य लगातार चालु राख्नु पर्नेछ :-

(क) कुनै मतदाता गोप्य स्थानमा मत सङ्केत को छाप लगाउन आवश्यक समयभन्दा बढी समयसम्म बसेको वा नबसेको,

(ख) छापदानी र मत सङ्केत गर्ने स्वस्तिक छाप निर्धारित स्थानमा रहेको वा नरहेको,

(ग) छापदानीमा मसी भएको वा नभएको,

(घ) मतपेटिकामा मतपत्र खसालेको वा नखसालेको,

(ङ) मतपेटिका भरिएको वा नभरिएको,

(च) मतपेटिका सुरक्षित अवस्थामा रहेको वा नरहेको,

(छ) मतदाताको नाम रुजु गर्ने स्थानमा र मत सङ्केत गर्ने गोप्य स्थान बाहिर मतदाताको भीड भएको वा नभएको,

(ज) मतदान कार्यमा कुनै बाधा भएको वा नभएको ।

१०६. **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने :** मतदान अधिकृतले मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरिसकेको मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनु पर्नेछ ।

१०७. **तोकिएको समयपछि मतदान केन्द्रमा प्रवेश गर्न नदिने :** मतदान अधिकृतले मतदानको लागि तोकिएको समय समाप्त भएपछि कुनैपनि व्यक्तिलाई मतदान केन्द्रभित्र प्रवेश गर्न दिनु हुँदैन ।

१०८. **मतदानको समय समाप्त नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने :** मतदान गर्नको लागि कुनै मतदाता सो मतदान केन्द्रमा उपस्थित नभए तापनि मतदान अधिकृतले मतदानको लागि तोकिएको अन्तिम समय समाप्त नभएसम्म मतदान केन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन ।

१०९. **मतदानको प्रगति विवरण :** (१) मतदान अधिकृतले मतदान सुरु भएको प्रत्येक दुई घण्टामा भएको कुल मतदान सङ्ख्या, मतदान केन्द्रको वस्तुस्थिति, मतदानको प्रतिशत, मतदान गर्ने महिला पुरुषको संख्या सहितको मतदानको प्रगति विवरण छिटो साधनद्वारा निर्वाचन अधिकृतसमक्ष पठाई आफ्नो डायरी (पोलबुक) मा समेत उल्लेख गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरण अनुगमन टोलीमार्फत समेत पठाउन सकिनेछ । यसरी प्राप्त प्रगति विवरणको आधारमा निर्वाचन अधिकृतले आयोगमा प्रत्येक दुई घण्टामा प्रतिवेदन गर्नु पर्नेछ ।

११०. **मतदानको समय समाप्त हुन लागेको जानकारी गराउने :** मतदानको समय समाप्त हुनु भन्दा पन्ध्र मिनेट अगाडि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले मतदाताहरूले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ ।

१११. **मतदान अधिकृतले पोलबुकमा विवरण राख्ने :** मतदान अधिकृतले आयोगद्वारा निर्वाचन अधिकृतको कार्यालय मार्फत उपलब्ध गराएको पोलबुकमा मुख्य मुख्य घटनाको विवरण उल्लेख गरी निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ ।

११२. **मतपत्रको अभिलेख राख्ने :** मतदान अधिकृतले मतदान कार्य समाप्त भइसकेपछि तथ्याङ्क फारामका आधारमा कति मत खसेको छ सोको विवरण पोलबुकमा उल्लेख गर्नु पर्नेछ ।

११३. **मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने :** (१) मतदान कार्य समाप्त भएपछि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतपत्र खसाल्ने प्वाल बन्द गरी मतपेटिकामा आयोगबाट प्राप्त सुरक्षणसिल लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपेटिकाको प्वाल बन्द गरेको यस निर्देशिकाको अनुसूची-३६ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा दस्तखत गरी सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

११४. **मतपत्रको फाँटवारी तयार गर्ने :** (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि यस निर्देशिकाको अनुसूची-३७ बमोजिमको ढाँचामा मतपत्रको फाँटवारी तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फाँटवारीमा मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

११५. **कागजात सुरक्षित राख्ने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरू छुट्टाछुट्टै

खाममा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछ :-

(क) मतदान अधिकृतको दस्तखत नभएका मतपत्र,

(ख) मतदान अधिकृतको दस्तखत भएका तर मतदानमा प्रयोग नभएका मतपत्र,

(ग) मतपेटिका बाहिर रहेका मतपत्र,

(घ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,

(ङ) मतदाताको नाम रुजु गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली,

(च) मतपत्रका अर्धकट्टी,

(छ) निविदा मतपत्र,

(ज) विरोध गर्ने र विरोध भएको मतदाताको सूची,

(झ) विरोध सम्बन्धी निर्णय किताब,

(ञ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अन्य कुनै कागजात ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको कागजात खाम बन्द गरिसकेपछि सो को यस निर्देशिकाको अनुसूची-३८ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी सो स्थानमा उपस्थित उम्मेवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

११६. **मतदान रोक्न सक्ने :** (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान कार्य सुचारु हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय तोकी मतदान रोक्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र पुनः मतदान कार्य सुचारु गर्न नसकिने भएमा मतदान अधिकृतले सो दिनको मतदान दफा ११८ बमोजिम स्थगित गर्न सक्नेछ ।

११७. **मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा :** (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरिएमा मतदान अधिकृतले यस निर्देशिकाको अनुसूची-३९ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफ्नो दस्तखत गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(३) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाइसकेको मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा, जानाजान तोडफोड गरी नोक्सान भएमा, दुर्घटनावश नोक्सान भएमा वा उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गर्नु पर्नेछ र त्यसको प्रतिवेदन आयोगमा तुरुन्त दिनु पर्नेछ ।

११८. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने** : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई, उपद्रव वा प्राकृतिक विपद् वा काबुबाहिरको परिस्थिति सिर्जना भएको कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र त्यसरी मतदान स्थगित भएको कारण सहित उल्लेख गरी यस निर्देशिकाको अनुसूची-४० बमोजिमको ढाँचामा सूचना सोही स्थानमा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई यस निर्देशिकाको अनुसूची-४१ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफुले दस्तखत गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरेको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त मुख्य निर्वाचन अधिकृत र आयोगलाई दिनु पर्नेछ ।

**११९. <u>मतदान केन्द्रको अनधिकृत कब्जा</u> :** (१) देहायको अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि बाटो वा गौँडा छेकी रोकेमा वा मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदान गर्न राखिएको विद्युतीय उपकरण वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसरी मतदान स्थगित भएको कारण सहित उल्लेख गरी यस निर्देशिकाको अनुसूची-४० बमोजिमको ढाँचामा सूचना सोही स्थानमा प्रकाशन गर्नेछ र त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई यस निर्देशिकाको अनुसूची-४१ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ

र सो मुचुल्कामा आफुले दस्तखत गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो घटनाको जाँच गर्न सक्नेछ र घटना जाँच प्रतिवेदनको आधारमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

१२०. **मतदान स्थगित गर्दा विशेष ध्यान दिनु पर्ने** : (१) मतदान केन्द्रमा बलजफ्ती, हुलहुज्जत वा झैझगडा भई मतदान कार्य बिथोलिने अवस्था भएमा मतदान अधिकृतले समाधानको लागि सुरक्षाकर्मीको सहयोग लिनु पर्नेछ । सुरक्षाकर्मीको सहयोग लिँदासमेत मतदान कार्य सुचारू गर्न सम्भव नभएमा मात्र मतदान कार्य स्थगित गर्नु पर्नेछ ।

(२) कुनै प्राकृतिक विपत्ती वा अन्य कारणबाट मतदान गराउन असम्भव भएमा मतदान कार्य स्थगित गर्नु पर्नेछ । थोरै समय परेको पानी वा हावाहुरी जस्ता सामान्य कारणबाट मतदान स्थगित गर्नु हुँदैन । कुनै पनि अवस्थामा मतदान कार्य गराउन सम्भव नदेखिएमा मात्र मतदान स्थगित गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले मतदान स्थगित गर्दा के कारणले स्थगित गरिएको हो सोको जानकारी तत्काल निर्वाचन अधिकृतलाई गराउनु पर्नेछ । मतदान स्थगित गर्नु परेमा मतदान केन्द्रमा उपस्थित सबैको जानकारीको लागि सार्वजनिक सूचना जारी गरीं अर्को मतदान निर्वाचन आयोगद्वारा तोकिएको दिन हुने कुराको समेत जानकारी गराउनु पर्नेछ ।

(४) मतदान स्थगित गरिएमा पनि मतपेटिका सिलबन्दी गरी सबै सामग्री प्रक्रिया बमोजिम बन्द गरी सुरक्षित राख्ने कार्य उम्मेदवार वा निजका प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

१२१. **पुनः मतदानको व्यवस्था :** (१) दफा ११७, ११८ र ११९ बमोजिम मतदान स्थगित वा रद्द भएको अवस्थामा निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी नियमावलीको नियम २४ को उपनियम (२) को अनुसूची-१६ बमोजिमको सूचना आफ्नो कार्यालयमा र मतदान स्थगित गरिएको मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतदान हुने मिति र समय तोक्नु भन्दा पहिले निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा खटाउने

कर्मचारी, सुरक्षाकर्मी, मतपत्र सहितका आवश्यक मतदान सामग्रीको व्यवस्थाको लागि मुख्य निर्वाचन अधिकृतलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने पुनः मतदानको लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले सो मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्नेछ ।

१२२. **गिरफ्तार गर्न सकिने :** मतदान अधिकृतले दफा ७४, ११७, ११८ र ११९ बमोजिमको कार्य गर्ने वा गराउने व्यक्तिलाई गिरफ्तार गर्न सो ठाउँमा खटिएका सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश पाएको सुरक्षाकर्मीले गिरफ्तार गर्न लगाइएको व्यक्तिलाई तुरुन्त गिरफ्तार गरी आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ ।

१२३. **उम्मेदवार वा निजको प्रतिनिधि मतपेटिकासँगै मतदान अधिकृतसँग आउन सक्ने :** (१) मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतदान केन्द्रबाट मतपेटिका लिएर मतगणना हुने स्थानतर्फ जाँदा उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरू मतपेटिकाको सुरक्षाको लागि मतदान अधिकृतसँगै जान चाहेमा मतदान अधिकृतले आफूसँग आउन दिनु पर्नेछ र मतपेटिका राखेको कोठा बाहिर बस्न चाहेमा बस्नको लागि अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतसँग आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन दिनु हुँदैन ।

१२४. **निर्वाचन अधिकृतलाई मतपेटिका र मतदान सामग्री बुझाउनु पर्ने :** (१) मतदान अधिकृतले मतदान केन्द्रबाट ल्याएको मतपेटिका, प्रयोग नभएका मतपत्र र खामबन्दी गरिएको सम्पूर्ण कागजात तथा अन्य उपनिर्वाचन सम्बन्धी सबै सामग्री सम्बन्धित निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ । निर्वाचन अधिकृतले मतपेटिका, प्रयोग नभएका मतपत्र लगायतका प्राप्त अन्य निर्वाचन सामग्री बुझीलिई यस निर्देशिकाको अनुसूची-४२ बमोजिमको ढाँचामा भरपाई गरी मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(२) मतपेटिका ल्याउँदा बाटोमा मतपेटिकाको सुरक्षणसिल चुँडिएको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले पनि मतदान अधिकृतसँगै आएको उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिन सक्नेछ ।

१२५. **मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल चुँडिएमा** : दफा १२४ को उपदफा (२) बमोजिमको प्रतिवेदनबाट कसैको दुराशयले मतपेटिका बन्द गरेको सुरक्षणसिल चुँडिएको  होइन भन्ने कुरा प्रमाणित भएमा बाहेक मतपेटिकामा लगाएको सुरक्षणसिल जानाजानी चुँडाएको प्रमाणित भएमा वा आशंका लागेमा निर्वाचन अधिकृतले आयोगमा सो कुराको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ र त्यस्तो अवस्थामा आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

१२६. **मतदान अधिकृत अशक्त भएमा सहायक मतदान अधिकृतले काम गर्ने** : (१) मतदान केन्द्रमा मतदान अधिकृत कुनै कारणबाट अशक्त भई मतदान कार्य सुचारू रूपले सञ्चालन गर्न असमर्थ रहेको अवस्थामा सहायक मतदान अधिकृतले सो कुराको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, सहायक कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन वा मतदान प्रतिनिधिको रोहवरमा निज मतदान अधिकृत अशक्त भई काम गर्न नसकेको भनी यस निर्देशिकाको अनुसूची-४३ बमोजिमको ढाँचामा मुचुल्का गराई सो मुचुल्कामा सहायक मतदान अधिकृत, सहायक कर्मचारी र उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सही गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुचुल्का गराएपछि सहायक मतदान अधिकृतले मतदान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी मतदान कार्य सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्य गर्दा मतदान अधिकृतले मतपत्रमा दस्तखत गरिसकेको अवस्थामा सो मतपत्र मतदातालाई वितरण गरिसकेपछि मात्र अन्य मतपत्रमा आफूले दस्तखत गर्नु पर्नेछ । यसरी दस्तखत गर्दा उपदफा (२) बमोजिमको मुचुल्कामा गरेको नमूना बमोजिमको दस्तखत गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको मुचुल्का र उपदफा (४) बमोजिमको दस्तखतको नमूना फाराम मतदान कार्य सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका बुझाउँदा छुट्टै बुझाउनु पर्नेछ ।

१२७. **निर्वाचन सम्बन्धी कानूनको जानकारी राख्नु पर्ने** : मतदान अधिकृतले निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, कार्यविधिको समेत जानकारी राख्नु पर्नेछ ।

१२८. **निर्वाचन आचारसंहिता :** मतदान अधिकृतले आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ को बारेमा जानकारी लिई उल्लिखित आचारसंहिता पालना भए नभएको विषयमा बुझी आचारसंहिता पालना गर्न लगाउनु पर्नेछ।

१२९. **मतदान कार्यको पर्यवेक्षण गर्न दिने :** मतदान अधिकृतले आयोगबाट उपनिर्वाचन पर्यवेक्षणका लागि अनुमति पाएका पर्यवेक्षकलाई मतदान केन्द्रको पर्यवेक्षण गर्न दिनु पर्नेछ।

तर त्यस्ता पर्यवेक्षकहरूलाई मत सङ्केत गर्ने गोप्य कक्ष तथा मतपेटिका रहेका ठाउँको वरिपरी जान दिनु हुँदैन।

१३०. **उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित नभएमा :** उपनिर्वाचन सम्बन्धी कुनै कार्यमा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि नियुक्त नभएमा वा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित हुनु पर्नेमा निज उपस्थित नभएमा सोही कारणले मात्र मतदान वा सोसँग सम्बन्धित काम कारबाही गर्न कुनै बाधा पर्ने छैन।

१३१. **मद्दत लिन सकिने :** मतदान अधिकृतले उपनिर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका प्रहरी लगायतका कुनै पनि सुरक्षा सम्बन्धी निकायको मद्दत लिन सक्नेछ।

## परिच्छेद-१०
## मतगणना सम्बन्धी व्यवस्था

१३२. **निर्वाचन अधिकृतको मतगणना सम्बन्धी काम, कर्तव्य र अधिकार :** मतगणनाको सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतगणना गर्ने स्थानको व्यवस्था गर्ने,

(ख) मतगणना कार्यमा खटिने कर्मचारी तथा निर्वाचन पर्यवेक्षकको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ग) मतगणनाका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी गणना सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,

(घ) मतगणनास्थलमा आवश्यक सामग्री, खानेपानी, बत्ती, सुरक्षा आदिको प्रबन्ध मिलाउने,

(ङ) मतगणना कार्य सुरु गर्नु अगावै उम्मेदवार वा निजका प्रतिनिधिको बैठक राखी मतगणना सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने तथा आवश्यक छलफल गरी मतगणना कार्यलाई सहज बनाउन वातावरण मिलाउने,

(च सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(छ) मतगणनाको सम्बन्धमा तयार गर्नुपर्ने फाराम तथा मुचुल्का जस्ता कागजात तयार गरी गराई अभिलेख राख्ने,

(ज) मतगणना कार्य समाप्त भएपछि उपनिर्वाचन परिणाम घोषणा गर्ने,

(झ) मतगणना परिणामको विवरण निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,

(ञ) उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ मा उल्लेख भए बमोजिम मतगणना कार्यका लागि आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

१३३. **मतगणनाको लागि टोली गठन गर्ने :** (१) निर्वाचन अधिकृतले मतगणना कार्यको लागि प्रति सिफ्ट (आठ घण्टाको एक सिफ्ट) को लागि पैंतीससय मतपत्र गणना गर्ने गरी देहाय बमोजिमको टोली गठन गर्नु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक जना |
| (ख) | सहायक मतगणना अधिकारी (अधिकृतस्तर) | एक जना |
| (ग) | मतगणना सहायक (रा.प. अनं.) | एक जना |
| (घ) | गणक (कम्प्युटर अपरेटर एकजना र सहायक कर्मचारी दुईजना) | तीन जना |
| (ङ) | सहयोगी कर्मचारी | एक जना |
| (च) | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक जना |

(२) गणना गर्नुपर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकैपटक दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गर्न सकिनेछ।

(३) प्रमुख मतगणना अधिकृत सबै सिफ्ट र टोलीको मतगणना कार्यमा संलग्न रहनु पर्नेछ।

(४) निर्वाचन अधिकृतले मतगणनास्थलको सुरक्षाका लागि स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

१३४. **मतपेटिका राख्ने तथा मतगणना गर्ने ठाउँको व्यवस्था गर्ने :** निर्वाचन अधिकृतले मतदान अधिकृतले ल्याएका मतपेटिका बुझिलिनु भन्दा पहिले नै मतपत्र भएको मतपेटिका राख्ने ठाउँ तथा मतगणना गर्ने स्थानको आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ । त्यसरी सुरक्षा प्रबन्ध मिलाउनको लागि निर्वाचन अधिकृतले स्थानीय प्रशासन र अन्य सुरक्षा निकाय समेतको सहयोग लिन सक्नेछ।

१३५. **मतपेटिका सङ्कलन गर्ने :** (१) निर्वाचन अधिकृतले मतदान अधिकृतबाट प्राप्त मतपेटिका तथा अन्य निर्वाचन सामग्री बुझिलिन र त्यसको भरपाई गरिदिन आवश्यक कर्मचारी खटाउन सक्नेछ। त्यसरी कर्मचारी खटाउँदा सहायक निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीलाई प्राथमिकता दिई खटाउनु पर्नेछ।

(२) निर्वाचन अधिकृतले मतदान अधिकृतले बुझाएका मतपेटिका सङ्कलन गरी एउटै ठाउँमा सुरक्षित राख्नु पर्नेछ र त्यसरी मतपेटिका राखेको कोठाको झ्याल र ढोकामा बलियो चुकुल तथा ताला लगाई आफ्नो लाहाछाप समेत लगाउनु पर्नेछ । सो ठाउँमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा सो समेत लगाउन दिनु पर्नेछ। त्यसरी लाहाछाप लगाएको यस निर्देशिकाको अनुसूची-४४ बमोजिमको ढाँचामा मुचुल्का गरी त्यसमा निर्वाचन अधिकृतले आफुले दस्तखत गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ।

(३) मतपेटिका राखेको कोठा बाहिर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि बस्न चाहेमा निर्वाचन अधिकृतले सो कुराको अनुमति दिनु पर्नेछ।

(४) मतगणनाको लागि मतपेटिका राखेको कोठा खोल्नु परेमा उपदफा (२) बमोजिमको लाहाछाप जाँच्नु पर्नेछ र त्यसपछि लाहाछाप

तोडी कोठा खोलेको यस निर्देशिकाको अनुसूची-४५ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा निर्वाचन अधिकृतले दस्तखत गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि समेतको सहिछाप गराउनु पर्नेछ ।

१३६. **मतगणना गरिने स्थान तोक्ने :** (१) निर्वाचन अधिकृतले मतदान हुने दिन भन्दा अगावै मतगणना गरिने स्थान तोकी सोको सूचना नियमावलीको नियम २५ को उपनियम (१) को अनुसूची-१७ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्ने स्थान तोक्दा निर्वाचन अधिकृतको कार्यालय वा स्थानीय तहको भवन रहेको कार्यालयमा मतगणना गर्ने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कार्यालयमा पर्याप्त स्थानको अभाव भएमा वा सुरक्षाको दृष्टिले मतगणना गर्न नसकिने भएमा निर्वाचन अधिकृतले सो स्थानको अन्य सरकारी कार्यालय वा उपयुक्त भवनमा मतगणना हुने गरी तोक्न सक्नेछ ।

१३७. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने :** (१) कुनै पदको उपनिर्वाचनको लागि तोकिएका सबै मतदान केन्द्रहरूमा मतदानको लागि प्रयोग भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने मिति र समय उल्लेख गरी नियमावलीको नियम २५ को उपनियम (२) को अनुसूची-१८ बमोजिमको ढाँचामा सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य शुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा सो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

१३८. **मतगणनाको लागि कर्मचारीको प्रबन्ध गर्ने :** (१) निर्वाचन अधिकृतले मतदान भएका मतपेटिका प्राप्त भइसकेपछि मतगणना गर्ने कर्मचारीको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई निर्वाचन अधिकृतले मतगणना सम्बन्धी अभिमुखीकरण दिनु पर्नेछ ।

१३९. **मतगणना गर्ने स्थानको व्यवस्था :** (१) निर्वाचन अधिकृतले एउटै कोठा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नु पर्नेछ । एउटै कोठा वा ठाउँमा मतगणना गर्नको लागि पर्याप्त ठाउँ नपुगेमा सोही भवनको अर्को कोठा वा ठाउँमा पनि मतगणना गर्न सकिनेछ ।

तर त्यसरी मतगणना गर्दा छुट्टाछुट्टै भवनमा मतगणना गर्नु हुँदैन ।

(२) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) सर्वसाधारणलाई समय समयमा मतगणनाको प्रगति र नतिजाको जानकारी गराउनको लागि मतगणना गर्ने स्थानमा सूचना पाटी तथा माइक आदिको यथोचित व्यवस्था समेत गर्न सकिनेछ ।

(४) निर्वाचन अधिकृतले मतगणनास्थलमा उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतलाई विचार गरी एकै पटकमा दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गरी मतगणना गराउन सक्नेछ ।

१४०. **मतगणना गर्ने स्थानमा मतगणना प्रतिनिधि राख्ने :** (१) उम्मेवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेवारको प्रतिनिधित्व गर्न र मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(२) मतगणना गर्ने प्रत्येक टोलीमा निर्वाचन अधिकृतले आवश्यकता अनुसार मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(३) मतगणना प्रतिनिधि नियुक्त गर्दा सम्बन्धित स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र कम्तीमा साधारण लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(४) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक मतगणना प्रतिनिधि उपनिर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त मतगणना प्रतिनिधिलाई निर्वाचन अधिकृतले नियमावलीको नियम ३६ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(६) मतगणना गर्दा तयार गर्नुपर्ने मुचुल्कामा सहिछाप गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

१४१. **मतगणना गर्ने स्थानमा प्रवेश :** (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनु हुँदैन :-

(क) निर्वाचन अधिकृतले मतगणना कार्यमा खटाइएका व्यक्तिहरू,

(ख) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा सुरक्षाको लागि खटाएका सुरक्षाकर्मी,

(ग) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(घ) आयोगबाट पर्यवेक्षण अनुगमनको लागि अनुमति प्राप्त व्यक्ति,

(ङ) आयोगबाट खटिएको वा अनुमति पाएको कर्मचारी वा अन्य व्यक्ति ।

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न पाउने उपदफा (१) बमोजिमका व्यक्तिलाई निर्वाचन अधिकृतले नियमावलीको नियम ३७ को अनुसूची-२७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

१४२. **परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्ने :** (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति पाएका कर्मचारी वा व्यक्तिले मतगणना स्थलमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नभएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुदैन ।

१४३. **लागुऔषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने :** दफा १४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले लागुऔषध वा मादक पदार्थ सेवन गरेको उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि वा अनुमति प्राप्त गरेको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१४४. **हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने :** निर्वाचन अधिकृतले निजबाट अनुमति पाएका सुरक्षा कर्मचारी बाहेक हतियार लिएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१४५. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने :** (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा १३७ को उपदफा (१) बमोजिम प्रकाशन

गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु वा गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको यस निर्देशिकाको अनुसूची-४६ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि समेतको सहिछाप गराउनु पर्नेछ ।

(३) मतगणना गर्ने स्थानमा उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएमा वा उपस्थित हुन मञ्जुर नगरेमा निर्वाचन अधिकृतले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले दस्तखत गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको समेत सहिछाप गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो उपनिर्वाचनसँग सम्बन्धित मतगणना प्रारम्भ गरिने छैन ।

(५) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु पूर्व मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरू प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१४६. **मतपेटिका जाँच गर्ने :** (१) दफा १४५ को उपदफा (२) बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन,

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षण सिल नम्बर र मतपेटिकाको संख्या उल्लेख गरिएको छ, छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षण सिल दुरुस्त छ, छैन ।

(२) निर्वाचन अधिकृतले मतपेटिका जाँच गरिसकेपछि मतपेटिका जाँच गरेको यस निर्देशिकाको अनुसूची-४७ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले मतगणनाको काममा खटाएको कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको दस्तखत समेत गराउनु पर्नेछ । कुनै उम्मेदवार वा निजको प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा सो कैफियत जनाउन समेत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाउनु पर्नेछ । त्यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतपत्र गणना गर्नु पर्नेछ । सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

१४७. **मतपत्र मिसाई गणना गर्ने :** (१) कुनै स्थानीय तहमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखको मात्र उपनिर्वाचन भएको अवस्थामा फरक फरक वडाको मतदान केन्द्रको मतपत्र मिसाई गणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख र वडाध्यक्षको समेत उपनिर्वाचन भएको अवस्थामा मतगणना गर्दा प्रत्येक वडाको अलग-अलग रुपमा गर्नु पर्नेछ ।

तर त्यस्तो स्थानीय तहको कुनै वडामा एकभन्दा बढी मतदान केन्द्र कायम भई मतदान भएको अवस्थामा सो वडाको कम्तीमा दुइवटा मतदान केन्द्रका मतपेटिका एकै ठाउँमा मिसाई मतगणना गर्नु पर्नेछ ।

१४८. **मतगणनाको प्रक्रिया :** (१) मतपेटिका जाँचेको मुचुल्का गरिसकेपछि सो मतपेटिकामा लगाएको सिलछाप र लाहाछाप तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) पट्याईएका मतपत्रहरू खोलेर निर्वाचन चिन्ह भएको भाग घोप्ट्याएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई धागो वा रबरले बाँधी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बनाइएका ठेली मतगणना अधिकारीले जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम ठेली बनाउँदा सदर र बदर मतको ठेली छुट्टाछुट्टै बनाउनु पर्नेछ ।

१४९. **प्रतिनिधिलाई मतपत्र देखाउने :** निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले मतगणना गर्दा मतपत्र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ । त्यस्तो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

१५०. **मतगणना :** (१) दफा १४८ बमोजिम छुट्याइएका मतपत्रमध्ये सबैभन्दा पहिले बदर मतपत्रको मतगणना गरिसकेपछि मात्र सदर मतपत्रको गणना गर्नु पर्नेछ ।

तर कुनै स्थानीय तहमा एकभन्दा बढी पदको लागि उपनिर्वाचन भई एउटै मतपत्रको व्यवस्था गरिएको अवस्थामा मतगणना गर्दा कुनै एक पदको लागि मतदान गरिएको मत बदर भएमा र अर्को पदको लागि मतदान गरिएको मत सदर भएमा बदर मत र सदर मतको गणना एकैसाथ गर्नु पर्नेछ ।

(२) कुनै स्थानीय तहमा एक भन्दा बढी पदको लागि उपनिर्वाचन भएकोमा यस दफा बमोजिम मतगणना गर्दा एउटा मतपत्रमा उल्लिखित सबै उम्मेदवारले पाएको मतगणना नगरी अर्को मतपत्र गणना गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम गणना गरिएको मतदान केन्द्रको मत परिणामको विवरण यस निर्देशिकाको अनुसूची-४८ बमोजिमको फाराममा चढाउनु पर्नेछ ।

(४) वडा अध्यक्षको उपनिर्वाचनको हकमा उपदफा (३) बमोजिम तयार गरिएको प्रत्येक मतदान केन्द्रको मत परिणामको आधारमा मतगणनाको अंक यस निर्देशिकाको अनुसूची-४९ बमोजिमको ढाँचाको फाराममा चढाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तयार गरिएको प्रत्येक वडाको मत परिणामको आधारमा अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुख पदको

मत परिणाम यस निर्देशिकाको अनुसूची-५० बमोजिम ढाँचाको फाराममा चढाउनु पर्नेछ ।

(६) उपदफा (३), (४) र (५) बमोजिमको फाराममा मतसङ्ख्या उल्लेख गर्दा प्रत्येक पदको सदर र बदर भएको मतको सङ्ख्या खुलाउनु पर्नेछ ।

(७) यस दफा बमोजिम तयार भएको मतगणनाको प्रगती विवरण र सोको परिणाम निर्वाचन अधिकृतले आयोगमा पठाउनु पर्नेछ ।

(८) निर्वाचन अधिकृतले मतगणना कार्यको प्रगति र नतिजाको विवरण सूचनापाटी, माइक आदिको माध्यमबाट सर्वसाधारणलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

१५१. **मतगणना कार्यको प्रतिवेदन दिने :** निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गरिसकेपछि मतगणना कार्यको अद्यावधिक प्रगति विवरण समय समयमा निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र आयोगमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१५२. **बदर हुने मतपत्र :** मतगणना गर्दा देहाय बमोजिमको मतपत्र बदर गर्नु पर्नेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औंठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) उम्मेदवार नरहेको निर्वाचन चिन्हमा मात्र मत सङ्केत गरिएको,

(च) निर्वाचित गर्नु पर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,

(छ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(झ) कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) मतपेटिका भन्दा बाहिर राखिएको,

(ठ) जाली मतपत्र,

(ड) पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रुपमा च्यातेको, प्वाल पारेको,

(ढ) एउटा पट्याएको मतपत्रभित्र अरु मतपत्रसँगै एकसाथ पट्याएको,

(ण) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,

**उदाहरणको लागि :** निर्वाचित गर्नुपर्ने सबै वा केही पदमा सही ढङ्गबाट मत सङ्केत गरेको भए तापनि त्यस्तो मत सङ्केतको अतिरिक्त निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत सङ्केत गरेको रहेछ भने त्यस्तो मतपत्र पूरै बदर गर्नुपर्ने ।

(त) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

**१५३. सम्बन्धित पदको मत बदर हुने :** दफा १५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै मतपत्रबाट एकभन्दा बढी उम्मेदवार निर्वाचित हुने अवस्थामा जुन पदको मत बदर हुने हो त्यस्तो मत मात्र बदर गरी अन्य पदको मत सदर हुने अवस्थाको भएमा सदर गरी मत गणना गर्नु पर्नेछ ।

**१५४. मतगणना लगातार गर्ने :** निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि सो पदको उपनिर्वाचनको लागि राखिएका सबै मतदान केन्द्रको सबै मतपेटिकामा रहेका सबै मतपत्रको मतगणना नसकिएसम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

**१५५. सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गर्ने :** (१) निर्वाचन अधिकृतले गणना गरिसकेको मतपत्रमध्ये सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गरी उम्मेदवार वा निजको प्रतिनिधि समेतको लाहाछाप लगाउनु पर्नेछ ।

तर एउटै मतपत्रबाट एक भन्दा बढी पदको लागि मतदान भएकोमा ती मध्ये कुनै पदमा सदर र कुनैमा बदर भएको रहेछ भने त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाममा राख्नु पर्नेछ ।

(२) एउटा मतपत्रद्वारा एकभन्दा बढी पदको उपनिर्वाचनको लागि मतदान भएको अवस्थामा सबै मतपत्रहरू एउटै खाममा राखी उपदफा (१) बमोजिम लाहाछाप लगाउनु पर्नेछ ।

१५६. **मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने :** (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्र, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी रहेका मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफ्नो लाहाछाप लगाउनु पर्नेछ र सो बन्द खाममा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु पर्ने कारण समेत उल्लेख गरी यस निर्देशिकाको अनुसूची-५१ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा यथाशीघ्र मतगणनाको काम पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले यस निर्देशिकाको अनुसूची-५२ बमोजिमको ढाँचामा दुइप्रति सूचना तयार गर्नु पर्नेछ र सो सूचनाको एकप्रति मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको र पुनः मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गरेको यस निर्देशिकाको अनुसूची-५३ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ ।

**१५७. <u>मतगणना गर्ने स्थानबाट हटाउने :</u>** (१) निर्वाचन अधिकृतले मतगणनाको काममा रोकावट गर्ने वा बाधा दिने व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ ।

**१५८. <u>मतगणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने :</u>** (१) मतगणना पुरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गरिएपछि आयोगले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतदान अवैध भएको घोषणा गर्नेछ र आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा पुनः मतदान गर्ने स्थान, मिति र समय यथाशीघ्र तोकी सूचना प्रकाशन गर्नेछ ।

**१५९. <u>मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने :</u>** (१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य

सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा,

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा वा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणनास्थल उपदफा (२) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नेछ ।

१६०. **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने :** (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित यस निर्देशिकाको अनुसूची-५४ बमोजिमको ढाँचामा लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

१६१. **दोहोऱ्याई मतगणना गर्ने :** दफा १६० बमोजिमको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्न यस निर्देशिकाको अनुसूची-५५ बमोजिमको ढाँचामा मुचुल्का गरी सो मुचुल्कामा आफुले दस्तखत गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना

प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ । मुचुल्कामा सहिछाप गर्नुपर्ने व्यक्तिले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जनाको सही गराउनु पर्नेछ ।

तर त्यसरी दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्दा जुन पदको उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले निवेदन दिएको हो सोही पदको मात्र दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

१६२. **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने :** दफा १६० बमोजिमको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई यस निर्देशिकाको अनुसूची-५६ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

१६३. **मत बराबर भएमा गोला हाल्ने सूचना दिने :** (१) उपनिर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणना कार्य समाप्त भएपछि दुइ वा दुइ भन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बराबर मत पाउने उम्मेदवारहरूका बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गरेको यस निर्देशिकाको अनुसूची-५७ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले दस्तखत गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोलाद्वारा छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ । त्यस्तो मत दफा १६५ बमोजिमको मतगणना तालिकाको कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

१६४. **मतगणना समाप्त भएको मुचुल्का गर्ने :** मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको यस निर्देशिकाको अनुसूची-५८ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

१६५. **मतगणना तालिका तयार गर्ने :** (१) निर्वाचन अधिकृतले दफा १६४ बमोजिमको मुचुल्का गरिसकेपछि यस निर्देशिकाको अनुसूची-५९ बमोजिमको ढाँचामा तीनप्रति मतगणना तालिका तयार गर्नु पर्नेछ । सो मतगणना तालिकामा निर्वाचन अधिकृतले आफूले दस्तखत गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहिछाप गराउनु पर्नेछ ।

(२) एकभन्दा बढी पदको उपनिर्वाचनको लागि मतदान भएकोमा प्रत्येक पदको मतगणनाको तालिका अलग-अलग बनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मतगणना तालिकाको एकप्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

१६६. **निर्वाचन परिणामको घोषणा :** (१) निर्वाचन अधिकृतले दफा १६५ बमोजिमको मतगणना तालिका तयार गरिसकेपछि सो मतगणना तालिकाको आधारमा नियमावलीको नियम २८ को उपनियम (७) को अनुसूची-२० बमोजिमको ढाँचामा तीनप्रति निर्वाचन परिणामको घोषणा तयार गरी एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एकप्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

१६७. **प्रमाणपत्र दिने :** (१) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि निर्वाचित उम्मेदवारलाई नियमावलीको नियम २८ को उपनियम (९) को अनुसूची-२१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारको दुईप्रति प्रमाणपत्र तयार गरी एकप्रति विजयी उम्मेदवारलाई दिई अर्को एकप्रति अभिलेखको लागि निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ र यसरी प्राप्त भएका प्रमाणपत्र निर्वाचन कार्यालयले सुरक्षितसाथ राख्नु पर्नेछ ।

१६८. **निर्वाचन परिणामको विवरण आयोगमा पठाउने :** निर्वाचन अधिकृतले दफा १६५ बमोजिमको मतगणना तालिका र दफा १६६ बमोजिम उपनिर्वाचन परिणाम घोषणा सम्बन्धी विवरण आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

## परिच्छेद-११
## अनुगमन सम्बन्धी व्यवस्था

१६९. **केन्द्रीय उपनिर्वाचन अनुगमन समिति :** (१) उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार, दल वा उम्मेद्वार र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने तथा निर्वाचन प्रचार प्रसार, मतदान, मतगणना, पर्यवेक्षण, आचारसंहिता कार्यान्वयन र उपनिर्वाचन व्यवस्थापनको सिलसिलामा सम्पादन गर्नु पर्ने अन्य काम समेतका सम्बन्धमा गर्नु पर्ने अनुगमन सम्बन्धी कार्यको समन्वय, नियन्त्रण र निर्देशन गर्न आयोगमा देहाय बमोजिम एक केन्द्रीय उपनिर्वाचन अनुगमन समिति रहनेछ :-

(क) प्रमुख निर्वाचन आयुक्त -संयोजक

(ख) निर्वाचन आयुक्तहरू -सदस्य

(ग) सचिव, निर्वाचन आयोग -सदस्य

(घ) सचिव, गृह मन्त्रालय -सदस्य

(ङ) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग -सदस्य

(च) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा -सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा कर्मचारी र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक बस्दा आयोगको समानस्तरको अन्य समितिलाई उपलब्ध गराए सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

१७०. **उच्चस्तरीय उपनिर्वाचन अनुगमन टोली :** (१) आयोगले उपनिर्वाचनको अनुगमन सम्बन्धी काम, कारबाहीको अनुगमनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ बमोजिम प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको संयोजकत्वमा एक वा एकभन्दा बढी व्यक्ति सम्मिलित उच्चस्तरीय अनुगमन टोली गठन गर्न सक्नेछ ।

(२) उच्चस्तरीय अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमन टोली, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र मतदान केन्द्रमा खटिएका कर्मचारीले गरेको कामको अनुगमन गरी आवश्यकता अनुसार आयोगको नीति बमोजिमको सुझाव सल्लाह र निर्देशन दिने,

(ख) पर्यवेक्षकले आचारसंहिताको पालना गरे नगरेको अनुगमन गर्ने,

(ग) प्रचलित कानून बमोजिम अनुगमन टोलीलाई प्राप्त अधिकार प्रयोग गर्ने,

(घ) उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार, दल वा उम्मेदवार र अन्य सरोकारवालहरूसँग आवश्यक समन्वय गर्ने ।

(३) उच्चस्तरीय अनुगमन टोलीको संयोजकले आफ्नो कार्य सम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम अनुगमन टोलीलाई प्राप्त सबै अधिकारको प्रयोग गर्न सक्नेछ ।

(४) उच्चस्तरीय अनुगमन टोलीले उपदफा (२) बमोजिम आफूले गरेको कामको प्रतिवेदन समय-समयमा आयोग समक्ष पेश गर्नु पर्नेछ ।

१७१. **अनुगमन एकाई :** (१) यस निर्देशिका बमोजिम उपनिर्वाचन अनुगमन सम्बन्धी काम गरी वा गराई आयोग समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्नको लागि आयोगमा देहाय बमोजिमको एक अनुगमन एकाई रहनेछ :-

(क) सचिव, निर्वाचन आयोग -संयोजक

(ख) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग -सदस्य

(ग) उपसचिव, मतदाता नामावली तथा निर्वाचन संचालन शाखा -सदस्य

(घ) उपन्यायाधिवक्ता, राजनीतिक दल व्यवस्थापन शाखा -सदस्य

(ङ) उपसचिव, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा -सदस्य-सचिव

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अनुगमन एकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपनिर्वाचन अनुगमनको लागि आवश्यक पर्ने जनशक्ति सम्बन्धी योजना तयार गरी आयोग समक्ष पेश गर्ने,

(ख) उपनिर्वाचन अनुगमनको लागि अनुगमन टोलीको गठन र परिचालन सम्बन्धी कार्ययोजना र जिम्मेवारीको व्यवस्था मिलाई आयोग समक्ष पेश गर्ने,

(ग) उपनिर्वाचनमा अनुगमन सम्बन्धी व्यवस्था मिलाउनको लागि आवश्यक जनशक्ति योजना तयार गरी पेश गर्ने,

(घ) मतदान केन्द्र, निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, अनुगमन टोली समेतका विभिन्न संयन्त्रहरू मार्फत लिनुपर्ने अनुगमन सम्बन्धी सूचना वा प्रतिवेदन उपयुक्त समयमा प्राप्त गर्ने, विश्लेषण गर्ने, आयोगबाट निर्देशन वा कारबाही गर्नु पर्ने विषयहरू प्रस्ताव गर्ने समेतका काम गरी आयोग समक्ष पेश गर्ने,

(ङ) उपनिर्वाचन अनुगमन सम्बन्धी कार्यका सिलसिलामा आवश्यकता अनुसार संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center), सम्बन्धित महाशाखा र शाखाहरूसँग सम्पर्क र समन्वय गर्ने,

(च) उपनिर्वाचन अनुगमन सम्बन्धी दैनिक, साप्ताहिक र अन्तिम अनुगमन प्रतिवेदन तयार गरी समिति मार्फत आयोग समक्ष पेश गर्ने,

(छ) समितिको निर्देशन बमोजिम अन्य कार्यहरू गर्ने ।

(३) अनुगमन एकाईको बैठकमा विषय विज्ञ वा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) अनुगमन एकाईको बैठक बस्दा समानस्तरको अन्य समितिलाई उपलब्ध गराए सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

१७२. **<u>उपनिर्वाचन अनुगमन टोलीको गठन र परिचालन :</u>** (१) आयोगले एक वा एक भन्दा बढी जिल्लाको लागि आवश्यकता अनुसार नेपाल सरकारको विशिष्ट श्रेणी वा राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीका कर्मचारीको

संयोजकत्वमा एक वा एकभन्दा बढी सदस्य रहेको उपनिर्वाचन अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) आयोगले अनुगमन टोली प्रमुखको रुपमा खटाउने प्रयोजनको लागि नेपाल सरकारबाट कर्मचारीहरूको विवरण प्राप्त गर्नेछ । त्यस्तो टोलीमा समावेश हुने अन्य अधिकृतको व्यवस्था आयोगको सचिवालयले गर्नेछ ।

(३) जिल्लामा अनुगमन टोली खटिएको अवधिभर त्यस्तो टोलीको काममा सहयोग गर्न स्थानीय स्तरमा कार्यरत एकजना राजपत्र अनंकित कर्मचारीलाई निर्वाचन कार्यालयले खटाउन सक्नेछ ।

(४) आयोगले आवश्यकता अनुसार अन्य अनुगमन टोलीहरू गठन गरी परिचालन गर्न सक्नेछ ।

१७३. **अनुगमन टोलीको काम, कर्तव्य र अधिकार :** (१) अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू खटिएको जिल्लामा उपनिर्वाचनको सम्बन्धमा देहायका विषयहरूको अनुगमन गरी आयोगमा नियमित प्रतिवेदन पेश गर्ने :-

(१) उपनिर्वाचन प्रचार प्रसार प्रचलित कानून बमोजिम भए नभएको,

(२) पर्यवेक्षकले आचारसंहिताको पालना गरे नगरेको,

(३) उपनिर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा भए नभएको,

(४) दल तथा उम्मेदवारले सहज रुपमा प्रचार प्रसार गर्न पाए नपाएको,

(५) मतदानको दिन मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी उपनिर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,

(६) मतदाताले भयमुक्त वातावरणमा मतदान गर्न पाए नपाएको,

(७) पर्यवेक्षकको भूमिका र क्रियाकलाप निष्पक्ष एवं व्यावसायिक भए नभएको र निजले पर्यवेक्षण गर्न पाए नपाएको,

(८) उपनिर्वाचनको लागि आवश्यक साधन र श्रोतको उपलब्धता तथा परिचालन स्थिति सन्तोषजनक भए नभएको,

(९) उपनिर्वाचनमा सुरक्षाको व्यवस्था प्रभावकारी भए नभएको,

(१०) पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने विषयमा आयोगले दिएको निर्देशन बमोजिम कार्य भए नभएको,

(११) उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणनास्थल लगायतको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको,

(१२) मतगणनाको काम प्रचलित कानून बमोजिम स्वच्छ र निष्पक्ष रुपमा भए नभएको,

(१३) उपनिर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको,

(१४) उपनिर्वाचन प्रचार प्रसार अवधि, मतदानको दिन र उपनिर्वाचन परिणाम सार्वजनिक भएपछिको अवस्थाको लागि शान्ति सुरक्षाको आवश्यक तयारी र त्यस्तो हरेक चरणमा शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहे नरहेको,

(१५) स्वच्छ र स्वतन्त्र उपनिर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारी र प्रतिवद्धता विपरीत कुनै सार्वजनिक सञ्चार माध्यमबाट अनर्गल र तथ्यहिन सामग्रीको प्रचार प्रसार गरी आयोगको छवि र उपनिर्वाचन व्यवस्थापनको

कामममा नकारात्मक वातावरण सृजना गर्ने काम भए नभएको ।

(ख) निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ ले अनुगमन टोलीलाई दिएको अधिकार प्रयोग गर्ने र सो अधिकार प्रयोगको क्रममा भएको कारबाहीको जानकारी आयोगलाई गराउने,

(ग) उपनिर्वाचनसँग सम्बन्धित विषयमा निर्वाचन अधिकृत वा निर्वाचन कार्यालय वा अन्य निकायसँग समन्वय गर्ने,

(घ) आफूले गरेको कामको प्रतिवेदन दफा १७१ बमोजिमको अनुगमन एकाई मार्फत् आयोग समक्ष नियमित रुपमा पेश गर्ने ।

(२) अनुगमन टोलीले अनुगमनको क्रममा सम्बन्धित दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिको कर्तव्य हुनेछ ।

(३) उपनिर्वाचन अनुगमनको सिलसिलामा आयोग वा केन्द्रीय उपनिर्वाचन अनुगमन समिति वा दफा १७० बमोजिमको उच्चस्तरीय उपनिर्वाचन अनुगमन टोलीले दिएको निर्देशन पालना गर्नु अनुगमन टोलीको कर्तव्य हुनेछ ।

१७४. **अनुगमन टोलीको कार्यावधि :** (१) अनुगमन टोलीको कार्यावधि मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहनेछ ।

तर कुनै जिल्लामा मतदानको कार्य स्थगित भएको अवस्थामा सो जिल्लामा खटिएको अनुगमन टोलीको कार्यावधि पुनः मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहनेछ ।

(२) अनुगमन टोलीले कार्यावधि समाप्त भएको मितिले पाँच दिनभित्र आफ्नो अन्तिम प्रतिवेदन दफा १७१ बमोजिमको अनुगमन एकाई मार्फत आयोग समक्ष पेश गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै अनुगमन टोलीलाई तोकिएको अवधि भन्दा अगावै फिर्ता गर्न सक्नेछ ।

**१७५. <u>जिल्ला उपनिर्वाचन अनुगमन समिति :</u>** (१) उपनिर्वाचन सम्बन्धी कार्यको अनुगमन गर्न उपनिर्वाचन हुने जिल्लामा देहाय बमोजिमको जिल्ला उपनिर्वाचन अनुगमन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) सम्बन्धित जिल्लामा रहेका अन्य निर्वाचन अधिकृत -सदस्य

(घ) सम्बन्धित उपनिर्वाचनमा भाग लिएका जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि -सदस्य

(ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(च) निर्वाचन अधिकारी -सदस्य सचिव

(२) जिल्ला उपनिर्वाचन अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, पत्रकार महासंघका प्रतिनिधि तथा सम्बन्धित अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

**१७६. <u>जिल्ला उपनिर्वाचन अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) दफा १७५ बमोजिमको जिल्ला उपनिर्वाचन अनुगमन समितिले जिल्ला भित्र देहायको विषयमा अनुगमन गरी सम्बन्धित कर्मचारी, दल, उम्मेदवार, निकाय तथा व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ :-

(क) उपनिर्वाचन प्रचार प्रसार प्रचलित कानून बमोजिम भए नभएको,

(ख) जिल्लामा उपनिर्वाचन सम्बन्धी काम कारवाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा भए नभएको,

(ग) उपनिर्वाचनमा दल तथा उम्मेदवारले सहज रुपमा प्रचार प्रसार गर्न पाए वा नपाएको,

(घ) मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी उपनिर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,

(ङ) मतदाताहरूले निर्वाध रुपमा मतदान गर्न पाए नपाएको,

(च) पर्यवेक्षकहरूले पर्यवेक्षण गर्न पाए नपाएको र पर्यवेक्षकले आचार संहिता पालना गरे नगरेको, व्यावसायिक भए नभएको ।

(२) जिल्ला उपनिर्वाचन अनुगमन समितिले निर्वाचन कार्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने तथा आयोगले निर्देशन दिए बमोजिमका अन्य कार्य गर्नेछ ।

(३) जिल्ला उपनिर्वाचन अनुगमन समितिले आफूले गरेका अनुगमन सम्बन्धी कार्यहरूको प्रतिवेदन साप्ताहिक, मासिक र अन्तिम प्रतिवेदन निर्वाचन परिणाम घोषणा भएको पाँच दिन भित्र तयार गरी आयोग समक्ष पठाउनेछ ।

१७७. **अनुगमन गर्दा अपनाउने कार्यविधि :** (१) अनुगमन टोली तथा दफा १७५ बमोजिमको जिल्ला उपनिर्वाचन अनुगमन समितिले आफूलाई उपलब्ध समय तथा साधन स्रोत र कार्य जिम्मेवारीलाई दृष्टिगत गरी सकेसम्म वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले अनुगमन गरी निर्धारित समयमा प्रतिवेदन पेश गर्ने गरी अनुगमनको कार्यविधि तय गर्नु पर्नेछ ।

(२) अनुगमन टोली तथा जिल्ला उपनिर्वाचन अनुगमन समितिले अनुगमन गर्दा आवश्यकता अनुसार देहायको कुनै वा सबै तरिका अपनाई तथ्यहरूको सङ्कलन तथा विश्लेषण गर्नु पर्नेछ :-

(क) स्थलगत अवलोकन,

(ख) निवेदन सङ्कलन एवं जाँचबुझ,

(ग) सरोकारवाला पक्षसँग प्रत्यक्ष भेटघाट तथा अन्तर्वार्ता,

(घ) सार्वजनिक सञ्चार माध्यम एवं अन्य सान्दर्भिक स्रोतबाट प्राप्त सूचना एवं प्रतिवेदनको अध्ययन,

(ङ) मौखिक वा टेलिफोनबाट प्राप्त जानकारीको टिपोट एवं विश्लेषण,

(च) अन्य उपयुक्त विधि ।

१७८. **अनुगमन प्रतिवेदन पेश गर्ने विधि :** (१) अनुगमन टोली र अनुगमनकर्ताले यस निर्देशिकाको अनुसूची-६० बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी दफा १७१ बमोजिमको अनुगमन एकाई मार्फत् आयोग समक्ष नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन टोली र अनुगमनकर्ताले आफू खटिएको मुकामबाट नियमित रुपमा पेश गर्नुपर्ने प्रतिवेदन फ्याक्स वा ईमेल मार्फत् पठाउनको लागि सम्बन्धित निर्वाचन कार्यालयको सहयोग लिन सक्नेछ ।

(३) अनुगमन टोली र अनुगमनकर्ताले आफूले अनुगमन गरेको कामको अन्तिम प्रतिवेदन दफा १६९ बमोजिमको केन्द्रीय उपनिर्वाचन अनुगमन समिति मार्फत आयोगमा पेश गर्नु पर्नेछ ।

१७९. **प्रशंसापत्र प्रदान गर्न वा सचेत गराउन सक्ने :** (१) आयोगले अनुगमन कार्यमा खटिएको अनुगमन टोलीले गरेको कामको मूल्याङ्कन गरी प्रशंसनीय काम गर्ने अनुगमन टोली प्रमुख, सदस्य र सहायक कर्मचारीलाई प्रशंसापत्र प्रदान गर्न सक्नेछ ।

(२) अनुगमन टोली वा अनुगमनकर्ताले तोकिएको जिम्मेवारी पूरा नगरेमा वा आयोगको मर्यादामा आँच पुऱ्याउने वा उपनिर्वाचनको निष्पक्षतामा नकारात्मक असर पुऱ्याउने काम गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्ता व्यक्तिलाई आयोगले सचेत गराउन, प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१८०. **अनुगमनकर्ताको उत्तरदायित्व :** (१) उच्चस्तरीय अनुगमन टोली, अनुगमन टोली तथा अनुगमनकर्ता व्यक्तिगत तथा सामूहिक रूपमा आयोग प्रति उत्तरदायी हुनेछन् ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी अनुगमन टोलीमा खटिएका व्यक्ति तथा अनुगमनकर्ताले आफू खटिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

(३) अनुगमनकर्ताले आफू खटिएको मतदानस्थलको मतदान अधिकृतसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही कार्य गर्नेछ । अनुगमनको सिलसिलामा आफूले सम्पादन गरेको काम कारबाही बारे सम्बन्धित निर्वाचन अधिकृतलाई जानकारी गराउनु र निर्वाचन अधिकृतले दिएका निर्देशनको पालना गर्नु अनुगमनकर्ताको कर्तव्य हुनेछ ।

## परिच्छेद-१२
## आचारसंहिता अनुगमन सम्बन्धी व्यवस्था

१८१. **केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समिति :** (१) आचारसंहिता अनुगमनको लागि आयोगमा देहाय बमोजिमको केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समिति रहनेछ :-

(क) निर्वाचन आयुक्त (आचारसंहिता हेर्ने) - संयोजक

(ख) सचिव, निर्वाचन आयोग - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) सचिव, गृह मन्त्रालय - सदस्य

(च) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(छ) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(ज) सहसचिव (कानून), निर्वाचन आयोग -सदस्य सचिव

(२) केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समितिले आचारसंहिता अनुगमन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि आवश्यकता अनुसार अन्य विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

(३) केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समितिको निर्णय सम्बन्धित समितिको संयोजकले प्रमाणित गर्नेछ ।

(५) केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) वा (२) बमोजिमको समिति वा उपसमितिको बैठक बस्दा समानस्तरको अन्य समितिलाई उपलब्ध गराए सरहको बैठक भत्ता उपलब्ध गराइनेछ ।

१८२. **केन्द्रीय उपनिर्वाचन आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय उपनिर्वाचन अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचारसंहिता पालना गराउनका लागि आवश्यकता अनुसार अनुगमन टोली गठन र परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ख) अनुगमन टोली, अनुगमनकर्ता मार्फत प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, स्पष्टीकरण माग गर्ने, कारबाही गर्ने र आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्कालै रोक्न आदेश दिने,

(घ) आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(ङ) अनुगमनमा खटिने व्यक्तिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(च) आचारसंहिता उल्लङ्घनको विषयमा आयोगले दिएको आदेश पालना नगर्ने दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक कारबाही गर्न आयोग समक्ष पेश गर्ने,

(छ) दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(ज) उपनिर्वाचनको काममा खटाईएका कर्मचारी वा सुरक्षाकर्मीले उपनिर्वाचन सम्बन्धी कामको सिलसिलामा प्रचलित कानून, आयोगबाट जारी भएका आदेश, निर्देशन तथा आचारसंहिताको उल्लङ्घन हुने गरी वा बदनियतपूर्वक कुनै काम गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(झ) आचारसंहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ञ) आयोगले तोकेको अन्य कार्य गर्ने ।

**१८३. आचार संहिता अनुगमन टोली** : (१) उपनिर्वाचनको अवधिमा आचारसंहिताको समग्र अनुगमन गरी आवश्यक कारबाही गर्न केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले आवश्यकता अनुसार नेपाल सरकारका वरिष्ठ अधिकृत कर्मचारी, निर्वाचन सम्बन्धी अनुभव प्राप्त विज्ञ वा कर्मचारीको संयोजकत्वमा एक वा एक भन्दा बढी सदस्य रहेको अनुगमन टोली गठन तथा परिचालन गर्न सक्नेछ ।

(२) अनुगमन टोली आयोग तथा केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिप्रति उत्तरदायी रहनेछ ।

**१८४. आचार संहिता अनुगमन टोलीको काम, कर्तव्य, अधिकार :** अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचारसंहिता उल्लङ्घनको कार्य तत्काल रोक्ने, रोक्न लगाउने,

(ख) अनुगमनकर्तालाई खटाइएको अनुगमन क्षेत्रभित्र निर्वाचन आचार संहिताको पालना भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ग) आचारसंहिता पालना गर्न गराउन निर्वाचन अधिकृत वा निर्वाचन अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउने,

(घ) निर्वाचन अधिकृतको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(छ) दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले आचारसंहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिने,

(ज) दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(झ) केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिमा नियमित रुपमा अनुगमन प्रतिवेदन पठाउने,

(ञ) आयोग र केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिले निर्देशन दिए बमोजिमका अन्य काम गर्ने ।

१८५. **<u>जिल्ला उपनिर्वाचन आचारसंहिता अनुगमन समिति :</u>** (१) उपनिर्वाचनमा आचारसंहिता अनुगमनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला उपनिर्वाचन आचारसंहिता अनुगमन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) निर्वाचन अधिकृतहरू -सदस्य

(घ) जिल्ला प्रहरी कार्यालय प्रमुख -सदस्य

(ङ) अनुगमनकर्ता -सदस्य

(च) उपनिर्वाचनमा भाग लिएका दलका जिल्लास्थित प्रतिनिधि -सदस्य

(छ) निर्वाचन अधिकारी -सदस्य-सचिव

(२) जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार जिल्लास्थित अन्य सुरक्षा निकायका प्रमुख, नागरिक समाजका प्रतिनिधि र पत्रकार महासंघका अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिको बैठकमा सहभागी सदस्य तथा आमन्त्रित सदस्यले बढीमा तीन वटा बैठक वापत उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(४) जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिको निर्णय सो समितिको संयोजकले प्रमाणित गर्नेछ ।

(५) जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१८६. **<u>जिल्ला उपनिर्वाचन आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u> :** दफा १८५ बमोजिमको जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता तथा अनुगमन टोलीबाट आचारसंहिता अनुगमन सम्बन्धी विवरण नियमित रुपमा लिने,

(ख) अनुगमनकर्ता एवं अनुगमन टोलीको प्रतिवेदन तथा अन्य माध्यमबाट कसैले आचारसंहिता उल्लङ्घन गरेको जानकारी प्राप्त भएमा आचार संहिता पालनाको लागि सम्बन्धित निकाय, पदाधिकारी, व्यक्ति, दल, उम्मेदवार, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा अन्य व्यक्तिलाई आचारसंहिता पालनाको लागि आवश्यक निर्देशन दिने,

(ग) कसैले आचारसंहिता उल्लङ्घन गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष लेखी पठाउने,

(घ) केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(ङ) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने र त्यस्तो उजुरीको विषयमा आवश्यक छानबिन गरी आफैंले समाधान गर्न सक्ने विषयमा आफैँले समाधान गर्ने र आफूले समाधान गर्न नसक्ने विषयमा आयोग समक्ष पेश गर्ने,

(च) आवश्यकता अनुसार उम्मेदवारको निर्वाचन खाताको विवरण सङ्कलन गर्ने ।

१८७. **उपनिर्वाचन आचारसंहिता अनुगमनकर्ता :** (१) आचारसंहिता अनुगमनको लागि केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिको सिफारिसमा आयोगले उपनिर्वाचन हुने प्रत्येक जिल्लामा एकजना उपनिर्वाचन आचारसंहिता अनुगमनकर्ता नियुक्त गर्नेछ । यसरी अनुगमनकर्ता नियुक्त गर्दा सोही जिल्लामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूलाई खटाइएको जिल्लाभित्र भ्रमण गरी आचारसंहिताको पालनाको विषयमा नियमित रुपमा अनुगमन गर्ने,

(ख) आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ग) खण्ड (क) बमोजिम गरिएको अनुगमन सम्बन्धमा दफा १८५ बमोजिमको जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समितिमा नियमित रुपमा विवरण पेश गर्ने,

(घ) आचारसंहिता उल्लङ्घन गर्नेलाई आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने,

(ङ) दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचारसंहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिने,

(च) दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने ।

(२) उपदफा (१) बमोजिम उपनिर्वाचन आचारसंहिता अनुगमनकर्ता नियुक्त नभएको अवस्थामा सो सम्बन्धी कार्य जिल्ला निर्वाचन अधिकारीले गर्नेछ ।

१८८. **दृष्य छायाङ्कन :** (१) केन्द्रीय उपनिर्वाचन आचार संहिता अनुगमन समितिले आचारसंहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकता अनुसार भिडियो क्यामेरा सहितको छाँयाकार परिचालन गर्न सक्नेछ ।

(२) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीको छानबिन गर्दा उपदफा (१) बमोजिमको दृष्य छायाङ्कनलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(३) दृष्य छाँयाकारको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अनुगमन टोली तथा अनुगमनकर्तासँग समन्वय गरी काम गर्ने,

(ख) उपनिर्वाचन सम्बन्धी गतिविधिको छायाङ्कन गर्ने,

(ग) छायाङ्कन गरिएका दृष्यको आधारमा आचारसंहिता उल्लङ्घन भएको देखिएमा तुरुन्तै सम्बन्धित निकाय, अधिकारी वा अनुगमनकर्तालाई जानकारी गराउने ।

१८९. **महिला हिंसा सम्बन्धी विषयलाई प्राथमिकता दिने :** यस निर्देशिका बमोजिम अनुगमन गर्दा महिला उम्मेदवार, महिला मतदाता तथा उपनिर्वाचन सम्बन्धी कार्यमा संलग्न महिलाप्रति हिंसाजन्य कार्य हुन नदिने तथा त्यस्ता कार्य गर्नेलाई कारबाही गर्ने विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

१९०. **सम्पर्क केन्द्र :** आचारसंहिता उल्लङ्घन सम्बन्धी सूचना र आयोगमा दिनु पर्ने अन्य सूचना सङ्कलन गर्न र आयोगबाट प्रवाह गर्नु पर्ने सूचना सम्प्रेषण गर्न आयोगले अधिकृत कर्मचारीको नेतृत्वमा टोल फ्री नम्बर सहितको सम्पर्क केन्द्र (कल सेन्टर) सञ्चालन गर्न सक्नेछ ।

१९१. **आचार संहिता अनुगमनकर्ताको उत्तरदायित्व :** (१) आचार संहिता अनुगमन टोली र आचार संहिता अनुगमनकर्ता तथा दफा १८८ बमोजिमको दृष्य छायाँकार व्यक्तिगत तथा सामूहिक रूपमा आयोगप्रति उत्तरदायी हुनेछन् ।

(२) अनुगमन टोली, अनुगमनकर्ता तथा दृष्य छाँयाकारले आफू खटिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही तथा आवश्यक सहयोग लिई कार्य सम्पादन गर्नु पर्नेछ ।

१९२. **आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने :** आचारसंहिता उल्लङ्घन गरेको विषयमा उजुरी दिन चाहने व्यक्तिले सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोग समक्ष त्यस्तो उजुरी दिनुपर्ने कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी यस निर्देशिकाको अनुसूची-६१ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ ।

१९३. **निर्वाचन कसूर सम्बन्धी काम समेत गर्ने गरी खटाउन सक्ने :** (१) आयोगले यस निर्देशिका बमोजिम आचार संहिता अनुगमन टोली र आचार संहिता अनुगमनकर्तालाई निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिमको अधिकारको समेत प्रयोग गर्न सक्ने गरी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्ने गरी खटिएको अनुगमन टोली वा अनुगमनकर्ताले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम गरेको कारबाहीको जानकारी केन्द्रीय अनुगमन समितिलाई समेत गराउनु पर्नेछ ।

१९४. **कारबाहीको अभिलेख :** यस निर्देशिका बमोजिम उजुरीका सम्बन्धमा भएका कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारीले सुरक्षित राख्ने वा राख्न लगाउनु पर्नेछ ।

## परिच्छेद-१३
## पर्यवेक्षण सम्बन्धी व्यवस्था

१९५. **निर्वाचन पर्यवेक्षण :** (१) उपनिर्वाचनको पर्यवेक्षण गर्ने राष्ट्रिय संघ/संस्थाहरूले आयोगबाट अनुमति प्राप्त गर्नु पर्नेछ ।

तर अन्तर्राष्ट्रिय संघ/संस्थालाई निर्वाचन पर्यवेक्षणका लागि अनुमति दिइने छैन ।

(२) आयोगले राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षण सम्बन्धी अनुभव भएका ख्यातिप्राप्त व्यक्ति, निर्वाचन विशेषज्ञ तथा नेपाली नागरिकलाई मतदानको दिन उपनिर्वाचन पर्यवेक्षणको अनुमति दिन वा आमन्त्रण गर्न सक्नेछ ।

१९६. **पर्यवेक्षण गर्ने संघ/संस्थाहरूलाई दिइने अनुमतिका आधारहरू :** (१) उपनिर्वाचनको पर्यवेक्षण अनुमति प्राप्त गर्न चाहने प्रचलित कानून बमोजिम दर्ता भएको राष्ट्रिय संघ/संस्थाले देहाय बमोजिमका कागजातहरू संलग्न गरी आयोग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्था नविकरण भएको निस्साको प्रतिलिपि,

(ग) संस्थाको विधानको प्रतिलिपि,

(घ) संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरूको नामावली,

(च) विगतमा गरेका राष्ट्रिय/अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अनुभव भए सो को प्रमाण,

(छ) पर्यवेक्षण सम्बन्धमा संघ/संस्थाले तयार गरेको ब्रोशर, पुस्तिका, निर्देशिका वा अन्य कुनै प्रकाशन भए सो समेत,

(ज) संस्थाले तयार गरेको पर्यवेक्षक परिचालनसम्बन्धी नीति तथा कार्ययोजना ।

(२) उपदफा (१) को खण्ड (ज) को नीति तथा कार्ययोजनामा पर्यवेक्षक परिचालन गर्ने लैङ्गिक तथा समावेशी व्यवस्था हुनु पर्नेछ ।

(३) आयोगबाट यसअघि अनुमति प्राप्त गरी निर्वाचन पर्यवेक्षणमा संलग्न भएको भए आयोगबाट निर्धारित अवधिभित्रै सो को प्रतिवेदन पेश गरेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(४) आयोगबाट यस अघि निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरी पर्यवेक्षण प्रतिवेदन पेश नगर्ने राष्ट्रिय संस्थाहरूलाई उपनिर्वाचनको लागि पर्यवेक्षण अनुमति दिईने छैन ।

(५) एक भन्दा बढी संस्थाहरू मिली खडा गरिएको संस्था वा सञ्जाल (Consortium) को हकमा त्यस्तो संस्था वा सञ्जाल गठन तथा काम गर्ने सम्बन्धमा भएको कार्यसमितिको निर्णय र सम्झौतापत्र समेत पेश गर्नु पर्नेछ ।

(६) कुनै संस्था वा सञ्जालमा समावेश भएको संस्था वा सञ्जालले आफ्नो नामबाट उपनिर्वाचन पर्यवेक्षणको लागि अनुमति प्राप्त गर्ने छैन ।

(७) उपनिर्वाचन हुने हिमाली, पहाडी र तराई क्षेत्रका स्थानीय तह समेटिने गरी कम्तीमा आयोगले तोके बमोजिमको सङ्ख्याका मतदानस्थलको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संघ/संस्थाले मात्र पर्यवेक्षण अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(८) पर्यवेक्षण गर्नको लागि अनुमति दिने वा नदिने सम्पूर्ण अधिकार आयोगमा निहित रहनेछ ।

(९) कुनै व्याक्ति वा संघ/संस्थाले गलत कार्य गरी कारवाहीमा परेको भन्ने कुरा अभिलेखबाट देखिएमा त्यस्तो व्याक्ति वा संघ/संस्थालाई पर्यवेक्षण अनुमति दिइने छैन ।

१९७. **पर्यवेक्षकको लागि आवश्यक योग्यता :** (१) उपनिर्वाचनमा पर्यवेक्षण संघ/संस्थाबाट खटिने व्यक्तिको योग्यता देहाय अनुसार हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह उतीर्ण भएको,

(घ) कुनै पनि राजनीतिक दलको सदस्य नभएको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी कुनै अदालतबाट सजाय नपाएको,

(च) निर्वाचनसम्बन्धी कसूरमा सजाय नपाएको,

(छ) मानसिक सन्तुलन ठीक भएको ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको शैक्षिक योग्यतालाई समेत पर्यवेक्षणको लागि योग्य भएको मानिनेछ :-

(क) आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरूको हकमा एस.एल.सी उतीर्ण भएको,

(ख) महिलाको हकमा एस.एल.सी. उत्तीर्ण गरेको वा विगतमा आयोगबाट सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणसम्बन्धी कार्यमा अनुभव भएको ।

१९८. **निर्वाचन पर्यवेक्षण अनुमति प्रक्रिया :** (१) पर्यवेक्षण समितिको सिफारिसमा आयोगले उपनिर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय संघ/संस्थाहरूहरूलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यवेक्षण अनुमतिका लागि देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) पर्यवेक्षण अनुमतिका लागि आयोगबाट यस निर्देशिकाको अनुसूची-६२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचनाका आधारमा पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरूले यस निर्देशिकाको अनुसूची-६३ बमोजिमको ढाँचामा दफा २०१ बमोजिमको उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा निवेदन पेश गर्नु पर्ने,

(ग) खण्ड (ख) बमोजिम दिइने निवेदनसाथ प्राप्त कागजातहरू जाँचबुझ गर्दा कुनै कुरा स्पष्ट नभएमा त्यस्ता संघ/संस्थासँग उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले थप विवरण माग गर्न सक्ने,

(घ) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी समितिमा पेश गर्ने,

तर आवश्यक कागजातहरू संलग्न नभएमा पर्यवेक्षण अनुमति सम्बन्धी निवेदन उपर कुनै कारबाही हुने छैन ।

(ङ) खण्ड (घ) बमोजिम उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले पेश गरेको निवेदन उपर जाँचबुझ गर्दा आवश्यक प्रक्रिया पूरा गरेको पाइएमा समितिले आयोगमा पेश गर्ने,

(च) दफा २०० बमोजिमको उपनिर्वाचन पर्यवेक्षण समितिको सिफारिस समेतलाई आधार मानी आयोगले पर्यवेक्षण अनुमति प्रदान गर्ने निर्णय गर्ने,

(छ) आयोगबाट भएको खण्ड (च) बमोजिमको निर्णयको जानकारी उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले सम्बन्धित संघ/ संस्थालाई दिने,

(ज) अनुमति प्राप्त गर्ने संघ/संस्था प्रमुखले पर्यवेक्षण अनुमतिपत्र लिन वा सोसँग सम्बन्धित अन्य कार्यहरू गर्न आफै उपस्थित हुन नसक्ने भएमा अन्य कुनै व्यक्तिलाई यस निर्देशिकाको अनुसूची-६४ बमोजिमको ढाँचामा अख्तियारनामा प्रदान गर्न सक्ने,

(झ) पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेका संघ/संस्थाले आफ्नो संस्थाबाट खटिने पर्यवेक्षकहरूलाई यस निर्देशिकाको अनुसूची-६५ बमोजिमको ढाँचामा शपथग्रहण गराई उक्त शपथपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित राष्ट्रिय पर्यवेक्षक परिचयपत्र प्राप्त गर्न उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा अनुरोध गर्नु पर्ने,

(ञ) खण्ड (ज) बमोजिमका कागजात जाँचबुझ गर्दा उपयुक्त ठहरेमा उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले त्यस्तो संघ/संस्थाले परिचालन गर्ने पर्यवेक्षकहरूलाई यै निर्देशिकाको अनुसूची-६६

बमोजिमको ढाँचामा राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउने,

(ट) अनुमति प्राप्त संघ/संस्थाहरूले उपनिर्वाचन पर्यवेक्षणमा खटिने पर्यवेक्षकहरूलाई यस निर्देशिकाको अनुसूची-६७ मा उल्लिखित विषयहरूमा अभिमुखीकरण गराउनु पर्ने,

(ठ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षण अनुमति गर्न चाहने संघ/संस्थाहरूले अभिमुखीकरणका लागि स्रोत व्यक्तिहरू माग गरेमा आयोगले स्रोत व्यक्ति उपलब्ध गराउन सक्ने,

(ड) पर्यवेक्षण गर्न अनुमति प्राप्त संघ/संस्थाहरूले उपनिर्वाचन सम्बन्धी आवश्यक कानून एवं आयोगका अन्य प्रकाशनहरू अध्ययनका लागि माग गरेमा नियमानुसार उपलब्ध गराउन सक्ने,

(ढ) अनुमति प्राप्त राष्ट्रिय संघ/संस्थाले आफूले खटाउने पर्यवेक्षकहरूको अभिलेख विवरण यस निर्देशिकाको अनुसूची-६८ बमोजिमको ढाँचामा तयार गरी पेश गर्नु पर्ने,

(ण) विद्युतीय यन्त्रको प्रयोग गरी निवेदन दिन चाहने पर्यवेक्षण संघ/संस्था वा व्यक्तिले https://www.observer.election.gov.np मा लगअन गरी निवेदन दिन सक्ने ।

१९९. **निर्वाचन कार्यालय मार्फत् निवेदन दिन सकिने :** (१) पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरूले आयोगले निवेदन माग गरेको समयभित्र सम्बन्धित निर्वाचन कार्यालय मार्फत आवश्यक कागजातहरू संलग्न गरी निवेदन दिन सक्नेछन् । तर काठमाडौं उपत्यकाको हकमा भने आयोगमा निवेदन पेश गर्नु पर्नेछ ।

(२) निर्वाचन कार्यालयले निवेदनसाथ प्राप्त कागजात उपर प्रारम्भिक जाँचबुझ गरी छिटो माध्यमबाट दफा २०१ बमोजिमको उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा पठाउनु पर्नेछ ।

(३) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले आयोगबाट भएको निर्णयको जानकारी सम्बन्धित निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई दिनेछ ।

(४) निर्वाचन कार्यालय मार्फत निवेदन दिएका संघ/संस्थाले पर्यवेक्षणमा खटाउने पर्यवेक्षकहरूको दफा १९८ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको विवरण प्राप्त भएपछि निजहरूलाई राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउन उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले निर्वाचन कार्यालयलाई पत्राचार गनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईले पठाएको विवरण प्राप्त भएपछि विवरणमा उल्लेख गरिएका पर्यवेक्षकहरूलाई निर्वाचन कार्यालयले दफा १९८ को उपदफा (२) को खण्ड (त्र) बमोजिम राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराउनु पर्नेछ ।

२००. <u>**उपनिर्वाचन पर्यवेक्षण समिति :**</u> (१) उपनिर्वाचनको पर्यवेक्षणको समन्वय, सहजीकरण तथा निर्देशनका लागि आयोगमा देहाय बमोजिमको निर्वाचन पर्यवेक्षण समिति रहनेछ :-

(क) माननीय निर्वाचन आयुक्त (पर्यवेक्षण हेर्ने) -संयोजक

(ख) सचिव, निर्वाचन आयोग -सदस्य

(ग) सहसचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग -सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) सहसचिव, गृह मन्त्रालय -सदस्य

(च) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, निर्वाचन आयोग -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ :-

(क) पर्यवेक्षणका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाको सिफारिस गर्ने,

(ख) उपनिर्वाचन पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरूको अनुमतिका लागि सिफारिस गर्ने,

(ग) पर्यवेक्षण सम्बन्धी कार्यको निर्देशन, समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

२०१. **उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई :** (१) उपनिर्वाचनको पर्यवेक्षणसम्बन्धी कार्य गर्नको लागि आयोगमा देहाय बमोजिमको एक उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई रहनेछ :-

(क) सह सचिव (प्रशासन महाशाखा)

(ख) उपसचिव, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा

(ग) उपसचिव, परराष्ट्र मन्त्रालय

(घ) शाखा अधिकृत, योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा (दुई जना)

(ङ) नायव सुव्वा/खरिदार (चार जना)

(च) कम्प्यूटर अपरेटर (छ जना)

(छ) कार्यालय सहयोगी (एक जना)

(२) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट निर्णय भएबमोजिम उपनिर्वाचनको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संघ/संस्थालाई निवेदन पेश गर्न सूचना आह्वान गर्ने,

(ख) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई तथा निर्वाचन कार्यालय मार्फत पर्यवेक्षण गर्न निवेदन दिने राष्ट्रिय संघ/संस्थाको निवेदन उपर जाँचबुझ गरी समितिमा पेश गर्ने,

(ग) सम्बन्धित पर्यवेक्षण गर्ने संघ/संस्थालाई आयोगबाट भएको निर्णयको जानकारी गराउने,

(घ) अनुमति प्राप्त पर्यवेक्षण गर्ने संघ/संस्थाबाट स्रोत व्यक्तिको माग भएमा उपलब्ध गराउने,

(ङ) अनुमति प्राप्त पर्यवेक्षण गर्ने संस्थाहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार ब्रिफिङ र डिब्रिफिङ गर्ने व्यवस्था मिलाउने,

(च) पर्यवेक्षणका लागि आयोगबाट स्वीकृति प्राप्त संस्थाहरूलाई अनुमति दिने र त्यस्ता संस्थाका पर्यवेक्षकलाई दफा १९८ को उपदफा (२) को खण्ड (ञ) बमोजिम परिचयपत्र उपलव्ध गराउने,

(छ) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन समितिको निर्देशन बमोजिम पर्यवेक्षणसम्बन्धी अन्य कार्य गर्ने,

(ज) आयोगले तोकेका अन्य कार्य गर्ने ।

२०२. **उपनिर्वाचन पर्यवेक्षण स्रोत केन्द्र :** (१) पर्यवेक्षणसम्बन्धी आवश्यक सूचना उपलव्ध गराउन तथा दफा २०१ बमोजिमको उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईको काममा सहयोग गर्न उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाई मातहत रहने गरी आयोग परिसरमा उपनिर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको स्थापना गरिनेछ ।

(२) उपनिर्वाचन पर्यवेक्षण स्रोत केन्द्रमा पर्यवेक्षण व्यवस्थापन एकाईबाट आवश्यक जनशक्तिको व्यवस्था हुनेछ ।

(३) उपनिर्वाचन पर्यवेक्षण स्रोत केन्द्रको कार्यविवरण देहाय बमोजिम हुनेछ :-

(क) पर्यवेक्षण अनुमति तथा परिचयपत्र प्राप्त गर्ने सम्बन्धमा आयोगबाट भएको नीतिगत व्यवस्था, प्रक्रियागत व्यवस्था तथा अन्य आवश्यक सूचना तथा जानकारी पर्यवेक्षण संघ/संस्था तथा व्यक्तिलाई उपलब्ध गराउने,

(ख) पर्यवेक्षण अनुमति तथा परिचयपत्र प्रदान गर्न संघ/संस्थालाई सहजीकरण गर्ने,

(ग) आयोगको सूचना बमोजिम पर्यवेक्षण संघ/संस्था र निर्वाचन कार्यालयबाट इमेल मार्फत प्राप्त निवेदनहरू उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा पेश गर्ने,

(घ) पर्यवेक्षकलाई परिचयपत्र उपलब्ध गराउन पर्यवेक्षण संघ/संस्थाबाट पेश भएका विवरण तथा अन्य कागजातहरू उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा पेश गर्ने,

(ङ) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईसँग समन्वय गरी पर्यवेक्षकहरूलाई परिचयपत्र उपलब्ध गराउने,

(च) उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईबाट भएको निर्देशन बमोजिम निर्वाचन कार्यालय तथा पर्यवेक्षण संघ/संस्था वा व्यक्तिलाई सूचना, जानकारी तथा परिपत्रहरू समयमै पठाउने ।

२०३. **पर्यवेक्षकको कर्तव्य :** यस निर्देशिका बमोजिम उपनिर्वाचनमा पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त गरेका पर्यवेक्षकले देहाय बमोजिमको कर्तव्य पालना गर्नु पर्नेछ :-

(क) उपनिर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग उपनिर्वाचन सम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्ने,

(ख) आयोगले बनाएको पर्यवेक्षण आचारसंहिता अन्तर्गत रही उपनिर्वाचन सम्बन्धी विषयमा स्पष्ट हुने,

(ग) आयोग वा मातहतका अधिकारीहरूबाट जारी गरिएको अधिकार क्षेत्र सम्बन्धी जानकारी लिने,

(घ) उपनिर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवतजावत, संवेदनशील निर्वाचन समाग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच लगायतको पर्यवेक्षण गर्ने,

(ङ) उपनिर्वाचनसम्बन्धी प्रक्रियाको विभिन्न चरणमा दलहरूको सहभागिता रहे/नरहेको विषयमा जानकारी लिने,

(च) उपनिर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी लिने,

(छ) मतदान केन्दभित्र प्रवेश गर्दा मतदान अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने,

(ज) मतगणनास्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर मात्र प्रवेश गर्ने,

(झ) उपनिर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिने,

(ञ) पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदानप्रदान गर्ने,

(ट) निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका राखेको स्थलमा (मतदान कार्य समाप्त भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका ल्याइसके पछि) बस्न सक्ने,

(ठ) पर्यवेक्षणको क्रममा कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई कुनै मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरी मतदाताहरूलाई स्वतन्त्रतापूर्वक मतदान गर्न बाट बञ्चित गर्ने कार्य आदि भएको देखेमा सोसम्बन्धी जानकारी तुरुन्त आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत/निर्वाचन कार्यालयलाई गराउनु पर्ने ।

२०४. **पर्यवेक्षण संघ/संस्थाको कर्तव्य :** (१) अनुमति प्राप्त पर्यवेक्षण संघ/संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट अनुमति प्राप्त नगरी पर्यवेक्षण कार्य गर्नु गराउनु नहुने,

(ख) पर्यवेक्षकहरू मनोनयन गर्दा समावेशी नीतिलाई अवलम्बन गर्नु पर्ने,

(ग) आफ्नो संस्थाबाट खटाउने प्रत्येक पर्यवेक्षकको परिचयपत्र प्राप्त गर्नु पूर्व यस निर्देशिकाको अनुसूची-६५ बमोजिमको ढाँचामा सपथ गराउनु पर्ने र सम्बन्धित संस्थाले आफ्नो संस्थामार्फत खटिने पर्यवेक्षकहरूको व्यक्तिगत विवरण प्रमाणित गरी दफा २०१ बमोजिमको उपनिर्वाचन पर्यवेक्षण व्यवस्थापन एकाईमा पेश गर्नु पर्ने,

(घ) पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूलाई अनिवार्य रूपमा यस निर्देशिकाको अनुसूची-६७ मा उल्लिखित विषयमा अभिमुखीकरण वा प्रशिक्षण दिनु पर्ने,

(ङ) पर्यवेक्षक खटाउँदा उपनिर्वाचन हुने स्थानीय तहलाई समेट्ने गरी खटाउनु पर्ने,

(च) मतदान केन्द्रमा पर्यवेक्षकहरूको भिड भै मतदान अधिकृतको कार्यमा बाधा नहुने गरी पर्यवेक्षकहरू खटाउनु पर्ने,

(छ) पर्यवेक्षण कार्यमा सरकारी वा सरकारी स्वामित्व वा अर्धस्वामित्वका संघ/संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला कर्मचारी वा शिक्षकहरूलाई खटाउन नपाईने,

(ज) पर्यवेक्षकको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नपाइने,

(झ) उपनिर्वाचनसँग सम्बन्धित कानून, आवश्यक सूचना तथा आचारसंहिता सम्बन्धित पर्यवेक्षकहरूलाई उपलब्ध गराउनु पर्ने,

(ञ) पर्यवेक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित संघ/संस्था आफैंले गर्नु पर्ने,

(ट) एउटै व्यक्तिलाई एक भन्दा बढी संघ/संस्थाहरूले पर्यवेक्षकको रुपमा खटाउन नपाइने,

(ठ) कार्य समाप्त भएको एक महिनाभित्र आफ्नो आय व्यय सार्वजनिक गरी सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने,

(ड) उपनिर्वाचनको पर्यवेक्षण गर्दा देखिएका लैङ्गिक हिंसाका घटनाहरूको समेत तथ्याङ्क सङ्कलन गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(२) पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय संघ/संस्थाले मतदान कार्य समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्नेछ ।

२०५. **पर्यवेक्षण संघ/संस्थालाई प्रतिवेदन प्राप्त भएको जानकारी दिन सक्ने :** उपनिर्वाचन पर्यवेक्षण गर्ने संघ/संस्थाहरूले अन्तिम प्रतिवेदन बुझाएपछि आयोगले धन्यवादसहित त्यस्तो प्रतिवेदन प्राप्त भएको जानकारी सम्बन्धित संघ/संस्थाहरूलाई उपलव्ध गराउन सक्नेछ ।

२०६. **पर्यवेक्षण अनुमतिपत्र खारेज हुने :** उपनिर्वाचनमा पर्यवेक्षणको लागि यस निर्देशिका बमोजिम दिएको अनुमति देहायको अवस्थामा निर्वाचन अधिकृतले खारेज गर्न सक्नेछ :-

(क) आयोगबाट जारी गरिएका नियम, निर्देशिका, निर्देशनहरूको उल्लङ्घन गरेमा,

(ख) उपनिर्वाचनमा कुनै उम्मेदवार वा दलप्रति झुकाव देखिने व्यवहार प्रस्तुत गरेमा,

(ग) आयोगबाट उपनिर्वाचनमा खटिएका कर्मचारीहरूको कर्त्तव्य पालनमा कुनै व्यवधान खडा गरेमा,

(घ) उपनिर्वाचन पर्यवेक्षण सम्बन्धी आचारसंहितामा उल्लेख भएका अन्य प्रावधानहरूको उल्लङ्घन गरेमा ।

## परिच्छेद-१४
## विविध

२०७. **निविदा मतपत्र सम्बन्धी व्यवस्था :** (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिइसकेको वा मतदान गरिसकेको र आफू नै वास्तविक मतदाता हो भनी दावी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष नियमावलीको नियम ३८ को उपनियम (१) को अनुसूची-२८ बमोजिमको ढाँचामा आफ्नो परिचय खुल्ने प्रमाण संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दाबी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी गरेमा मतदान अधिकृतले दावीकर्ताको दावी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा बुझ्नु पर्नेछ । दावीकर्ताले लिखित रुपमा आफ्नो मतदाता परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत प्रमाणबाट दावीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गरी त्यस्तो व्यक्तिलाई निविदा मतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले नियमावलीको नियम ३८ को उपनियम (४) को अनुसूची-२९ बमोजिमको ढाँचामा निविदा मतपत्रको लगतमा उल्लेख गर्नु पर्नेछ र लगतमा

दावीकर्ताको सहिछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बाँयातिरको खाली ठाउँमा "निविदा मतपत्र" लेखी सो मतपत्र दावीकर्ता मतदातालाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मतपत्रमा मतदाताले मतसङ्केत गरिसकेपछि मतपेटिकाभित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(६) उपनिर्वाचनको मतगणना गर्दा उपदफा (५) बमोजिम छुट्टै खाममा राखिएका निविदा मतपत्रहरू त्यस समयमा गणना गरिने छैन । उपनिर्वाचन सम्बन्धी उजुरी पर्न आई त्यस्तो उजुरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी ठहर गरेमा सम्बन्धित अदालतले त्यस्तो निविदा मतपत्रहरू समेत गणना गर्न सक्नेछ ।

२०८. **धरौटी जफत गर्ने :** निर्वाचन अधिकृतले उपनिर्वाचनमा खसेको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारले दफा २४ बमोजिम दाखिला गरेको धरौटी जफत गर्नु पर्नेछ र सो धरौटी रकम सञ्चित कोषमा दाखिला गरी सोको बैंक भौचर श्रेस्तासाथ राख्नु पर्नेछ ।

२०९. **निर्वाचित उम्मेदवारको धरौटी जफत नहुने :** दफा २०८ मा जुनसुकै कुरा लेखिएको भए तापनि  मतदानमा जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत प्राप्त गरी निर्वाचित भएको उम्मेदवारले राखेको धरौटी जफत हुने छैन ।

२१०. **जफत नभएको धरौटी रकम फिर्ता दिने :** मनोनयनपत्र सदर नभएमा, उम्मेदवारले नाम फिर्ता लिएमा वा दफा २०९ बमोजिम धरौटी जफत नहुने भएमा त्यस्तो धरौटी रकम उपनिर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले धरौटी फिर्ता माग गरेमा निजलाई फिर्ता दिनु पर्नेछ ।

२११. **फिर्ता नलिएको धरौटी रकम सञ्चित कोषमा दाखिला गर्ने :** दफा २१० बमोजिमको म्यादभित्र धरौटी फिर्ता माग नगरेमा निर्वाचन कार्यालयले सो धरौटी रकम सञ्चित कोषमा दाखिला गरी सोको बैंक भौचर सुरक्षित राख्नु पर्नेछ ।

२१२. **नियुक्तिपत्र दिने :** मुख्य निर्वाचन अधिकृतले जिल्लाभरका मतदान केन्द्रमा मतदानको लागि खटिने मतदान अधिकृत र अन्य कर्मचारीलाई यस निर्देशिकाको अनुसूची-६९ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिनु पर्नेछ ।

२१३. **स्वयम्सेवक नियुक्त गर्ने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा सहयोग गर्न बढीमा तीन दिनको लागि पाँचसयसम्म मतदाता भएको मतदान केन्द्रको लागि दुईजना स्वयंसेवक, पाँचसय एक देखि माथि मतदाता भएको मतदान केन्द्रको लागि चारजना स्वयंसेवक नियुक्ति गरी यस निर्देशिकाको अनुसूची-७० बमोजिमको ढाँचामा नियुक्तिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको स्वयम्सेवकलाई आयोगले स्वीकृत गरेको उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ ले निर्धारण गरे बमोजिमको खाना तथा खाजा खर्च दिइनेछ ।

२१४. **मतदान सम्बन्धी कामको जानकारी गराउने :** मतदान अधिकृतले आफूसँग काम गर्ने सहायक कर्मचारी र मतदान केन्द्रमा खटिएका सुरक्षा कर्मचारीलाई निजले गर्नुपर्ने कामको सम्बन्धमा जानकारी गराउनु पर्नेछ ।

२१५. **मतदान अधिकृत अशक्त भएमा सहायक मतदान अधिकृतले काम गर्ने :** मतदान अधिकृत मतदान केन्द्रमा नै अशक्त भै मतदान कार्य सुचारु रुपले सञ्चालन गर्न असमर्थ भएको व्यहोरा सो मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मी, मतदान केन्द्रका कर्मचारी, उम्मेदवार वा निजका आधिकारिक प्रतिनिधिले यस निर्देशिकाको अनुसूची-४२ बमोजिमको ढाँचामा मुचुल्का गरेमा सहायक मतदान अधिकृतलाई बाँकी कार्य सम्पन्न गर्न मतदान अधिकृतलाई भए सरहको अधिकार हुनेछ ।

२१६. **सुरक्षा व्यवस्था :** (१) प्रत्येक मतदान केन्द्रमा सुरक्षाको व्यवस्था सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयले मिलाउनु पर्नेछ । यस सम्बन्धमा भएको व्यवस्थाको पूर्ण जानकारी लिनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतदान केन्द्रको सुरक्षा व्यवस्थाको जानकारी प्राप्त गरी सोको जानकारी सम्बन्धित मतदान अधिकृतलाई समेत दिनु पर्नेछ ।

(३) मतदान केन्द्रमा खटिएको सुरक्षा कर्मचारीले सो मतदान केन्द्र र सो मतदान केन्द्रको वरिपरीको क्षेत्रमा अशान्ति र हुलदङ्गा हुन दिनु हुँदैन । मतदान केन्द्रमा खटिएका कर्मचारी, मतदान गर्न उपस्थित भएका मतदाता, मतदानको लागि राखिएको मतपेटिका, मतपत्र र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्नु पर्नेछ । सुरक्षा कर्मचारीले उपनिर्वाचनको सिलसिलामा मतदान अधिकृतले दिएको आदेशको पालना गर्नु पर्नेछ ।

२१७. **<u>निर्वाचन प्रतिनिधिको नियुक्ति</u> :** (१) उम्मेदवारले उपनिर्वाचनको कामको लागि आफूले गर्नु पर्ने काम गर्न देहायको योग्यता पूरा गरेको नेपाली नागरिकलाई निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ :-

(क) एक्काइस वर्ष उमेर पूरा भएको,

(ख) सम्बन्धित पदको उपनिर्वाचनको लागि तयार भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) साधारण लेखपढ गर्न जानेको,

(घ) दफा २० बमोजिमको अयोग्यता नभएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(२) उम्मेदवारले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी नियमावलीको नियम ३४ को उपनियम (४) को अनुसूची-२२ बमोजिम सम्बन्धित निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(३) निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्ने,

(ख) मतदान, मतगणना वा उपनिर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवारको प्रतिनिधित्व गर्ने,

(ग) मतदान, मतगणना वा उपनिर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवारको प्रतिनिधिको रुपमा सहिछाप गर्ने,

(घ) उपनिर्वाचन स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो निर्वाचन प्रतिनिधिलाई नियमावलीको नियम ३४ को उपनियम (५) को अनुसूची-२३ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(६) ऐन, नियमावली तथा यस निर्देशिकामा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु निर्वाचन प्रतिनिधिको कर्तव्य हुनेछ ।

२१८. **मतदान प्रतिनिधिको नियुक्ति :** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उपनिर्वाचनमा मतदान सम्बन्धी काम गर्न प्रत्येक मतदान केन्द्रको लागि आफूले गर्नुपर्ने काम गर्न नियमावलीको नियम ३५ को उपनियम (१) को अनुसूची-२४ बमोजिमको ढाँचामा मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतदान प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी मतदान अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गर्दा सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र कम्तीमा साधारण लेखपढ गर्न जान्ने व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्दा एकै दलको तर्फबाट उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा एकजना मात्र र स्वतन्त्र उम्मेदवारहरूले आपसमा समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म एकजना मतदान प्रतिनिधि रहने गरी नियुक्त गर्नु पर्नेछ ।

(४) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतदान प्रतिनिधिलाई नियमावलीको नियम ३५ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(७) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतदान सम्बन्धी कार्यमा तयार गर्नु पर्ने मुचुल्कामा सहिछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ ।

२१९. **मतगणना प्रतिनिधिको नियुक्ति :** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनास्थलमा उपस्थित भई आफूले गर्नुपर्ने काम गर्न नियम ३६ को उपनियम (१) को अनुसूची-२६ बमोजिमको ढाँचामा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतगणना प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गर्दा निर्वाचन अधिकृतले तोकेको संख्यामा सम्बन्धित स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र कम्तीमा साधारण लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतगणना प्रतिनिधिलाई नियमावलीको नियम ३६ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएको मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(६) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतगणना सम्बन्धी कार्यमा तयार भएका मुचुल्कामा सहिछाप गर्नु र ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले गणनास्थलमा गर्नु पर्ने सबै काम गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

२२०. **परिचयपत्र तथा अनुमतिपत्र कायम रहने अवधि :** (१) नियमावलीको नियम ३५ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा मतदान प्रतिनिधिलाई दिएको परिचयपत्र तथा कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न नियमावलीको नियम ३७ को अनुसूची-२७ बमोजिमको ढाँचामा दिएको अनुमतिपत्र मतदान अधिकृतले मतदान कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतदान कार्य सम्पन्न नभएसम्म कायम रहनेछ ।

(२) नियमावलीको नियम ३६ को उपनियम (४) को अनुसूची-२५ बमोजिमको ढाँचामा मतगणना प्रतिनिधिलाई दिएको परिचयपत्र तथा निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कामको प्रयोजनको लागि कुनै

व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिएको नियमावलीको नियम ३७ को अनुसूची-२७ बमोजिमको ढाँचाको अनुमतिपत्र निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतगणनाको कार्य समाप्त नभएसम्म कायम रहनेछ ।

२२१. **उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि उपनिर्वाचनको काम नरोकिने :** उपनिर्वाचनको कुनै काममा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन र यस्तो काम कानून बमोजिम भएको मानिनेछ ।

२२२. **उपनिर्वाचन सम्बन्धी प्रतिवेदन तयार गरी आयोगमा पठाउने :** (१) मुख्य निर्वाचन अधिकृतले उपनिर्वाचन परिणामको घोषणा गरेपछि त्यसको प्रतिवेदन तयार गरी आयोग समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका कुराहरू सिलसिलेवार रुपमा खुलाउनु पर्नेछ :-

(क) मतदाता सङ्ख्या,

(ख) उम्मेदवारको विवरण,

(ग) खसेको मत र सदर बदर मत, उम्मेदवारले प्राप्त गरेको मत,

(घ) निर्वाचित उम्मेदवारको विवरण,

(ङ) उपनिर्वाचनमा खटिएका कर्मचारीको विवरण,

(च) उपनिर्वाचनमा भएको खर्च विवरण,

(छ) उपनिर्वाचनलाई अझ बढी स्वच्छ, निष्पक्ष एवम् पारदर्शी बनाउन निर्वाचन अधिकृतले प्रतिवेदनमा उल्लेख गर्न आवश्यक ठानेका विषय,

(ज) आयोगले तोके बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जिल्लाकाा एक भन्दा बढी स्थानीय तहमा उपनिर्वाचन भएकोमा सम्बन्धित निर्वाचन अधिकृतले त्यस्तो प्रतिवेदन तयारगरी मुख्य निर्वाचन अधिकृत समक्ष पठाउनु पर्नेछ र मुख्य निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाका अन्य निर्वाचन अधिकृतबाट प्राप्त भएका प्रतिवेदन समेतका आधारमा

जिल्लाभित्र उपनिर्वाचन भएका स्थानीय तहको विवरण समावेश गरिएको एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पठाउनु पर्नेछ ।

२२३. **उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने :** (१) उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर उपनिर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत आयोग समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजुरी र तत्सम्बन्धी कागजात यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी र तत्सम्बन्धी कागजात प्राप्त भएपछि आयोगले चाहेमा सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) आयोगले यस दफा बमोजिम प्राप्त उजुरी र संलग्न कागजात उपर आवश्यक जाँचबुझ गरी उपदफा (३) बमोजिम निर्वाचन अधिकृतबाट आफू समक्ष उजुरी प्राप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(६) यस दफा बमोजिम आयोगले उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै उम्मेदवारको अयोग्यताका सम्बन्धमा यस दफा बमोजिम निर्णय गरी नसकेको कारणबाट मात्र त्यस्तो उपनिर्वाचनको काम कारबाहीमा कुनै असर पर्ने छैन ।

२२४. **अयोग्यता सम्बन्धी उजुरी :** ऐन तथा नियमावली बमोजिम निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले उपनिर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र

आफैले वा वारिसमार्फत सम्बन्धित प्रदेशको उच्च अदालतमा उजुरी दिन सक्नेछ ।

२२५. **उपनिर्वाचन सम्बन्धी कागजात हेर्न सक्ने :** (१) निर्वाचन अधिकृतले उपनिर्वाचनमा प्रयोग भएका कागजातहरू मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार हेर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरू मतगणनाको कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले पुनः सिलबन्दी गर्नु पर्नेछ ।

२२६. **उपनिर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने :** (१) उपनिर्वाचनमा प्रयोग भएका कागजातहरू मध्ये मतगणनाको प्रयोजनको लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सीलबन्दी खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य रुपमा राख्नु पर्नेछ ।

(२) यस दफामा उल्लिखित कागजात वा अभिलेख मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

२२७. **निर्वाचन सामग्री र कागजात विवरण बुझाउनु पर्ने :** निर्वाचन अधिकृतले उपनिर्वाचन कार्य समाप्त भएपछि उपनिर्वाचनको प्रयोजनको लागि आयोग वा निर्वाचन कार्यालयबाट बुझिलिएका निर्वाचन सामग्री र उपनिर्वाचन सम्बन्धी सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सञ्चालन सम्बन्धमा गरिएको आर्थिक कारोबारको लेखा श्रेस्ता निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई अन्तिम लेखा परीक्षणको लागि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

२२८. **गोप्य कागजात अदालतले हेर्न सक्ने :** (१) दफा २२६ बमोजिमको गोप्य कागजात प्रचलित कानून बमोजिम मुद्दा परेको अवस्थामा सम्बन्धित अदालतले मात्र खोल्न वा हेर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतको आदेशले खोली हेरिसकेपछि त्यस्तो अदालतले ती कागजात वा अभिलेख यथारुपमा सिलबन्दी गरी

राख्नु पर्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

२२९. **गोप्यता भङ्ग गर्न नहुने :** (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक उपनिर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न हुँदैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन अन्तर्गत चलेको कानूनी कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

२३०. **कानून विपरीत काम गर्न नहुने :** निर्वाचन अधिकृत, मतदान अधिकृत, उपनिर्वाचनको काममा खटिएको कुनै कर्मचारी वा व्यक्तिले यस निर्देशिका बमोजिम उपनिर्वाचनको कुनै काम गर्दा प्रचलित कानूनको विपरीत हुने गरी गर्नु हुँदैन ।

२३१. **मद्दत लिन सकिने :** (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले उपनिर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले उपनिर्वाचनको कामको सिलसिलामा कुनै पनि सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुर्‍याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२३२. **आयोगको आदेश पालना गर्नु पर्ने :** (१) उपनिर्वाचन सञ्चालन गर्नको लागि आयोगले दिएको आदेश वा निर्देशनको सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले आफ्नो कर्तव्य पालना गर्दा कुनै कुरा वा कामको सन्दर्भमा द्विविधा भएमा आयोगमा तुरुन्त सम्पर्क गरी आयोगको निर्देशन अनुसार गर्नु पर्नेछ ।

२३३. **उपनिर्वाचन प्रचार प्रसार खर्च :** (१) उपनिर्वाचनमा दल वा उम्मेदवारले यस निर्देशिकाको अनुसूची-७१ बमोजिमको हद भन्दा बढी नहुने गरी खर्च गर्नु पर्नेछ ।

(२) उम्मेदवारले उपनिर्वाचनको अवधिमा उपनिर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण नेपाल सरकारले स्वीकृत गरेको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनको लागि "उपनिर्वाचनको अवधि" भन्नाले उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि त्यस्तो उपनिर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको उपनिर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले उपनिर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र नियमावलीको नियम ४० को अनुसूची-३० बमोजिमको ढाँचामा निर्वाचन कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएको खर्चको विवरण सम्बन्धित कार्यालयले आयोगमा पठाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम उपनिर्वाचन प्रचार प्रसार खर्चको विवरण तोकिएको समयभित्र नबुझाउने दल वा उम्मेदवारलाई आयोगले निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम जरिवाना गर्न सक्नेछ ।

२३४. **विभागीय कारबाही गर्न सक्ने :** (१) आयोगले उपनिर्वाचनको काममा नियुक्त गरेको, खटाएको वा तोकेको आयोगको आदेश, निर्देशन पालन गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारीले त्यस्तो काम सम्पादनको सिलसिलामा प्रचलित कानून वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लंघन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा उपनिर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी वा सुरक्षाकर्मी उपर निजको सेवा, शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका कुनै कर्मचारी वा पदाधिकारीले उपनिर्वाचनको कामको सम्बन्धमा प्रचलित कानून वा आयोगले दिएको निर्देशनको विपरीत कुनै काम कारबाही गरेमा आयोगले त्यस्तो कर्मचारी वा पदाधिकारी उपर निजको सेवा, शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो कर्मचारी वा पदाधिकारी उपर तीन महिना भित्र विभागीय कारबाही गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम गरेको विभागीय कारबाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो निर्णयउपर पुनरावेदनको म्याद पाएको वा जानकारी पाएको मितिले पैतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२३५. **नियुक्ति बदर गर्न सक्ने :** कुनै निर्वाचन अधिकृतले संविधान, कानून, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरित कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी निजलाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२३६. **दलित र अल्पसङ्ख्यक समुदायको सूची सम्बन्धी व्यवस्था :** दफा २४ को उपदफा (२) बमोजिम दलित र अल्पसङ्ख्यक समुदायको व्यक्तिलाई धरौटी छुट दिँदा यस निर्देशिकाको अनुसूची-७२ मा उल्लिखित सूचीलाई आधार मानिनेछ ।

२३७. **यस निर्देशिका बमोजिम हुने :** यस निर्देशिकामा लेखिएको कुरामा यसै निर्देशिका बमोजिम हुनेछ ।

# अनुसूची-१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

# निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारीको विवरण

(क) स्थानीय तहको प्रमुख/उपप्रमुख/अध्यक्ष/उपाध्यक्षको लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत | एक | |
| २ | सहायक निर्वाचन अधिकृत (रा.प. तृतीय श्रेणी) | एक | |
| ३ | लेखा अधिकृत वा लेखापाल | एक | |
| ४ | सहायक कर्मचारी (रा.प.अनं० | एक | |
| ५ | कम्प्युटर अपरेटर | एक | |
| ६ | सवारी चालक | एक | |
| ७ | सहयोगी कर्मचारी | दुई | |
| ८ | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक | |

(ख) स्थानीय तहको वडाध्यक्षको लागि

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचन अधिकृत | एक | |
| २ | लेखा अधिकृत वा लेखापाल | एक | |
| ३ | सहायक कर्मचारी (रा.प.अनं) | एक | |
| ४ | कम्प्युटर अपरेटर | एक | |
| ५ | सवारी चालक | एक | |
| ६ | सहयोगी कर्मचारी | एक | |
| ७ | सुरक्षा गार्ड (पि.एस.ओ.) | एक | |

## अनुसूची-२
## (दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## मतदाता नामावली उतार गरी पाउन दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृतको कार्यालय,

.......................................।

विषय : मतदाता नामावली उतार गरी पाउँ ।

............ जिल्ला ............ गाउँपालिका/नगरपालिकाको उपनिर्वाचनमा ...................................... पदमा उम्मेदवार हुन चाहेको र सो प्रयोजनको लागि मतदाता नामावलीको उतार लिन आवश्यक भएको र मेरो नाम ................................. गाउँपालिका/नगरपालिकाको वडा नं. ........... को मतदाता नामावलीमा रहेकोले मतदाता नामावलीको उतार गरी पाउन यो निवेदन पेश गरेको छु ।

निवेदकको,-

दस्तखत :

नाम, थरः

ठेगाना :

नागरिकता नं :

पिता/माताको नाम :

पति/पत्नीको नाम :

मतदाता नम्बर :

सम्पर्क मोबाइल/फोन नं.:

**अनुसूची-३**
**(दफा १४ को उपदफा (४) सँग सम्बन्धित)**

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
..................... जिल्ला
........................... गाउँपालिका/नगरपालिका

<u>मतदाता नामावलीको उतार</u>

.............. जिल्लाको .............. गाउँपालिका/नगरपालिकाको उपनिर्वाचनको लागि श्री ............................................ ले आफू मतदाता भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी दिनु भएको निवेदनको सम्बन्धमा ........................... जिल्लाको स्थानीय तह ...... को मतदाता नामावली हेर्दा निजको नाम ................................ गाउँपालिका/नगरपालिकाको वडा नं. ............ को मतदाता नामावलीमा निम्न बमोजिम समावेश भएको व्यहोरा प्रमाणित गर्दछु ।

<u>मतदाताको विवरण</u>

१. मतदाता नामावली :- साल
२. मतदाता नम्बर :-
३. मतदाताको नाम, थर :-
४. पिता/माताको नाम :-
५. पति/पत्नीको नाम, थर :-
६. उमेर :- वर्ष :-
७. लिङ्ग :- पुरुष/महिला/अन्य
८. कैफियत :-

<u>प्रमाणित गर्ने अधिकारीको</u>,-

मिति :- दस्तखत :-
नाम, थर :-
दर्जा :-

# अनुसूची-४
## (दफा १८ सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
..................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

निर्वाचन कार्यक्रमको सूचना

.......................... जिल्लाको ...................... गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदको उपनिर्वाचन प्रयोजनको लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५ को उपदफा (१) अनुसार निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

| क्रम संख्या | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| २ | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने | | | | | | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने | | | | | | |
| ४ | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |
| ६ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| ९ | मतदान गर्ने | | | | | | |

मिति : ..........................

समय :- निर्वाचन अधिकृत

## अनुसूची-५
## (दफा १८ सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.......................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरेको मुचुल्का

स्थानीय तहको उपनिर्वाचनको लागि निर्वाचन कार्यक्रमको सूचना आज मिति ......................... को दिन ........... बजे हामी तपसील बमोजिमका मानिसहरूको रोहबरमा निर्वाचन अधिकृतको कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गरेको ठीक साँचो हो भनी मुचुल्कामा सहिछाप गरिदियौं ।

तपसील

१. ..... जिल्ला ....... गाउँपालिका/न.पा. वडा नं. ...... गाउँ/टोल ....... बस्ने वर्ष ...... को श्री ....................... .............(सहीछाप)

२. ..... जिल्ला ....... गाउँपालिका/न.पा. वडा नं. ...... गाउँ/टोल ....... बस्ने वर्ष ...... को श्री ....................... .............(सहीछाप)

३. ..... जिल्ला ....... गाउँपालिका/न.पा. वडा नं. ...... गाउँ/टोल ....... बस्ने वर्ष ...... को श्री ....................... .............(सहीछाप)

मुचुल्का तयार गर्ने कर्मचारीको,-

दस्तखत :-

नाम, थर :-

दर्जा :-

मिति :-

**अनुसूची-६**
**(दफा २६ सँग सम्बन्धित)**

वारेसनामा

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
.......................... गाउँपालिका/नगरपालिका,
.......................... जिल्ला ।

............................... जिल्लाको..................... गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदको उपनिर्वाचनको लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन/जाँच गराउनको लागि श्री............................. लाई वारेस मुकरर गरेको छु ।

मिति :-

सहीछाप :-..
नाम, थर :-
ठेगाना :-.

उपर्युक्त बमोजिम वारेस हुन मन्जुर गर्दछु ।

सहीछाप :-
नाम, थर :-
ठेगाना :-
मिति :-

उपर्युक्त बमोजिम वारेसनामा मेरो समक्ष दाखिला भएको हो ।

.......................
निर्वाचन अधिकृत

मिति :-
समय :-
स्थान :-

**अनुसूची-७**
**(दफा २८ को उपदफा (३) सँग सम्बन्धित)**

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
........................ जिल्ला
........................ गाउँपालिका/नगरपालिका

<u>मनोनयनपत्रमा रीत नपुगेको सूचना</u>

श्री ....................................
.........................................
...................................... ।

.............................. जिल्लाको.................... गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदको उम्मेदवार हुनका लागि श्री ........................... लाई प्रस्ताव गरी यस कार्यालयमा आज मिति ............................ का दिन ......... बजे प्रस्तावक स्वयं/उम्मेदवार/मनोनीत उम्मेदवारको प्रतिनिधि श्री ............................ ले निर्वाचन अधिकृत समक्ष प्रस्तुत गरेको मनोनयनपत्रमा निम्नलिखित कुराको रीत नपुगेकोमा तपाईले सो रीत नपुगेको व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहनु भएकोले उक्त व्यहोरा मनोनयनपत्रमा जनाई क्रमसङ्ख्या ............. मा दर्ता गरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १९ को उपदफा (३) बमोजिम यो सूचना दिएको छु ।

रीत नपुगेको व्यहोरा
..................................................................................................
..................................................................................................
..................................................................................................
.............................................................................................. ।

मिति :- ......................
समय :- निर्वाचन अधिकृत

**अनुसूची-८**
**(दफा २८ को उपदफा (४) सँग सम्बन्धित)**

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.......................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

## मनोनयनपत्र दर्ता किताब

उम्मेदवारी दिएको पद :-

| सि.नं. | मनोनयन पत्र दर्ता नं | मनोनयन गर्ने राजनीतिक दल/स्वतन्त्र | मनोनीत उम्मेदवारको विवरण | | | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूरा नाम | उमेर | मतदाता नं. | ठेगाना | उम्मेदवारी दिएको पद | पूरा नाम | मतदाता नं. | ठेगाना | पूरा नाम | मतदाता नं. | ठेगाना |
| | | | | | | | | | | | | | |

कार्यालयको छाप

प्रमाणित गर्ने कर्मचारीको दस्तखत :-
नाम, थर :-
दर्जा :-
मिति :-

## अनुसूची-९
## (दफा ३१ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.......................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

उम्मेदवारको विरोधमा दिएको उजुरी दर्ता किताब

| उजुरी दर्ता नं. | दर्ता मिति | विपक्षी उम्मेदवारको | | | | उजुरी गर्ने उम्मेदवारको | | | | उजुरी दर्ता गर्ने व्यक्तिको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | ठेगाना | मनोनयन पत्र दर्ता नं. | उम्मेदवारी दिएको पद | नाम, थर | ठेगाना | मनोनयन पत्र दर्ता नं. | उम्मेदवारी दिएको पद | | |
| | | | | | | | | | | | |

कार्यालयको छाप

प्रमाणित गर्ने कर्मचारीको,-
दस्तखत :-
नाम, थर :-
दर्जा :-
मिति :-

## अनुसूची-१०
## (दफा ३१ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

........................... जिल्ला

........................... गाउँपालिका/नगरपालिका

<u>उम्मेदवारको विरोधमा उजुरी दर्ताको भरपाई</u>

..................... जिल्लाको ................................. गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदमा उम्मेदवार हुन मनोनयनपत्र दर्ता भएका श्री ........................... को विरोधमा मनोनयनपत्र दर्ता गराएका उम्मेदवार/उम्मेदवारको प्रतिनिधि श्री ............................. ले दिएको उजुरी आज मिति ......................... का दिन ........... बजे यस कार्यालयमा क्रमसङ्ख्या ............. मा दर्ता गरी यो भरपाई दिइएको छ ।

मिति :-

.......................

निर्वाचन अधिकृत

**अनुसूची-११**
**(दफा ३१ को उपदफा (४) सँग सम्बन्धित)**

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.......................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

<u>मनोनयन दर्ता भएका उम्मेदवारको विरोध सम्बन्धी उजुरी दर्ताको सूची</u>

यस कार्यालयमा स्थानीय तह उपनिर्वाचनको लागि उम्मेदवार मनोनयन भई मनोनयनपत्र दर्ता भएको निम्न बमोजिमका व्यक्ति/व्यक्तिहरूको विरोधमा निम्न बमोजिम उजुरी दर्ता भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित पक्षहरूले आ-आफ्नो सबुद प्रमाण साथ मिति ...................... को दिन ...... बजे निर्वाचन अधिकृतको कार्यालयमा अनिवार्य रुपमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क.सं. | उजुरी दर्ता नं. | उजुरीकर्ताको विवरण | | | | उजुरीको व्यहोरा | विपक्षी उम्मेदवारको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | ठेगाना | मनोनयनपत्र दर्ता नम्बर | उम्मेदवारी दिएको पद | | नाम, थर | ठेगाना | मनोनयनपत्र दर्ता नम्बर | उम्मेदवारी दिएको पद |
| | | | | | | | | | | |

मिति :-                                                ......................

समय :-                                                निर्वाचन अधिकृत

## अनुसूची-१२
## (दफा ३३ को उपदफा (७) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
............................ जिल्ला
............................गाउँपालिका/नगरपालिका

## मनोनयनपत्रको जाँच स्थगित गरेको सूचना

................................ जिल्लाको...................... गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदको उपनिर्वाचनको लागि उम्मेदवार मनोनयन गरिएको मनोनयनपत्रको जाँच निम्न कारणले नसकिएकोले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २० को उपदफा (३) बमोजिम स्थगित गरिएको हुँदा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कारण :

(१) ...........................................................................................
(२) ...........................................................................................

मनोनयनपत्रको जाँच गर्ने कार्य मिति.......................... को दिन........... बजे. .............. (स्थान) मा प्रारम्भ गरिने हुँदा सो समय र स्थानमा सम्बन्धित सबै जना उपस्थिति हुन समेत जानकारी गराइएको छ ।

मिति :- ............................
समय :- निर्वाचन अधिकृत
स्थान :-

**अनुसूची-१३**
**(दफा ३९ को उपदफा (३) सँग सम्बन्धित)**

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.......................... जिल्ला
.......................... गाउँपालिका/नगरपालिका

## नाम फिर्ता लिएको निवेदन दर्ता किताब

| दर्ता नं. | नाम फिर्ता लिने उम्मेदवारको | | | | | निवेदन दर्ता गर्ने व्यक्ति को सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | उम्मेदवारी दिएको पद | मतदाता नं. | मनोनयनपत्र को दर्ता नं. | | |
| | | | | | | | |

प्रमाणित गर्ने व्यक्तिको,-

कार्यालयको छाप

दस्तखत :-
नाम, थर :-
दर्जा :-
मिति :-

**अनुसूची-१४**
**(दफा ३९ को उपदफा (३) सँग सम्बन्धित)**

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

........................... जिल्ला

........................... गाउँपालिका/नगरपालिका

**<u>नाम फिर्ता लिएको सूचना दर्ताको निस्सा</u>**

.................. जिल्लाको ................................ गाउँपालिका/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा नं. ...... को वडा अध्यक्ष पदमा उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका श्री ................................ का तर्फबाट निज/निजको प्रतिनिधि श्री ............................. ले नाम फिर्ता लिएको सूचना आज मिति .............................. का दिन ...... बजे यस कार्यालयमा क्रमसङ्ख्या .............. मा दर्ता भएकोले सो को निस्सा दिइएको छ ।

मिति :-

.......................
निर्वाचन अधिकृत

**अनुसूची-१५**
**(दफा ४१ को उपदफा (२) सँग सम्बन्धित)**

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

.......................... जिल्ला

.......................... गाउँपालिका/नगरपालिका

## उम्मेदवारको नाम हटाइएको सूचना

